# नारीअस्तित्व र इन्दिरा प्रसाईका उपन्यास

(समालोचना)

नइ प्रकाशन

२०५२

# नारीअस्तित्व
# र
# इन्दिरा प्रसाईका उपन्यास

डा.अम्बिका अर्याल

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५
मोबाइल : ९८५१०१६८९९, ९८४१२२४५९३
Email : nai.com.np@gmail.com
website : www.nai.com.np
शुद्धाशुद्धि : लवप्रसाद भण्डारी
कम्प्युटर : आयुष्मान शाक्य
आवरण सज्जा : रमेश पौडेल
मुद्रक : ऋचा अफसेट प्रेस
नइ कृतिमाला : १८०
मोल : दुई सय पचास रुपियाँ
प्रथम संस्करण : २०८१ (2024)
© सुरक्षित, २०८१ साल (2024)

ISBN : 978-9937-786-15-7
**NARI ASTITWA RA INDIRA PRASAI KA UPANYAS**
(Critiques by Dr. Ambika Aryal)

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । यस संस्थाले २०५५ साल वैशाख १७ गते विधिवत् रूपमा सरकारी मान्यता पाएको थियो । स्रष्टाद्वय नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको नाउँका अगाडिका अक्षर जोडेर नइ प्रकाशननामक साहित्यिक, सांस्कृतिक र सामाजिक संस्थाको स्थापना गरिएको हो । यो संस्था नेपाली वाङ्मयप्रेमीहरूको साझा चौतारी हो । यो संस्था 'वसुधैव कुटुम्बकम्'को आदर्शमा आबद्ध छ । यस संस्थाले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट निरन्तर प्राज्ञिक महत्त्वका विभिन्न कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन नेपाली मूल्य, मान्यता र संस्कृतिलाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवं सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर हुँदै आएको छ ।

नइ प्रकाशनको योगदानलाई मूल्याङ्कन गरेर नेपाल सरकार हुलाक सेवा विभागले नइ प्रकाशनको लोगो अङ्कित दस रुपियाँको दस लाखप्रति हुलाक टिकट र नेपाल राष्ट्र बैङ्कले दस हजारप्रति सिक्का प्रकाशनमा ल्याएर हाम्रो समग्र कार्यको उच्च कदर गरिदिएकोमा हामी थप प्रोत्साहित भएका छौँ । नेपाल राष्ट्र बैङ्कबाट नेपाली साहित्यिक संस्थाका नाउँमा धातु (क्युप्रोनिकेल) को सिक्का टकमरी भएको यो नै पहिलो अवसर भएकाले हामीलाई अरू गौरव लागेको छ ।

नइ प्रकाशन नाफाविहीन गैरराजनैतिक सामाजिक संस्था हो । यस संस्थाको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति प्रकाशनमा आएको हो ।

इन्दिरा प्रसाईको हस्ताक्षर कथा, उपन्यास र कवितामा उच्चस्तरीय छँदै छ । आख्यानका क्षेत्रमा भने उनको वर्चस्व नै देखिन्छ । यी विधाका अतिरिक्त निबन्ध र समालोचना क्षेत्रमा समेत प्रसाईको लेखनीले उचाइ समाएको छ । प्रसाईका उपन्यासमा केन्द्रित भएर डा.अम्बिका अर्यालबाट **नारीअस्तित्व र इन्दिरा प्रसाईका उपन्यास**नामक समालोचनात्मक ग्रन्थ प्रस्तुत भएको छ ।

डा.अम्बिका अर्याल समालोचना, उपन्यास, कविता र निबन्धलेखनमा चर्चित नाउँ हो । खास गरेर उनले समालोचना विधामा आफ्नो नाउँ स्थापित गरेकी छिन् । प्राध्यापन पेसाका अतिरिक्त पाठ्यपुस्तकलेखनमा पनि उनको पहिचान स्थापित भएको छ । नेपाली भाषासाहित्यमा बहुआयामिक रूपमा देखिएकी डा.अर्याल प्रखर वक्ताका रूपमा समेत परिचित छिन् ।

**नारीअस्तित्व र इन्दिरा प्रसाईका उपन्यास**नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर भएको छ ।

• *नइ प्रकाशन*

# विषयसूची


- **लेखकीय : नारीलेखन गथासो कि उन्मुक्ति मार्ग ? • ९**

**परिच्छेद : एक**

**नारीअस्तित्वसम्बन्धी अवधारणा**

१.१ विषयपरिचय • १५

१.२ नारीअस्तित्वको परिचय • १६

१.३ नारीवाद र नारीअस्तित्व • १७

१.४ अस्तित्ववादी नारीवाद र नारीअस्तित्व • १९

१.५ निष्कर्ष • २६

**परिच्छेद : दुई**

**नारीपहिचान र प्रसाईका उपन्यास**

२.१ विषयपरिचय • २८

२.२ नारीअधिकार • २९

२.३ नारीपहिचान तथा अस्तित्व • ३५

२.४ वैयक्तिक स्वतन्त्रता • ४२

२.५ यौन, प्रजनन तथा गर्भपतनप्रतिको सजगता • ५२

२.६ प्रेम, वैवाहिक सम्बन्ध तथा सम्बन्धविच्छेदप्रति सजगता • ५७

२.७ निष्कर्ष • ६५

**परिच्छेद : तीन**

**नारीप्रतिरोध र प्रसाईका उपन्यास**

३.१ विषयपरिचय • ६८

३.२ पितृसत्तानिर्मित नारीविभेदको प्रतिरोध • ६९
३.३ लैङ्गिक विभेदको प्रतिरोध • ८५
३.४ पारिवारिक तथा सामाजिक विभेदको प्रतिरोध • १००
३.५ धार्मिक तथा सांस्कृतिक विभेदको प्रतिरोध • ११०
३.६ यौनशोषणप्रतिको विद्रोह • ११६
३.७ आर्थिक एवम् राजनीतिक विभेदको प्रतिरोध • १२४
३.८ वर्गीय विभेदको प्रतिरोध • १२७
३.९ विषमलिङ्गी तथा समलैङ्गिक सम्बन्ध • १३३
३.१० निष्कर्ष • १३५

**परिच्छेद : चार**

**निष्कर्ष र मूल्याङ्कन**

४.१ निष्कर्ष • १३८
४.२ मूल्याङ्कन • १४०

- **सन्दर्भसूची** • १४२
- **इन्दिरा प्रसाई (सङ्क्षिप्त परिचय)** • १४५

# नारीलेखन गथासो कि उन्मुक्ति मार्ग ?

के नारीहरू आफ्ना गन्थन मात्रै लेख्छन् ? उनीहरू मनका गथासोलाई मात्रै अभिव्यक्ति दिने ध्येयले कलम चलाउँछन् ? नारीका लेखनमा भातभान्सा र परिवारभित्रका दुखेसोबाहेक केही आउन सक्दैन ? नारीका कलम सुसेधन्दाभित्र र मनका बहभित्र मात्रै खुम्चिन्छ ? नारीलेखनले कुनै लक्ष्य राख्दैन ? समाजपरिवर्तनका दिशामा कुनै दृष्टि दिँदैन ? नारीलेखनमाथिका अनेक आरोप र सङ्कुचित भावनाले मेरा मनमा अनेक प्रश्नहरू उब्जाएको धेरै भइसक्यो । यो आरोपका लागि आरोप मात्रै हो वा यथार्थ हो भन्ने संशयले डेरा जमाउन थालेपछि मेरो अध्ययन नारीलेखनतर्फ मोडिएको अवश्य हो । यसै क्रममा मैले धेरै नारीस्रष्टाहरूका आख्यानमा आफ्नो अध्ययनलाई केन्द्रित गरेँ । पारिजात, गीता केशरी, पद्मावती सिंह, वानीरा गिरी, शारदा शर्मा, प्रभा कैनी, नीलम कार्की निहारिका आदि नारीहरूका उपन्यासको अध्ययन तथा विश्लेषणमा केन्द्रित मेरो अध्ययन इन्दिरा प्रसाईका उपन्यासबाट पनि उम्किन सकेन । उहाँका उपन्यास केवल नारी गथासोका पोका मात्रै हुन् र ? भन्ने प्रश्न मनमा उब्जिरहेपछि हालसम्म प्रकाशित सबै उपन्यासको समीक्षा गर्ने हुटहुटी जागेपछि यो कृति तय हुन पुगेको हो ।

इन्दिरा प्रसाईका उपन्यास नारीपहिचान र अस्तित्वका पक्षधर छन् । उनका उपन्यासले वर्तमान समयका नारीले विविध क्षेत्रमा सहनुपरेका उत्पीडन तथा विभेदको खरो आलोचना गर्दछन् । शरीर

संरचनाका आधारमा निर्माण भएका लैङ्गिक विभेदका पर्खालले अधमरो बनेका नारीका आक्रोश, चेत तथा क्रान्तिलाई मुखरित गरेका उनका उपन्यास अस्तित्ववादी नारीवादी विचारधारा समकक्षी देखिन्छन् । नारीलाई अन्याका रूपमा हेरिने परिपाटीको अन्त्यको माग गर्दै पाश्चात्य मुलुकमा सिमोन द बुभाले सुरु गरेको नारीवादी अभियानका सैद्धान्तिक अवधारणासँग मेल खाने प्रसाईका विचार उनका उपन्यासमार्फत अभिव्यक्त भएका छन् । यसले नारीहरू हेपिएर, चेपिएर र दबिएर बस्ने परिपाटीको अन्त्य तथा पुरुषसमान हैसियत, पहिचान एवम् सक्षमताको पक्षधरता अँगालेको छ । तसर्थ उनका उपन्यासमा प्रस्तुत नारीवादी चेतको पहिचान गरिनु सान्दर्भिक ठहऱ्याई नेपाली समाजमा यसले दिएको योगदानको निरूपणमा यस कृतिलाई केन्द्रित गरिएको छ ।

नारीका भावना, पीडा तथा त्यसबाट मुक्तिको चाहना वास्तविक रूपमा नारीकै सिर्जनामा अभिव्यक्त हुनु स्वाभाविक हो । कतिपय पुरुष लेखकले पनि यसतर्फ ध्यान नदिएका होइनन् तर जसले वास्तविक रूपमा पीडा भोगेको छ उसैले आवाज उठाउँदा वास्तविक संवेदना पोखिने भएकाले मलाई नारीलेखक इन्दिरा प्रसाईका उपन्यासमा नारीअस्तित्वसम्बन्धी चेतनाको खोजी गर्न प्रेरित गऱ्यो । तसर्थ उनका हालसम्म प्रकाशित उपन्यासमा नारीपात्रको उपस्थिति, समाजमा नारीमाथि गरिएका सकारात्मक तथा नकारात्मक व्यवहार, नारीका हितमा उभिएका विभिन्न नारी तथा पुरुष पात्रको उपस्थिति, त्यसप्रति लेखकको टिप्पणी, समर्थन तथा विरोध एवम् नारीहरूलाई नै सक्रिय रूपमा सङ्घर्षमा उतारेर लेखकले पितृसत्तात्मक नेपाली समाजमा दिन खोजेको सन्देशको मूल्याङ्कनबाट नारीअस्तित्वप्रतिको चेतनाको पहिचान गर्ने जमर्को गरेकी छु । यसमा उही समय, परिवेश र धरातलमा उभिएर एकले सगर्व सानदार जीवन बाँचिरहँदा अर्काले मरिचझैँ खुम्चिएर अर्कैका लागि बाँचिदिनुपरेको अवस्थाको चिरफार गरी पुरुषले जस्तै स्वतन्त्र भएर, हीनताबोधमा होइन नारी हुनुको

गौरवका साथ बाँच्न प्रेरित गर्ने उद्देश्यले रचिएका प्रसाईका उपन्यासले सामाजिक सोच तथा व्यवहारमा परिवर्तनको शङ्खघोष गरेको छ ।

इन्दिरा प्रसाईका उपन्यासमा मुखरित भएका नारीअस्तित्वसम्बन्धी चेतनाको अध्ययनलाई यो रूप प्रदान गर्नमा विभिन्न व्यक्ति तथा सङ्घसंस्थाको भूमिका रहेको छ । सर्वप्रथम विश्वविद्यालय अनुदान आयोगबाट प्रसाईका उपन्यासमा केन्द्रित रहेर मैले गरेको लघु अनुसन्धान यसको धरातल हो । त्यस क्रममा यस विषयमा अध्ययन गर्ने मेरो जिज्ञासा र प्रस्तावलाई स्वीकृति दिने विश्वविद्यालय अनुदान आयोगलगायत आफ्नो अमूल्य समय दिएर आवश्यक सल्लाह, सुझाव एवम् मार्गनिर्देशन गर्ने आदरणीय गुरु प्रा.केशव सुवेदी तथा प्रा.डा.ऋषिराम शर्माप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यसलाई शोधका रूपमा मात्रै थन्काउनुभन्दा अध्ययनको क्षेत्रलाई विस्तृत गरेर पुस्तकाकार रूपमा तय गर्न उत्साह दिने र यस क्रममा थप सामग्री जुटाइदिएर मार्गनिर्देश गरिदिने सहयात्री जीवन जीवन्तप्रति आभारी छु । यस्तै मैले यस विषयमा लघु अनुसन्धान गर्दै गरेको थाहा पाएदेखि नै उत्साह थपिदिँदै प्रकाशनका लागि घचघचाउने मात्रै होइन पूर्ण जिम्मेवारी नै लिइदिनुहुने आदरणीय दाजु नरेन्द्रराज प्रसाई तथा दिज्यू इन्दिरा प्रसाईप्रति कृतज्ञ छु ।

मैले यस कृति तयार गर्ने क्रममा विभिन्न पुस्तकालयबाट आवश्यक सन्दर्भसामग्रीहरू प्राप्त गरेकी छु । यसक्रममा सहयोग पुऱ्याउनुहुने त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय कीर्तिपुर, नेपाली केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, पद्मकन्या क्याम्पस, त्रिचन्द्र क्याम्पस, रत्नराज्य क्याम्पस पुस्तकालय, मदन पुरस्कार पुस्तकालय, केशर पुस्तकालय, नेपाल भारत पुस्तकालयका सम्बद्ध व्यक्तित्वहरूप्रति आभार प्रकट गर्दछु ।

प्रस्तुत कृति तयार गर्ने क्रममा केकति काम सकियो भन्दै बारम्बार पढ्नमा प्रेरित गरिरहनुहुने तथा अलमलिएको बेला

झकझकाइरहनुहुने मेरा आदरणीय पिता नारायणबहादुर अर्याल तथा माता राधा अर्यालप्रति कृतज्ञ छु । यस्तै जीवनमा पढाइभन्दा ठूलो अरू केही नभएको भन्दै मलाई पढ्नमा प्रेरित गरिरहनुहुने दिदीहरू भगवती खनाल, चाँदनी अर्याल, बहिनी सरू अर्याल तथा अन्य आफन्त एवम् हितैषी मित्रहरूप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु । साथै नइ प्रकाशनप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

मिति : २०८०/१२/१७

**डा.अम्बिका अर्याल**
(उपप्राध्यापक)
पद्मकन्या बहुमुखी क्याम्पस

# नारीअस्तित्व र इन्दिरा प्रसाईका उपन्यास

**परिच्छेद : एक**

# नारीअस्तित्वसम्बन्धी अवधारणा

**१.१ विषयपरिचय**

नेपाली नारीस्रष्टाको साहित्यतर्फको यात्रा पुरुषका तुलनामा निकै पछि मात्र सुरु भएको हो । पुरुषलेखनको भलबाढी आइसक्दा पनि आइसल्यान्डको सर्प बन्दै र बल्लतल्ल घस्रिँदै गरेको विगतको नारीलेखनको यात्रा अहिले अकल्पनीय बनेको छ । बिस्तारै जरो गाडेर प्राणको जगेर्ना गरेको यस यात्राले एक्काइसौँ शताब्दीमा आइपुगेपछि झाँगिने र मौलिने अवसर पाएको छ । यिनैमध्येकी एक हाँगा बनेर फैलिँदै रहेकी नेपाली नारीस्रष्टा इन्दिरा प्रसाई हुन् । उनी साहित्यका विभिन्न विधामा कलम चलाउँदै आइरहेकी सक्रिय नारीस्रष्टा हुन् । उनका हालसम्म चारवटा उपन्यासहरू प्रकाशित भएका छन् । उनका उपन्यासहरूमा ‘विश्वामित्र’ (२०५५), ‘रनमाया’ (२०५८), ‘शिखा’ (२०५९), ‘उसको लोग्ने र बिरालो’ (२०६०) पर्दछन् । प्रसाईका उपन्यासमा पितृसत्तात्मक समाजमा नारीमाथि हुने गरेका दमनात्मक व्यवहार तथा विभेदका विविध परिपाटीहरूमाथि प्रश्न उठाइएको छ । नारीप्रति गरिने लैङ्गिक विभेद, दुर्व्यवहार, शोषण, दमन, हिंसा, बलात्कार आदिको विरोध एवम् स्वतन्त्र निर्णय तथा अधिकार र पहिचानको मागसम्बन्धी भाव उनका उपन्यासका केन्द्रीय कथ्य बनेका छन् ।

नारीका अधिकार र पहिचानमा केन्द्रित अवधारणा नारीअस्तित्वसम्बन्धी अवधारणा हो । नारीहरूलाई लिङ्गका आधारमा

गरिने विभेदका विरुद्धमा आवाज उठाउँदै नारीको पुरुषसमान अधिकार तथा अस्तित्व हुने दाबी गर्दै अघि बढेको नारीआन्दोलनले नारीअस्तित्वलाई केन्द्रमा राखेको छ । पाश्चात्य जगत्मा राजनीतिक एवम् सामाजिक आन्दोलनका रूपमा सुरु भएको नारीअधिकार र स्वतन्त्रता एवम् पहिचान तथा अस्तित्वको आन्दोलनले सैद्धान्तिक स्वरूप निर्माण गरी नारीवादका रूपमा स्थापित हुन पुग्यो । यसले नारीअधिकारको सुनिश्चितता, स्वतन्त्रता, नारीअस्तित्व तथा पहिचानको मुद्दालाई प्राथमिकतामा राखेर अगाडि बढिरह्यो । यस क्रममा नारीमा आएको बौद्धिक जागरण र चेतनाको लहरका स्वरूपसँगै यसका विभिन्न धारहरूको विकास भएको छ । त्यसमध्ये नारीवादको दोस्रो धारभित्र पर्ने अस्तित्ववादी नारीवाद सिमोन द बुभाको 'द सेकेन्ड सेक्स' नामक कृतिबाट औपचारिक रूपमा प्रारम्भ भएको अवधारणा हो । यसले सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, धार्मिक, साहित्यिक आदि क्षेत्रमा नारीको पक्षमा भएका विभेदजन्य क्रियाकलापको विरोध गर्दै नारीको पहिचान र अस्तित्वको वकालत गर्दछ । नारीअधिकार, स्वतन्त्र अस्तित्व र पहिचानलाई हरेक क्षेत्रमा नारीमाथि हुने दमन, विभेद र शोषणका विरुद्ध आवाज उठाउनु अस्तित्ववादी नारीवादको मूल मन्त्र हो । प्रसाईका उपन्यासमा पनि विभिन्न नारीपात्रहरूप्रति पितृसत्ताले गरेको नियन्त्रण र त्यसबाट मुक्तिका लागि नारीले गरेको सङ्घर्षलाई स्थान दिइएको छ । यी उपन्यासमा नारीको अस्तित्व रक्षाका लागि नारीमाथि हुने गरेका विभेदका विविध रूपहरूको अन्त्य हुनुपर्ने धारणा प्रस्तुत गरिएको छ । यसर्थ यस कृतिमा प्रसाईका उपन्यासमा नारीअस्तित्वप्रतिको चेतना र विभेदप्रतिको चेतनाको स्थिति के कस्तो रहेको छ भन्ने कुराको अन्वेषण गरिएको छ ।

### १.२ नारीअस्तित्वको परिचय

'नारीअस्तित्व' 'नारी' र 'अस्तित्व' गरी दुई नाम शब्दको मेलबाट बनेको समस्त शब्द हो । 'नारी'ले 'स्त्री' वा 'महिला' भन्ने

अर्थ द्योतन गर्दछ भने 'अस्तित्व'ले 'कुनै वस्तु हुनुको अवस्था वा विद्यमानता'लाई बुझाउँछ । मानिस हुनुका नाताले नारीको मानवीय अस्तित्व एकातिर छ भने पितृसत्तात्मक समाजमा नर र नारीलाई भिन्न दृष्टिले हेर्ने परिपाटीका बाबजुद नारीको पुरुषसमान अस्तित्व हुनुपर्ने नारीवादीको धारणा छ । यसर्थ मानवीय हिसाबले अस्तित्वको खोजी गर्नुका साथसाथै लैङ्गिक आधारमा समाजले निर्माण गरेको विभेदका विरुद्धमा उभिएर नारीसमानता र स्वतन्त्रताको माग गर्दै नारीपहिचान र अस्तित्वको खोजी गर्नु भन्ने दोहोरो अर्थलाई नारीअस्तित्वले वहन गरेको छ । वर्तमानमा नारीहरूको आफ्नै पहिचान र अस्तित्व रहेको सन्दर्भलाई द्योतन गर्नका लागि यस शब्दको प्रयोग हुँदै आइरहेको छ ।

## १.३ **नारीवाद र नारीअस्तित्व**

अङ्ग्रेजीको 'फेमिनिज्म' शब्दको नेपाली रूपान्तर 'नारीवाद' हो । 'फेमिनिज्म' नाम शब्द 'फेमिनिन' विशेषण शब्द र 'इज्म' प्रत्ययको मेलबाट बनेको छ । 'फेमिनिन' शब्दको अर्थ 'स्विटेवल फर वेमिन' अर्थात् 'नारीसुलभता' हो भने 'इज्म'को अर्थ 'थ्यौरी' अर्थात् 'सिद्धान्त' हो (डिक्सनरी डट कम, २०७९) । यसर्थ फेमिनिज्म शब्दको अर्थ नारीसँग सम्बन्धित सिद्धान्त वा अवधारणा भन्ने हुन्छ । यसले पुरुषसरह नारी अधिकार र अवसरको खोजी गर्दै यसको सुरक्षाप्रति प्रतिबद्धता जनाउँछ ('माइक्रोसफ्ट इन्कार्टा', सन् २००७) । यसरी फेमिनिज्मको अर्थ हरेक पक्षबाट नारीको पक्षधरतामा आधारित नारीवादी अवधारणा भन्ने हुन्छ ।

नेपालीमा 'नारी' नाम शब्दमा 'वाद' प्रत्यय लागेर 'नारीवाद' तत्सम नाम शब्दको व्युत्पत्ति भएको पाइन्छ । 'नारी' शब्दको व्युत्पत्ति 'नर' शब्दमा 'ई' प्रत्ययको मेलबाट हुन्छ । 'नर'को अर्थ पुरुष हो भने 'नारी'को अर्थ स्त्री अर्थात् महिला हो । 'वाद' शब्द 'वद्' धातुमा 'घञ्' प्रत्यय मिलेर बनेको शब्द हो जसले कुनै निश्चित

सिद्धान्तलाई बुझाउँछ (आप्टे, सन् १९६६ : ९१६) । यसर्थ नारीवाद शब्दको अर्थ स्त्रीका सन्दर्भमा बनाइएको अवधारणा वा सिद्धान्त भन्ने हुन्छ अर्थात् नारीवाद नारीमाथि हुने असमानताको विरोध र समानताको पक्षधर सिद्धान्त हो ।

शब्द प्रयोगका हिसाबले हेर्ने हो भने नारीवाद भन्ने शब्द सर्वप्रथम फ्रान्समा सन् १८७१ मा एउटा पुरुषको स्वास्थ्य परीक्षण सम्बन्धी विवरणमा उल्लेख भएको थियो । त्यसको लगत्तै अर्को वर्ष सन् १८७२ मा अलेक्जेन्डर दुमास नामका नारीवाद विरोधी लेखकले एउटा राजनीतिक पर्चामा उक्त शब्दको प्रयोग गरे । यीमध्ये नारीवाद भन्ने शब्द अघिल्लोमा पुरुषमा नारी शरीरका विशेषता देखिने क्रममा र पछिल्लोमा नारीका स्वभावमा पौरुष प्रवृत्ति देखिएका सन्दर्भमा प्रयोग भएको पाइन्छ । नारीवाद शब्दको प्रथम प्रयोगमा अलमल देखिएको छ र आज यस शब्दले जुन अर्थ वहन गरेको छ त्यो अर्थ भने त्यस शब्दले त्यस बेला प्राप्त गरेको थिएन । यो शब्द प्रयोगको प्रारम्भको अर्थगत विभ्रमको परिणामले गर्दा सन् १९७० को दशकका प्रारम्भका वर्षहरूसम्म पनि नारीवादी आन्दोलनमा सक्रिय रहेका महिलाहरूले समेत आफूलाई नारीवादी भन्दैनथे । अङ्ग्रेजी भाषामा भने नारीवाद भन्ने शब्द सन् १८९० मा स्थापित पितृसत्तात्मक विचारलाई भत्काउने, लैङ्गिक समानतामा विश्वास गर्ने र परिवर्तनशील समाजबाट लैङ्गिक दमन हटाउने भन्ने अर्थमा प्रयोग भएको देखिन्छ (सेल्डन र अन्य, सन् २००५ : १२५) । यस्तै नेपालीमा भने नारीवादलाई जनाउने पर्यायवाची शब्दका रूपमा स्त्रीवाद, महिलावादको पनि प्रयोग गरिएको पाइन्छ ।

प्राचीन समयमा नारीवादले दिने अर्थ जेजस्तो भए पनि वर्तमान समयमा भने नारीलाई पुरुषसरह हकहित दिलाएर समानता

कायम गर्नका लागि नारीका पक्षमा निर्माण गरिएको सिद्धान्तलाई नै नारीवाद भन्न सकिन्छ । यसरी नारीवाद सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक आदि हरेक क्षेत्रमा असमानताको अन्त्य खोज्दै देखा परेको त्यस्तो सिद्धान्त हो जसले हरतरहले नारीकै पक्षमा वकालत गर्दछ ।

नारीअस्तित्वसम्बन्धी अवधारणालाई नारीवादले मूल मन्त्रका रूपमा आत्मसात् गर्दै अघि बढिरहेको छ । नारीवादका जुनसुकै प्रकार तथा धारहरूमा नारीअधिकार, पहिचान र अस्तित्वका मुद्दाहरू उठ्ने गरेका छन् । तर पनि अस्तित्ववादी नारीवादले यसलाई बढी केन्द्रमा राखेर अघि बढेको छ । नारीहरूको उत्थान, अस्मिता र स्वतन्त्रतासम्बन्धी आन्दोलन, मान्यता तथा सिद्धान्तका रूपमा परिचित नारीवादी अवधारणाभित्र नारीअस्तित्वको विषय केन्द्रमा रहेको छ । अस्तित्ववादी नारीवादले नारीजीवनको स्वतन्त्र अस्तित्व र पहिचानलाई प्राथमिकतामा राखेर हेर्ने गर्दछ । यसले कुनै पनि नारी जन्मँदैमा भिन्न पहिचान र मूल्य लिएर जन्मिएको नभई पितृसत्तात्मक समाज तथा संस्कृतिले निर्माण गरेको मान्यताका कारण पुरुषका तुलनामा हीन, दमित तथा निम्न दर्जाको ठहरिएको मान्यता राख्दछ । तसर्थ नारीवादभित्र नारीअस्तित्वसम्बन्धी चिन्तन प्राथमिकतामा रहेको देखिन्छ ।

## १.४ अस्तित्ववादी नारीवाद र नारीअस्तित्व

'अस्तित्व' शब्दमा 'वाद' प्रत्यय लागेर 'अस्तित्ववाद' शब्दको व्युत्पत्ति भएको छ । 'प्रज्ञा नेपाली बृहत् शब्दकोश'का अनुसार अस्तित्ववाद जगत् वा जीवनको विसङ्गतिको बोध गर्दै व्यक्तिको स्वतन्त्र निर्णय र वरण तथा उत्तरदायित्वलाई सकार्ने अनि मनुष्य जीवनको अस्तित्वमाथि चिन्तन गर्ने र उसको जन्म, मृत्यु, कुण्ठा, सन्त्रास आदिमा सही अर्थ खोज्ने एक दार्शनिक साहित्यिक मान्यता हो ।

अस्तित्ववाद र नारीवादको मेलबाट बनेको अस्तित्ववादी नारीवाद नारीवादकै एक प्रकार हो । नारीवादी दोस्रो धारअन्तर्गत पर्ने अस्तित्ववादी नारीवादको स्थापनामा सिमोन द बुभा र उनको कृति 'द सेकेन्ड सेक्स'को प्रमुख भूमिका रहेको छ । यसले नारीलाई फरक लिङ्ग भएकै कारणले दमन, विभेद तथा नियन्त्रणमा राख्न नहुने तर्क राख्दछ । यसले नारी र पुरुष प्रकृतिका समान सिर्जना भएका प्राणी भएको दाबी गर्दछ । एकबिना अर्कोको अस्तित्व नभएको मान्दै दुवैको समान अधिकार, स्वतन्त्रता तथा मूल्यको खोजीतर्फ यसले ध्यान केन्द्रित गर्दछ । अस्तित्ववादी नारीवादले पारस्परिक सम्बन्ध, स्वतन्त्रता तथा मानव शरीरका रूपमा जिउने अनुभवसम्बन्धी अवधारणामा जोड दिन्छ । केट चोपिन, डोरिस लेसिङ, मागरेट एटवुडजस्ता उपन्यासकारका उपन्यासमा अस्तित्वादी नारीवादी चेतना पाइन्छ ।

फ्रान्सेली चिन्तक सिमोन द बुभाले 'द सेकेन्ड सेक्स' शीर्षकको पुस्तकमा पितृसत्ताका कारण महिलाहरू अधीनमा परेको र उनीहरूलाई अन्यका रूपमा हेर्ने गरिएको अवधारणा प्रस्तुत गरेकी छन् । उनले महिला जन्मँदैमा महिला नहुने तर समाजद्वारा बनाइने विचार राखेकी छन् । तसर्थ महिला निर्माण गरिएकी वा बनाइएकी हो भन्ने उनको तर्क छ । जन्मँदैमा महिलाका भूमिका निर्धारित नभएका बरु पितृसत्तात्मक समाजले महिलाको कार्यक्षेत्र तथा भूमिकाका साथै मूल्यको समेत निश्चित घेरा निर्माण गरेको उनको आरोप छ । नारीहरू पितृसत्तात्मक संरचनाका कारण पुरुष भिन्न र निम्न दर्जाका ठहरिएका मात्र छैनन्, यसले नारीको वैयक्तिक स्वतन्त्रतामाथि नै लगाम लगाएको छ भन्ने उनको तर्क छ । उनको यस किसिमको अवधारणाको निर्माणमा अस्तित्ववादी चिन्तक जा पाल सार्त्र तथा मोरिस मर्लेउको विशेष प्रभाव रहेको देखिन्छ ।

सिमोन द बुभाले स्त्री केही गुणहरूको कमीका कारणले स्त्री बन्दछे भन्ने अरस्तुको धारणाको विरोध गरेकी छन् । उनले आफ्ना बारेमा सोच्न नसक्ने र पुरुषले आदेश दिएजस्तो मात्र बन्ने भनी समाजले महिलामाथि लगाएका आरोपको पनि खण्डन गरेकी छन् । महिलालाई पुरुषका लागि भोगका एक वस्तु मात्र ठानिने सोचको विरोध गर्दै पुरुष आत्मा, विजय, अनिवार्य, पूर्ण ठहरिँदा महिला आनुषङ्गिक, नैमित्तिक र अन्या मानिनु गलत हो भन्ने उनको मत छ (बुभा, साल ? : पृ.३) । उनले महिला र सर्वहाराका बीचमा समानान्तर रेखाहरू भए पनि सर्वहारा महिलाजस्तो सदाकालदेखि नभएको तर्क गरेकी छन् ।

उनका विचारमा पुरुषले इच्छाएको मात्र पाउने भएकाले पुरुष दाता र स्त्री ग्रहीताका रूपमा समाजमा देखा पर्दछन् । स्त्रीहरूको न कुनै अतीत छ न इतिहास । उनीहरूको न आफ्नो कुनै धर्म छ न सर्वहाराको जस्तो ठोस क्रियाकलापहरूको एक सङ्गठित जगत् नै (पृ.५) । महिला पुरुषले दिएका आर्थिक सुविधाहरूलाई उपभोग गर्दै उसैको सामाजिक स्तरसँग आफ्नो तादात्म्य स्थापित गर्दछे । पुरुष उसको आसपास कहिले पिता, कहिले दाजुभाइ, त कहिले पुत्रका रूपमा रहने हुँदा पितृसत्तात्मक समाजमा पुरुषकै घेराबन्दीमा नारीको जीवन व्यतीत हुने उनको तर्क छ ।

बुभाले कानुनले महिलालाई बराबरीको आधार दियो भने पनि सामाजिकता, नैतिकता र लोकव्यवहार नारीकै अवरोधमा आउने तथ्य अघि सारेकी छन् । उनले अन्य कुराहरू समान रहँदा पनि आर्थिक क्षेत्रमा महिला र पुरुष भिन्न हुनुका साथै पुरुषलाई राम्रो जागिर, बढी तलब एवम् सफलताका अधिक सुविधाहरू प्राप्त हुने, व्यवस्था तथा राजनीतिमा पुरुषहरूलाई बढी ओहोदा मिल्ने, महत्त्वपूर्ण पदहरूमा उनीहरूको एकाधिकार पनि रहने तर्क प्रस्तुत गरेकी छन् । यसको कारक हरेक इतिहासको निर्माता पुरुष नै रहनु हो

भन्ने उनको ठम्याइ छ (पृ.६) । उनले शारीरिक भिन्नताले महिला अन्या, गौण वा यौनजनित सोपानीकरणमा तल्लो सिँढीमा रहेकी छ भन्ने तथ्य स्थापित नगर्ने तर्क गरेकी छन् ।

सिमोन द बुभाका विचारमा स्त्री आज दोहोरो भूमिकाले प्रताडित छे । चाहे ऊ निम्न वर्गको, उच्च वर्गको कुनै पनि स्थितिमा होस्; बाहिरी कामका अतिरिक्त उसले घरको काम गर्नै पर्दछ (पृ.५५) । पुरुष आफ्नी पत्नीलाई आफ्नो व्यक्तिगत सम्पत्ति मान्दछ । ऊ आफ्नो निजी सम्पत्तिलाई अर्काको आधिपत्यमा नरहोस् भन्ने चाहन्छ भन्ने आरोपसमेत बुभाको छ ।

सिमोन द बुभाका विचारमा बच्चालाई ऊ केटा भएकाले श्रेष्ठ हो भन्ने कुरा सुरुदेखि बुझाइन्छ । उनका अनुसार केटीले आफ्नो शरीरमा कुनै कमी पाउँदिन, बरु उसले स्वयम् पूर्ण भएर पनि आफूलाई जगत्बाट केही भिन्न पाउँदछे । बाह्य परिस्थितिगत कारणले उसलाई आफ्नै नजरमा हीन बनाइदिन्छ (पृ.१२२) । केटीको जीवनमा हीनताबोधका कारण केवल पुरुष अङ्गको अभाव होइन, बरु अरू पनि प्रारम्भिक अनुभवहरूको त्यो सिलसिला हो, जुन अति लामो समयसम्म उसको जीवनलाई प्रभावित नगरीकन रहँदैन ( पृ.१२३) । सामाजिक व्यवस्था, व्यवहार तथा क्रियाकलापको प्रभाव बच्चामा पर्दै गएपछि पुरुषका तुलनामा नारीहरू कमजोर हुन् भन्ने कुराको बोध बालिकामा हुने तर्क उनको छ ।

महिलामा सुरुदेखि नै उसको स्वायत्तता र वस्तुपरकतामा एक अन्तर्सङ्घर्ष तथा अन्तर्विरोध कायम रहन्छ । उसले बाल्यकालदेखि अरूलाई खुसी पार्नका लागि आफूलाई वस्तुको रूपमा प्रतिपादित गर्न सिकेकी छे । यसका लागि उसले आफ्नो स्वायत्तताको त्याग गर्नुपर्दछ । बचपनदेखि नै ऊ स्वतन्त्रताबाट वञ्चित रहन्छे र खेलौनासरह व्यवहृत । अत: जिन्दगीमा एक दुश्चक्र जारी रहन्छ । स्थितिहरू र वस्तुहरूमाथि आफ्नो कमजोर पकड र उपकरणहरूको

कमीका कारणले ऊ आफ्नो वैयक्तिकतालाई स्थापित गर्नबाट हिचकिचाउँछे (पृ.१२५) । घरको कामकाज नगर्ने जहाँ केटालाई छुट हुन्छ, त्यहीँ केटीबाट साना भाइबहिनीहरूको देखभाल र आमाको हात बाँड्ने कुराको आशा गरिन्छ । घरमा कैद बच्चीलाई सुखद स्वतन्त्रताबाट वञ्चित गरिन्छ र बचपनको निश्चिन्तताको बदला उसलाई समयभन्दा पहिले ठूलो बनाइदिइन्छ भन्ने बुभाको तर्क छ ।

बुभाका विचारमा पुरुषको लिङ्गले जुन सामाजिक सन्दर्भमा एक विशिष्ट महत्त्व पाउँछ, त्यही सामाजिक सन्दर्भले महिलाको मासिक धर्मलाई एक अभिशाप बनाएर राखिदिन्छ । जहाँ एउटाको विकास र समृद्धि पौरुषको प्रतीक हो, त्यही नारीत्वको घटना, जुन पहिलेदेखि नै एक हीनता र घृणाको सिकार थियो, अब अझ बढी सरम, ग्लानि र धिक्कार प्रकट गर्न लाग्छ (पृ.१३५) । तसर्थ प्रजननका लागि तयार बनेका नारी र पुरुषमा समान अवस्थामा पनि असमान सोच र व्यवहारको निर्धारणमा पितृसत्ताकै प्रमुख हात रहेको देखिन्छ ।

बुभाका मतमा संसारको शासक पुरुष हो । उसको इच्छाको प्रभावशीलता उसको प्रभुत्वको प्रतीक हो । यौनक्षमतासम्पन्न पुरुषलाई मजबुत र शक्तिशाली आदि विशेषणहरूद्वारा अलङ्कृत गरिन्छ । यी गुणहरू उसको क्रियाशीलता र उत्कृष्टताको प्रतीक हुन् । स्त्री अन्या हो । व्यावहारिक सम्पर्कहरूको जगत्मा स्त्रीलाई या त अधिक कामुक या बिलकुल ठन्डी/निष्क्रिय भन्ने गरिन्छ, अर्थात् उसलाई निष्क्रिय वस्तुका रूपमा नै हेरिन्छ (पृ.१५७) । यसरी नारी र पुरुषबीचमा बनेका असमान सोच र व्यवहारले निर्माण गरेको दृष्टिकोणका कारण नारीहरू अपहेलित बन्दै गएका छन् ।

पुरुषको कामसम्बन्धी अङ्ग साधारण हुन्छ र एक औँला समान छ । त्यो देखिन्छ पनि र पुरुषले गर्व र स्पर्द्धाका साथ आफ्ना

साथीहरूलाई देखाउँछ पनि, तर स्त्रीको गुप्ताङ्ग रहस्यमय हुन्छ । उसलाई आफ्नो काम अङ्ग रहस्यमय लाग्दछ । त्यसमा श्लेष र आर्द्रता रहन्छ, हर महिना रक्तस्राव हुन्छ । ऊ शरीरको स्रावबाट दूषित हुन्छे । उसको आफ्नो रहस्य र खतरनाक जीवन हुन्छ (पृ.१६४) । यसले नारीहरू रहस्यमयी हुने आरोप लाग्ने गरेको छ । शारीरिक बनावट यस्तो बनिदिनुमा नारीको दोष नभएर त्यसलाई अर्थ्याउने र आरोप लगाउने परिपाटी नै गलत भएको दाबी बुभाको छ ।

बुभाका मतमा सामाजिक रूपले एक पुरुष बिलकुल स्वतन्त्र र पूर्ण व्यक्ति हुन्छ । पुरुषको अस्तित्व उसका कार्यहरूद्वारा निर्धारित हुन्छ, जबकि महिला प्रजनन तथा गृहस्थीको परिसीमित भूमिकाका कारण पुरुषसँग समानताको स्तरमा पुग्दिन (पृ.१८८) । विवाहपछि पुरुषको धर्म र वर्ग सब थोक महिलाले स्वीकार गर्नुपर्छ । ऊ पुरुषको परिवारमा सामेल हुन जान्छे । ऊ पुरुषकी अर्धाङ्गिनी बन्दछे ।... विवाहपछि महिलाले प्राय: निर्णायक रूपले आफ्नो अतीतका बन्धनहरूलाई तोडिदिन्छे । अब ऊ पतिको दुनियाँसँग सम्बन्धित हुन्छे र आफ्नो व्यक्तित्व, आफ्नो कौमार्य तथा जिन्दगी पनि पतिको सेवामा अर्पण गरिदिन्छे । परम्परा र समाजले उसबाट यी बन्धनहरूको निर्वाहको आशा गर्दछन्, आज्ञा दिन्छन् (पृ.१९०) । यसरी वैवाहिक जीवनपछि सम्पूर्ण रूपले नारीले पुरुषको अधीनमा बस्ने मात्र होइन उनीहरूकै निर्णय र बन्धनलाई स्विकारेर आफ्नो अस्तित्व नै भुल्ने जोखिम रहने तथ्यलाई समेत बुभाले प्रस्ट पारेकी छन् ।

बुभाले भनेझैँ सामाजिक परम्पराद्वारा स्त्रीलाई अहिले पनि यौनस्वतन्त्रता दिइएको छैन । आज पनि समाजका अधिकतम मानिसहरूको सामु स्वतन्त्र प्रेम वा विवाहिता स्त्रीको व्यभिचार एक ठूलो अपराध मानिन्छ । यदि ऊ कसैसँग प्रेम गर्न चाहन्छे भने उसले उसका साथ विवाह गर्नु जरुरी ठानिन्छ । कुमारी आमा हुनु समाजको

दृष्टिमा एक ठूलो अपराध हो र नाजायज बच्चा महिलाको जीवनको धेरै ठूलो बोझ बन्छ (पृ.१९१) । यस्तै बुभाले विवाहबाट दुई पूर्ण व्यक्तिहरूको संयोग हुनुपर्ने तथा उनीहरूको स्वतन्त्र अस्तित्व हुनुपर्ने विचार प्रस्तुत गरेकी छन् । विवाह आश्रयको रूप हुनु हुँदैन भन्ने उनको तर्क छ ।

बुभाका मतमा पितृसत्तात्मक समाजमा पुरुष यो संसारकै सत्य हो, सर्वोच्च सत्ता हो । ऊ चमत्कारपूर्ण हो, स्वामी हो, दृष्टि हो, सिकारी हो, आनन्द हो, कर्मठता हो, मोक्ष हो र उसमा सृष्टिको सर्वोपरिता मूर्त भएको छ । पुरुष नै यस दुनियाँको प्रत्येक प्रश्नको उत्तर हो (पृ.२६८) । यसका विपरीत स्त्रीमाथि अल्छी, दासी र अल्लारेपनले भरिएकी आदि आरोप लगाइन्छन् । स्त्रीलाई प्राय: घमन्डी, प्रतिक्रियात्मक र ईर्ष्यालु भनिन्छ । ऊमाथि पारस्परिकतालाई महत्त्व नदिने भन्ने आरोप लगाइन्छ ।

बुभाका विचारमा स्वाधीन स्त्री सक्रिय पनि हुन चाहन्छे, केही हासिल पनि गर्न चाहन्छे । ऊ पुरुषद्वारा आरोपित निष्क्रियताको विरोध कर्मठतासँग गर्दछे (पृ.३८३) । उनले महिलाको मुक्तिमा पुरुषको समेत मुक्ति हुने तथ्य प्रस्तुत गरेकी छन् । तर पुरुष महिला मुक्तिबाट डराउँछ र उसको अन्धो जिद्दीले महिलालाई सिक्रीमा बाँधेर राखेको छ भन्ने उनको तर्क छ ।

अस्तित्ववादी नारीवादीले नारीपुरुषका अधिकार समान हुने दुनियाँको कल्पना गर्दछ । जैविक भिन्नताका आधारमा स्त्री र पुरुषको दुई वर्गमा विभाजन तर्कसङ्गत नहुने तर्कसमेत यिनीहरूको छ । नारीपरनिर्भरताको विरोध गर्दै परजीवी नभएर आफ्नै खुट्टामा उभिनुपर्ने तर्क यसले राख्छ । बुभाका विचारमा विवाह दुई व्यक्तिहरूका बीच एक स्वतन्त्र अनुबन्ध होस्, जसलाई स्वेच्छाले तोड्न सकियोस्, समाजले स्त्रीलाई ऐच्छिक मातृत्वको हक देओस्, ताकि गर्भनिरोध एवम् गर्भपतनलाई वैध बनाउन सकियोस् तथा विवाहइतर सन्तान

नाजायज नमानिऊन् । उनीहरूको समान अधिकार होस्, आमाको काखबाट वञ्चित नगरी बच्चाहरूको भार राज्यले सम्हालोस् (पृ.३८९) । यसरी विवाह, प्रजनन, मातृत्व, नारीअधिकार, स्वतन्त्रता तथा समानताका पक्षधरतामा अस्तित्ववादी नारीवादीले नारीहरूको पहिचान र अस्तित्वको रक्षाका लागि आवाज उठाउँदै आएका छन् ।

## १.५ निष्कर्ष

नारीका पहिचान र अस्तित्वको मुद्दा नारीअधिकार, समानता तथा स्वतन्त्रतासम्बन्धी आन्दोलनको पर्याय बनेको छ । नारीका अधिकार र समानतासम्बन्धी नारालाई बिसौँ शताब्दीदेखि नै पाश्चात्य मुलुकमा सचेत ढङ्गले बुलन्द गरिएको हो । विशेष गरी पुरुषसरह मतदानको अधिकारका लागि सुरु भएको पाश्चात्य नारीआन्दोलनले राजनीतिक एवम् सामाजिक क्षेत्रमा मात्र नभएर साहित्य र समालोचनामा समेत प्रभाव जमाउँदै गएको छ । नारीका समानता तथा स्वतन्त्रताका आवाजले सैद्धान्तिक रूप धारण गरी नारीवादका रूपमा परिचित हुँदै गर्दा नेपाली साहित्य एवम् समालोचना क्षेत्रमा समेत यसको प्रभाव रह्‍यो । नेपालमा पनि नारीचेतनालाई बुलन्द गरिएका रचना र तिनका समीक्षा द्रुत गतिमा विस्तारित हुँदै गइरहेको छ । तसर्थ नारीवादले विकसित गरेका विभिन्न मोड तथा धारहरूका साझा मान्यता हुँदाहुँदै पनि फ्रान्सेली नारीवादी सिमोन द बुभाले अगि सारेको अस्तित्ववादी नारीवादले नारीपहिचान र अस्तित्वको मुद्दालाई बढी जोड दिएको छ । उनले स्थापित गरेको नारीवादी अवधारणाले नारीलाई अन्याका रूपमा हेर्ने र विभेद गर्ने पितृसत्तात्मक परिपाटीको विरोध गरी नारीअधिकार र पहिचानको लडाइँमा सचेत भएर नारीहरू नै उत्रनुपर्ने आह्वान गरेको हुनाले कुनै पनि कृतिमा प्रस्तुत भएका यस किसिमका चेतनालाई अस्तित्ववादी नारीवादी मान्यताका कोणबाट विश्लेषण गर्न सक्ने मार्ग प्रशस्त भएको देखिन्छ । नेपाली साहित्यका विविध क्षेत्रमा कलम चलाउँदै

आएकी नारीस्रष्टा इन्दिरा प्रसाईका उपन्यासले पनि नारीअधिकार र पहिचानको लडाइँमा सचेत रूपमा उत्रिएका नारीचरित्रको उपस्थितिमार्फत नारीअस्तित्वको खोजीतर्फको यात्रालाई जोड दिइएको हुनाले बुभाले भनेझैँ नारीअस्तित्वप्रतिको चेतना र नारीविभेदप्रतिको प्रतिरोधी चेतनाका माध्यमबाट नारीअस्तित्वको जगेर्नामा उपन्यासले गरेको मार्गनिर्देशनको खोजी सान्दर्भिक ठहर्छ । यसैले अस्तित्ववादी नारीवादका अवधारणाका सापेक्षमा प्रसाईका उपन्यासको विश्लेषण तथा त्यसले नेपाली समाजमा पुऱ्याएको योगदानको पहिचानका लागि बुभाका अवधारणालाई आधार मानेर कृतिको विश्लेषण तथा मूल्याङ्कन यसमा गरिएको छ ।

परिच्छेद : दुई

# नारीपहिचान र प्रसाईका उपन्यास

## २.१ विषयपरिचय

पहिचानको खोजी अहिलेको मूल नारा बनेको छ । जातीय, धार्मिक, सांस्कृतिक, भौगोलिक आदि आधारमा पहिचानका लागि दौडधुप गर्ने प्रचलन बढ्दै गएको छ । लिङ्गका आधारमा मानवमानवबीचमा गरिएको विभेदको बोध भएदेखि नै लैङ्गिक पहिचानप्रति चिन्ता, चासो तथा आन्दोलनसमेत हुँदै वर्तमानमा नारीपहिचान र अधिकारका मुद्दा व्यापक बनिसकेको छ । धेरैजसो क्षेत्रमा कानुनी रूपमा नारीहरूले आफ्नो अधिकार सुनिश्चित गरिसकेपछि व्यवहारमा अझै कार्यान्वयन नभइसकेको स्थितिमा नारीपहिचान र अस्तित्वको माग उत्तिकै बुलन्द बनिरहेको छ । यस किसिमको चेतना नारीअस्तित्वप्रतिको चेतना हो । यो अस्तित्ववादी नारीवादको मूल मन्त्र हो । यसले विविध क्षेत्रमा नारीको समान अधिकार र पहिचानको मुद्दालाई आत्मसात् गरेको छ । नारीले नारी भएकै कारणले पुरुषसमान अधिकार, सम्मान र भूमिकाबाट वञ्चित हुनुपरेको सन्दर्भको विरोध गरी हरेक तवरले नारीका पहिचान र मूल्यको खोजी गर्नु नै नारीअस्तित्वप्रतिको चेतना हो । यसअन्तर्गत नारीका अधिकारप्रतिको चेतना; पहिचानप्रतिको चेतना; वैयक्तिक स्वतन्त्रताप्रतिको चेतना; यौन, प्रजनन तथा गर्भपतनप्रतिको चेतना; प्रेम, वैवाहिक सम्बन्ध तथा सम्बन्धविच्छेदसम्बन्धी अधिकारप्रतिको

चेतना आदिलाई समेट्न सकिन्छ । यस्ता चेतना मुखरित भएका उपन्यासलाई अस्तित्ववादी नारीवादी प्रवृत्तिका उपन्यास भन्न सकिने भएकाले बुभाले उनको पुस्तकमा अघि सारेको नारीअस्तित्व र पहिचानसम्बन्धी अवधारणालाई उपन्यास विश्लेषणको मूल सैद्धान्तिक आधारका रूपमा लिई इन्दिरा प्रसाईका उपन्यासमा पाइने नारीअस्तित्वप्रतिको चेतनाको निरूपण विविध उपशीर्षकहरूमा यहाँ गरिएको छ ।

### २.२ **नारीअधिकार**

मानव सृष्टिका अपरिहार्य अङ्ग हुँदाहुँदै पनि पितृसत्ताले निर्माण गरेको नीतिनियम तथा व्यवहार नारीमैत्री देखिँदैन । यसले लिङ्गका आधारमा भिन्न हुँदैमा नारीलाई गरेका अनेक विभेद र फरक दृष्टिको पृष्ठपोषण गरेको आरोप नारीवादीहरूको छ । वास्तवमा नारीका हकहितका लागि बनेका नियम, कानुन तथा अधिकारका सम्बन्धमा जागृत चेतना नारीका अधिकारप्रतिको चेतना हो । यस किसिमको चेतना हरेक नारीवादीहरूको मूल नारा हो । विशेष गरी अस्तित्ववादी नारीवादले नारीका अधिकारप्रति सचेत बनेर नारीअस्तित्व रक्षाको अपेक्षा गर्दछ । पितृसत्तात्मक समाजमा नारीलाई अधिकारविहीन बनाइएको सन्दर्भमा नारीले त्यसप्रति सचेत हुँदै आफ्ना अधिकारका लागि आवाज उठाउनुपर्ने सुझाव अस्तित्ववादी नारीवादीको छ । अस्तित्ववादी नारीवादी सिमोन द बुभाले पितृसत्तात्मक समाजले निर्माण गरेको कानुनी मान्यताका सम्बन्धमा नारीहरू जागरुक भएको धारणा प्रस्तुत गरेकी छन् । उनले पुरुषमा नारीहरूले नियमकानुनमा लेखिएका अधिकारप्रति रुचि नलिने र ज्ञान पनि नहुने धारणा भएको सन्दर्भलाई यसरी प्रस्तुत गरेकी छन् :

> स्त्रीहरू जान्दछन् कि पुरुषहरूका नियम उनीहरूमाथि लागू छैनन् । पुरुषले यो कुरालाई मान्छ कि स्त्रीले कानुनहरूलाई देख्दिन । ऊ उसलाई गर्भपात गराउन, व्यभिचार गर्न, गलत

बाटोमा हिँड्न, धोखा दिन र झूट बोल्नका लागि प्रोत्साहित गर्दछ, जबकि उसले आफ्ना लागि यिनीहरूको विरोध गर्दछ । एक स्त्रीले अन्य स्त्रीहरूबाट चाहन्छे कि उनीहरूले आपसमा मिलेर एक आधिकारिक आचारसंहिता तयार गरून् (पृ.२६५) ।

बुभाले यस कथनमा नारीहरूले पुरुषका नियम आफूमाथि लागू नहुने धारणा राख्दै कानुन र व्यवहारलाई तुलना गरेर हेर्ने नगरेकाले पुरुषले नारीलाई गलत मार्गमा हिँडाएर उपभोग गरिरहेको आरोप लगाएकी छन् । उनले नारीहरू घरायसी कुराकानीमा भुलेर आफ्नै अधिकारका सम्बन्धमा चासो नदिने हो र नियम कानुन पुरुषकै जिम्मामा छाडेर उनीहरूको आज्ञापालक बनिरहने हो भने आफ्नो फाइदाका लागि गर्भपात गराउने, व्यभिचार गराउने, गलत बाटोमा हिँड्न प्रेरित गर्ने तथा धोखा दिन र झूट बोल्नका लागि नारीलाई प्रोत्साहित गर्ने पुरुषको प्रवृत्ति हाबी बन्ने विचार प्रस्तुत गरेकी छन् । तर पुरुषले आफ्ना लागि भने यस्ता गलत प्रवृत्ति र प्रोत्साहनको विरोध गरेको हुन्छ भन्ने उनको तर्क छ । यसर्थ नारीहरूमा आफ्नो कानुनी अधिकार र पुरुषको कुप्रवृत्तिप्रतिको सचेतना हुनुपर्ने विचारमार्फत बुभाले नारीअधिकारप्रतिको चेतनालाई प्रस्तुत गरेकी छन् । प्रसाईका उपन्यासमा बुभाले भनेझैँ नारीका केकस्ता अधिकारप्रतिको चेतनालाई प्रस्तुत गरिएको छ भन्ने कुराको विश्लेषण यहाँ गरिएको छ ।

बुभाले भनेझैँ इन्दिरा प्रसाईका उपन्यासका नारीपात्रहरू नारीअधिकारप्रति सजग छन् । प्रसाईको 'विश्वामित्र' उपन्यासकी प्रमुख नारीपात्र मेनका वैवाहिक सम्बन्धमा बनेका कानुनी व्यवस्थाका बारेमा प्रस्ट धारणा बोकेकी सचेत पात्र हो । उसले जानीजानी विवाहित विश्वामित्रसँग प्रेम गरेकी छ । तर पनि कानुनी रूपमा बहुविवाहको मुद्दामा पर्न सकिने सजगताका साथ गरेको निर्णयले उसलाई पिरोलेको छ । पहिली श्रीमती सुमित्रासँग सम्बन्धविच्छेद

गरेपछि मात्र दोस्रो विवाह गर्न पाइने कानुनी अधिकारप्रतिको चेतना मेनकासँग मात्र नभएर विश्वामित्रमा पनि भएको कुरालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : '...अदालतका चक्करमा लाग्यौँ भने एकदुई वर्ष त्यसै बित्नेछ । नेपालका कानुनमा लोग्नेले स्वास्नीलाई सजिलै पारपाचुके दिन सक्ने व्यवस्था पनि छैन । त्यसैले मेनु, हामी यस झैझन्झटमा नलागौँ' (पृ.२) । विश्वामित्रको यस कथनले बहुविवाहका सम्बन्धमा निर्मित कानुनी प्रावधानका सम्बन्धमा दुवै सजग भएको सन्दर्भलाई पुष्टि गरेको छ । विवाहित पुरुषसँग प्रेम गर्नु र अवैधानिक विवाह गर्नु मेनकाको भूल पक्का हो तर ऊ आफ्नो निर्णयका कारण भविष्यमा पर्न सक्ने समस्या तथा कदमका बारेमा सचेत भने देखिन्छे ।

बुभाको तर्कलाई नै सापटी लिने हो भने पितृसत्तात्मक समाजमा हरेक पुरुष नारीका विरोधी र असहयोगी नै हुन्छन् भन्ने हुँदैन । कतिपय पुरुषलाई पितृसत्ताले नारीमाथि गरेको विभेद मन परेको हुँदैन । तसर्थ उनीहरू नारीकै हितमा समाजको प्रवाह नगरी लागिपरिरहेका हुन्छन् भन्ने दृष्टान्त प्रसाईको 'रनमाया' उपन्यासमा भेट्न सकिन्छ । यसमा नारीको अधिकारका लागि नारी नभएर पुरुष नै सचेत भएको सन्दर्भ रनमायाको पतिका व्यवहारमा देखिन्छ । यस उपन्यासकी प्रमुख पात्र रनमायाले पितृसत्तात्मक समाजका कारण पारिवारिक एवम् सामाजिक रूपमा अपहेलित हुनुपरेको छैन । रनमायाका पतिले पितृसत्तात्मक समाजले तत्कालीन समयमा निर्माण गरेको सङ्कुचित सोचको दायराभन्दा माथि राखेर व्यवहार गरेका छन् । रनमायाले पतिबाट दमनमा परेको, अपहेलित भएको, घरायसी काममै सीमित पारेर दु:ख दिएको अनुभूति गर्नुपरेको छैन । रनमायाले मात्र होइन, उनकी आमाले समेत यस्ता समस्यामा पर्नुपरेको छैन । रनमायाकी आमा भन्छिन् : 'तिमेरका बाउले मलाई समेत कहिल्यै दु:ख गर्न दिएनन् ।

भातभान्से पनि राखिदिने गरेको तिमीहरूलाई थाहै छ' (पृ.२३) । उनको यस कथनमा पनि पुरुषले नारीमाथि गर्ने सकारात्मक व्यवहार देख्न सकिन्छ । यति मात्र होइन पतिका प्रेमले भनौँ वा पुरुषको नारीअधिकारप्रतिको चेतनाका कारणले भनौँ, यस उपन्यासका नारीपात्रहरू पारिवारिक रूपमा नै पितृसत्तात्मक सोच बोकेका पुरुषबाट दमनमा परेका छैनन् । यसले नारीको भावनालाई कदर गर्ने, कामको बोझ नथोपर्ने, स्वतन्त्र निर्णय गर्ने अधिकार सुनिश्चित गर्ने, प्रेम र सद्भाव बढाउने आदि कार्यमा पुरुष नै सहयोगी बनेका कारण नारीअधिकारको मागप्रतिको लडाइँमा नारीले सङ्घर्ष गर्नु जरुरी नभएको सन्दर्भलाई प्रस्ट पारेको छ ।

नारीअधिकारलाई ध्यान नदिने र नारीमाथि शासन जमाउन खोज्ने प्रवृत्तिको विरोध प्रसाईका उपन्यासले गरेका छन् । उनको 'शिखा' उपन्यासमा नारीलाई मान्छेको व्यवहार नै नगर्ने पितृसत्तात्मक व्यवस्थाको विरोध गरी नारीअधिकारका पक्षमा वकालत गरिएको छ । यस उपन्यासमा नारीका इच्छा, आवश्यकता र रुचिको सम्मान हुनुपर्ने, पुरुषसरह नारीले पनि मानवका हैसियतले स्वतन्त्र ढङ्गले बाँच्न पाउनुपर्ने अधिकारको माग गरिएको छ । 'उनी स्वास्नीमान्छेलाई मान्छेको दर्जामै राख्दैनन् । नारीभित्र पनि रहर, इच्छा, आवश्यकता र आकाङ्क्षासमेत हुन सक्छ भन्ने उनले सोच्न सक्नुपर्ने हो' (पृ.१७) भन्ने समाख्याताको कथनले सो कुराको पुष्टि गरेको छ । यस कथनमा पुरुषले नारीलाई तल्लो दर्जाका नागरिकको व्यवहार गर्नु गलत भएको तथ्यलाई प्रस्तुत गरिएको छ । नारीका भावना, मनोदशा एवम् आकाङ्क्षालाई मारेर अमानवीय व्यवहार गर्न नहुने तर्कलाई प्रस्तुत गरिएको यस कथनले नारीअधिकारको माग गरेको छ ।

अस्तित्ववादी नारीवादले नारी र पुरुषबीचको विभेदको विरोध गरी समान अस्तित्वको माग गर्दछ । प्रसाईको प्रस्तुत उपन्यासमा

नारी र पुरुषबीच पितृसत्ताले निर्माण गरेको विभेदको विरोध गर्दै समान अधिकार हुनुपर्ने तर्क अघि सारिएको छ । यस उपन्यासमा वैवाहिक सम्बन्धमा जोडिएका नारी र पुरुषबीचको विभेदको पराकाष्ठालाई प्रस्तुत गर्ने समाख्याताको कथन यस्तो छ :

> पुरुषको मृत्युमा नारीले आजीवन आफ्नो यौवनलाई पीडाको अग्निमा होमेर बिताउनुपर्ने, पुरुष भने पत्नीको मृत्युको भालिपल्टैदेखि अर्की पत्नीको खोजीमा अग्रसर हुने । छि... कत्ति ठूलो असमानता ! मलाई त्यसैत्यसै ग्लानि भएर आएको थियो, आफू स्वयम् नारी भएकोमा अथवा मान्छे भएकोमा पनि (पृ.७६) ।

समाख्याताको प्रस्तुत कथनमा लोग्नेको मृत्युपछि पनि विधवा नारीले मरेकै लोग्नेको यादमा यौवनलाई बली चढाएर बाँच्नुपर्ने पितृसत्तात्मक संस्कारको विरोध गरिएको छ । तर उही परिवेशमा पुरुषका लागि भने उस्तै व्यवस्था नभएको प्रति यसमा आपत्तिसमेत जनाइएको छ । स्वास्नीको मृत्युपछि तुरुन्तै अर्की केटीसँग विवाह गर्ने छुट जसरी लोग्नेलाई प्राप्त हुन्छ त्यसरी विधवा स्वास्नीले किन पाउँदैनन् भन्ने प्रश्नका माध्यमबाट यसमा नारीअधिकारको माग गरिएको छ । समान सन्दर्भमा पनि पितृसत्तात्मक सोचका कारण बनेका असमान नियमको विरोध गर्दै नारी र पुरुषको समान अधिकार र नारीहितका पक्षमा उठाइएको आवाजलाई यस उपन्यासले बुलन्द पारेको छ ।

नारीलाई सौन्दर्यको प्रशाधन बनाइने र शासन गर्ने प्रचलनको विरोध अस्तित्ववादी नारीवादको प्रमुख मुद्दा हो । प्रसाईको 'उसको लोग्ने र बिरालो' उपन्यासमा आफ्नो अधिकार रक्षाका लागि नारीले चालेको कदमलाई स्थान दिइएको छ । पितृसत्ताले निर्माण गरेका विभिन्न किसिमका बन्धनपूर्ण प्रचलनका विपरीत नारीले स्वतन्त्र ढङ्गले जीवन जिउन पाउनुपर्ने विचारलाई यसमा प्रस्तुत

गरिएको छ । दर्पणसँग वैवाहिक सम्बन्ध सुमधुर बन्न नसकेपछि नीलाले सम्बन्धविच्छेद गर्नु र स्वतन्त्र रूपमा आफ्नो जीवनसाथी चयन गर्नुले सो कुराको पुष्टि गर्दछ । 'सोकेसमा सजाएर राखिएको दाम्पत्यसम्बन्धमा मानिसहरू कसरी बाँच्न सक्छन् ? अहँ ! उसले दर्पणसँगको सम्बन्धलाई सजाएर राख्न सक्तै सकिन' (पृ.२८) भन्ने समाख्याताको कथनले नीलाको नारीअधिकारप्रतिको चेतना र स्वतन्त्र निर्णयलाई प्रस्ट पारेको छ । उसले नारी र पुरुषको मन नमिले तापनि वैवाहिक सम्बन्धमा बाँधिएकै कारणले सँगै जीवन बिताउन बाध्य पार्ने पितृसत्तात्मक व्यवस्थाको विरुद्धमा नारीको वैयक्तिक अधिकारको उपयोग गरेकी छ । उसले एकअर्काको भावनालाई नबुझ्ने मात्र होइन आफ्नो अस्तित्वको कदर हुँदैन भने त्यो सम्बन्ध दिगो नहुने सोचले दर्पणसँग मात्र हैन आभाससँग पनि टाढिएर एक्लै बस्ने निर्णय गरेकी छ । यसर्थ यस उपन्यासमा नारीलाई उचित नलागेको र नारीको अस्तित्व नै सङ्कटमा पार्ने वैवाहिक सम्बन्धलाई जीवनपर्यन्त नारीले नै टिकाइरहनुपर्छ भन्ने पितृसत्तात्मक सोचको विखण्डन गरिएको छ । यसले नारीहरूले आफ्नो जीवननिर्वाहका लागि आफैँ निर्णय गर्न पाउनुपर्ने अधिकारलाई सुनिश्चित गरेको हुनाले नीलाका क्रियाकलाप र निर्णयमार्फत यस उपन्यासमा नारीका वैयक्तिक अधिकारप्रतिको चेतनालाई प्रस्तुत गरिएको छ ।

अस्तित्ववादी नारीवादी बुभाले भनेझैँ हरेक कोणबाट नारीका अधिकारलाई सुनिश्चित र सुरक्षित गरिनुपर्ने तथ्य प्रसाईका उपन्यासमा पनि भेटिन्छन् । उनका उपन्यासमा नारीका अधिकारप्रतिको चेतनालाई पुरुष एवम् नारीपात्रकै विचार, क्रियाकलाप एवम् अनुभूतिका माध्यमबाट प्रस्तुत गरिएको छ । विशेष गरी लैङ्गिक आधारमा गरिने विभेद, दोस्रो दर्जाका नागरिकका रूपमा व्यवहृत नारी, वैवाहिक सम्बन्धपछि नारीको स्वतन्त्र निर्णयमाथिको

हस्तक्षेप, विधुरका तुलनामा विधवा नारीले सहनुपर्ने मानसिक यातना तथा दुर्व्यवहारका साथै दोस्रो विवाहका लागि पुरुषझैँ नारी स्वतन्त्र नभएको सन्दर्भ, प्रेम, विवाह तथा सम्बन्धविच्छेदका सन्दर्भमा नारीस्वतन्त्रतामाथिका बन्देज आदिको विरोध गर्दै पुरुषसमान नारीअधिकारको वकालत गरिएको हुनाले प्रसाईका उपन्यासमा नारीअधिकारप्रतिको चेतना पाइन्छ ।

## २.३ **नारीपहिचान तथा अस्तित्व**

नारी भएकै कारणले नारीअस्तित्वमाथि आइपरेका बाधा, त्यसले नारीको पहिचानमाथि पारेको प्रभाव, मानवप्राणीबीचमा पनि फरक व्यवहार र दृष्टिकोणले सिर्जना गरेको विभेद तथा दमनका विरुद्धमा आफ्नो स्वतन्त्र पहिचानका लागि जागृत चेतनाले नारीका पहिचानप्रतिको चेतनालाई द्योतन गर्दछ । अस्तित्ववादी नारीवादी सिमोन द बुभाले नारीको शरीरले उसलाई जगत्मा स्थितिग्रस्त बनाउँछ तर केवल शरीर मात्र उसलाई परिभाषित गर्नका लागि पर्याप्त छैन भन्ने विचार प्रस्तुत गरेकी छन् । उनले जीवविज्ञानले महिलाका सम्बन्धमा उठाइएका प्रश्नहरूको सम्पूर्ण उत्तर दिन नसकेको भन्दै महिला 'अन्या' किन हो ? भन्ने प्रश्न उठाएकी छन् (बुभा, साल ?, १८) । बुभाले नारीलाई अन्या मानेर विभेद गर्ने प्रवृत्तिको विरोध गरी उनीहरूलाई शरीरका आधारमा परिभाषित गरेर फरक व्यवहार गरिने परिपाटीमाथि प्रश्न गर्नुले नारीअस्तित्वबोधलाई द्योतन गरेको छ ।

बुभाले सामाजिक रूपले एक पुरुष नितान्त स्वतन्त्र र पूर्ण व्यक्ति हुने, उसको अस्तित्व उसकै कार्यहरूद्वारा निर्धारित हुने तर नारी प्रजनन तथा गृहस्थीका परिसीमित भूमिकाका कारण पुरुषसँग समानताको स्तरमा पुग्न नसकेको दाबी गरेकी छन् (पृ.१८८) । उनले नारी र पुरुषको असमान अस्तित्व र पहिचानका कारकको खोजी गरी नारीपहिचानका क्षेत्रमा नारीमा जागृत चेतनालाई प्रस्तुत

गरेकी छन् । उनले समाजनिर्मित धारणा र विभेदको जालोभित्र जेलिएकी एक नारीले स्वतन्त्र अस्तित्व र पहिचान स्थापित गर्न निकै जटिल परिस्थितिको सामना गर्नुपर्ने विचार पनि राखेकी छन् । उनका विचारमा नारी कुनै पनि स्वतन्त्र अस्तित्वलाई स्थापित गर्नमा असमर्थ छे, जसले स्वयम् संसारमा जन्म लिएर आफ्नो अस्तित्वको औचित्य सिद्ध गर्नुपर्दछ (पृ.२३७) । नारीले आफ्नो पहिचान आफैँ बनाएर आफू जन्मनु र एक स्वतन्त्र मानवप्राणी हुनुको औचित्य आफैँले सिद्ध गर्नुपर्ने बाध्यता रहेको तथ्यलाई बुभाको कथनले प्रस्ट पारेको छ :

> जसरी मानिसहरूले आफ्ना फर्निचर र डिब्बाहरूमा बन्द भोजन सुरक्षित राख्छन् त्यसै गरी उनीहरूले आफ्नो शरीरलाई सुरक्षित राख्ने चेष्टा गर्छन् । यो लगातारको सजगताले उनीहरूको जीवनलाई उनीहरूकै शत्रु बनाइदिन्छ (पृ.२५९) ।

बुभाका विचारमा स्त्री पनि संरक्षिका हुन सक्दछे । अब उसलाई घरमा सीमित राख्नु र बाहिर काम गर्न नदिनु उसको स्वतन्त्रताबाट वञ्चित गर्नु हो (पृ.३८५) । चुलो र चौकाको चार घेराभित्र सीमित गरेर मुक्तिको मार्गबाट वञ्चित गरिनु नारीको स्वतन्त्र पहिचान र अस्तित्वमाथि कुठाराघात गर्नु हो । उनले पुरुषका लागि नारी केवल मन बहलाउने साधन मात्र भएको बताएकी छन् । यसलाई उनले एक सुखद सम्पर्क र एक गौण अनावश्यक वरदान भन्दै नारीका लागि पुरुषको जीवनको अर्थ उसको अस्तित्वको औचित्य भएको बताएकी छन् । तर यस सन्दर्भमा विनिमय मूल्य समान नहुने उनको विचार छ (पृ.३८६) । धर्तीमा सृष्टिका लागि समान भूमिका लिएर जन्मेका एक प्राणी मानव हो । त्यही मानवबीचको पहिचानमा देखिएको असमानताप्रति चोटिलो प्रहार गर्दै नारीलाई अस्तित्वहीन तर उपभोग्य वस्तुका रूपमा उपभोग गर्ने परिपाटीको समेत उनले विरोध गरेकी छन् । उनको यो

अवधारणा पितृसत्तात्मक समाजमा नारीको उपभोग्य वस्तुका रूपमा परिचित पहिचानप्रतिको आक्रोश र स्वतन्त्र पहिचानप्रतिको सचेतनाको द्योतक हो ।

इन्दिरा प्रसाईको 'विश्वामित्र' उपन्यासमा नारीको पहिचानप्रति सचेत नारीपात्रको केन्द्रीय भूमिका रहेको छ । यस उपन्यासमा मेनकाले सुमित्रासँगको वैवाहिक सम्बन्धबाट असन्तुष्ट भएको विश्वामित्रसँग प्रेम र बिहे गरेकी छ । उसले बिरामी सुमित्रालाई कर्तव्यनिर्वाहका लागि भेट्न गएको विश्वामित्रसँग गुनासो गरेकी छ । 'मेनकाले मलाई कस्तो नबुझेकी हो, म उसलाई सर्वस्व प्रेम गर्छु तर सुमित्रा र उसबाट जन्मिएका सन्तानप्रति पनि त मेरो कर्तव्य छ । आखिर म नै प्रेमका लागि भौँतारिएको हुँ, उनीहरूको केही दोष थिएन' (पृ.९०) भन्दै विश्वामित्रमा जागेको सुमित्राप्रतिको कर्तव्यबोध र मेनकाप्रतिको प्रेमभावलाई यस उपन्यासमा विश्वामित्रका कथनमार्फत प्रस्ट पारिएको छ । यसले विश्वामित्रको दोहोरो मानसिकता तथा कदमका कारण निम्तिएको दुर्घटनालाई द्योतन गरेको छ । यति मात्र होइन विश्वामित्रकै गलत कदमका कारण सुमित्रा र मेनकाको जीवन दुर्घटनामा परेको स्थितिलाई पनि यसले बोध गराएको छ भने जानीजानी नारीहरूमाथि खेल्ने विश्वामित्रप्रतिको विद्रोही भाव र आशङ्कालाई मेनकामार्फत प्रस्तुत गरिएको हुनाले नारीपहिचानप्रति सचेत पात्रका रूपमा उसलाई लिन सकिन्छ ।

विश्वामित्रले आफूलाई जतिसुकै प्रेम गर्ने भाव अभिव्यक्त गरे पनि मेनकाका मनमा नारीको पहिचान सङ्कटमा परेको बोध भएको छ । उसले आफ्नो इच्छानुकुल चल्न नसकेको विश्वामित्रका कारणबाट आफू पहिचानविहीन वा बेकम्मा बनेको महसुस गरेकी छ । उसले श्रीमान्लाई पूर्ण रूपमा आफ्नो बनाउन पाए मात्र आफू हुनुको अस्तित्व वा पहिचान बाँचेको महसुस गर्दै भनेकी छ :

मलाई खण्डित विश्वामित्र चाहिँदैन, म उसको एक अंश पनि बाँड्न सक्तिनँ, अरू केही पनि होइन, मैले सिङ्गो विश्वामित्रसँग प्रेम गरेकी थिएँ र सिङ्गो विश्वामित्रसँग मात्र प्रेम गरिरहन्छु । उसको बाँडिएको प्रेम मलाई रुचिकर छैन (पृ.९४) ।

यस कथनमा मेनकाले श्रीमान्लाई अंशअंशमा बाँड्न नसक्ने बताएकी छ । आफूले सिङ्गो विश्वामित्रलाई प्रेम गरेको हुनाले बाँड्न नसक्ने तर्क उसको छ । उसले चरिरहेका भँगेरासँग तुलना गरेर आफ्नो अस्तित्वप्रति गरेको चिन्तालाई समाख्याताको '...भँगेराको अस्तित्व मेटिएजस्तै अब उसको पनि मेटिनेछ' (पृ.११८) भन्ने कथनमार्फत यस उपन्यासमा प्रस्ट पारिएको छ । यसले खण्डित विश्वामित्रका कारण आफू बिथोलिएको र आफ्नो प्रेम पनि उपहासपूर्ण एवम् अस्तित्वहीन रहेको मात्र होइन यसका कारणबाट आफू नारी हुनुको अस्तित्वसमेत गुमेको चिन्ता उसमा परेको छ । प्रेमका नाममा नारीका इच्छा र चाहनामाथि नै खेलबाड गर्ने पुरुषप्रवृत्तिको समेत यसले विरोध गरेको छ । यसर्थ यी कथनमार्फत मेनकाको नारीपहिचानप्रतिको चेतनालाई प्रस्तुत गरिएको छ ।

इन्दिरा प्रसाईको 'शिखा' उपन्यासमा नारीको पहिचानका सन्दर्भमा जागृत चेतनालाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा नारीमाथि गरिने दमनात्मक व्यवहार तथा अस्तित्वमाथि पुऱ्याइएको असरका विरोधमा नारीमा जागृत वितृष्णा भाव मुखरित भएको छ । '...जैविक दृष्टिकोणले समानताको अंश स्पष्ट पाएको अवगत गर्न सकिने मनमस्तिष्क भएपछि आफ्नो स्वत्वको हनन हुँदा अत्यन्त ग्लानि, क्षोभ र कुनै बेला विद्रोहले समेत चटपटाउन खोज्दो रहेछ' (पृ.१६) भन्ने समाख्याताको कथनले सो कुराको पुष्टि गरेको छ । यस कथनमा नारीको अस्तित्वको हनन भएको थाहा हुँदाहुँदै मस्तिष्कमा पुगेको चोटलाई लुकाएर राख्न नसकिने भाव प्रस्तुत गरिएको छ ।

पुरुष र नारीमा जैविक रूपमा समान मस्तिष्क हुँदाहुँदै नारीले दमनमा पर्नुपरेको र विभेद खेप्नुपरेको व्यावहारिक पक्षाको विरोधसम्बन्धी चेतना यसमा अभिव्यक्त भएको छ । यसरी नारीको पहिचानको सङ्कटप्रति क्षोभ, वितृष्णा र विद्रोह गर्न चाहने पात्रको प्रयोग गरी नारीको स्वतन्त्र पहिचान र अस्तित्वप्रतिको सचेतनालाई यसमा प्रस्तुत गरिएको छ ।

इन्दिरा प्रसाईको प्रस्तुत उपन्यासमा नारीहरू सन्तान उत्पादनका साधन मात्र नभएर फरक पहिचान र अस्तित्व भएकी मानवप्राणी हो भन्ने बोध पात्रले गरेका छन् । 'उनको घरगृहस्थीको चौकीदार र उनको शारीरिक आवश्यकताको पूर्ति गर्ने संयुक्त मेसिनसिवाय म केही भइनँ' (पृ.१७) भन्ने म पात्रको कथनले नारीपहिचानको चेतनालाई प्रस्ट पारेको छ । नारीलाई शारीरिक आवश्यकता पूर्ति गर्ने तथा सन्तान उत्पादनको साधनका रूपमा उपभोग गर्ने पुरुषप्रवृत्तिको विरोध गरी नारीको स्वतन्त्र पहिचानका साथसाथै पृथक् अस्तित्व रहेको चेतना यसमा पाइन्छ ।

इन्दिरा प्रसाईको 'उसको लोग्ने र बिरालो' उपन्यासमा नारीका पहिचानप्रतिको चेतनालाई प्रस्तुत गरिएको छ । यस उपन्यासको भूमिकामै उपन्यासकारले दिएको अभिव्यक्ति यस्तो छ :

> नारीपुरुष एकअर्काका आवश्यकता हुन्, यी दुवैको समागमले नै मानवको अस्तित्व अक्षुण्ण रहन सक्छ । ...दुवैले एकाअर्काको सम्मान गर्न सक्नुपर्छ । ...दुवैले एकअर्काको कदर गर्नुपर्छ । ...म सहअस्तित्व र समानताप्रति आस्थावान् छु (पृ.१३, भूमिका) ।

उपन्यासकारको यस कथनमा नारी र पुरुषको समान सहभागिता र समान अस्तित्वलाई जोड दिइएको छ । एकले अर्काको अस्तित्व र पहिचान मेटाउने नक्कली चाल चाल्न नहुने

चेतावनीका साथ दुवैले दुवैको कदर गर्नुपर्ने भावलाई यसमा प्रस्तुत गरिएको छ । यही भावबाट अभिप्रेरित भएर 'उसको लोग्ने र बिरालो' उपन्यास लेखिएको उनको कथन छ । यसर्थ नारी र पुरुषको सहअस्तित्व, समानता र समान पहिचानको ध्येयले लेखिएको यस उपन्यासमा नारीपहिचानप्रतिको सचेतना मुखरित हुन पुगेको छ ।

यस उपन्यासमा पितृसत्ताले पुरुषकै पहिचान र अस्तित्वलाई केन्द्रमा राख्ने परिपाटीको विरोध गर्दै समान पहिचानको माग गरिएको छ । यस सम्बन्धमा समाख्याताको कथन छ :

> सातओटी सौता खेपेर पनि पातिव्रत्य धर्ममा अडिग उसकी हजुरआमा र दुई जोईको साझे पोई पाएर पनि पतिपरायणा उसकी आमाको संस्कार ओढेकी नीलाले उसका आँखा छलेर रन्डीबाजी मात्रै गर्ने लोग्नेलाई पनि स्वीकार गर्न सकिन । कालान्तरमा आफ्नो इज्जत र प्रतिष्ठाका रूपमा नीलाको अस्तित्वलाई आफ्नो पूजाकोठामा राख्न खोज्ने दर्पणको संसार नीलाले नै भताभुङ्ग पारिदिई । एउटा झूट र आडम्बरपूर्ण लोग्नेस्वास्नीको सम्बन्धलाई उसले स्वीकार गर्नै सकिन (पृ.२८) ।

आमा र हजुरआमाले खेपेको पितृसत्तात्मक दमनको चरम पीडाबाट नीलामा सहनशीलताका विरुद्ध विद्रोही भाव पैदा भएको सन्दर्भलाई यस कथनले प्रस्ट पारेको छ । यसमा पातिव्रत्य धर्मका नाममा बहुविवाहको चरम उत्पीडनलाई सहन गर्ने नारीप्रवृत्तिलाई त्याग्नु र सौता घरमै नल्याए पनि रण्डीबाजीमा लागेको लोग्नेलाई अस्वीकार गर्नुले नारीको स्वतन्त्र पहिचानको खोजीतर्फको यात्रा र विद्रोहलाई द्योतन गरेको छ । नारीको अस्तित्वलाई पूजाकोठामा राख्न खोज्ने पुरुषसँगको सहयात्रालाई तोडेर स्वतन्त्र जीवनको यात्रा तय गर्ने नीला नारीपहिचानको मार्गदर्शक हो । झूटो र आडम्बरपूर्ण

सम्बन्धलाई त्यागेर लोग्नेस्वास्नीको नाता तोड्ने नीलाको निर्णय नारीपहिचानको खोजीको निर्णय हो ।

इन्दिरा प्रसाईको प्रस्तुत उपन्यासमा नारीका पहिचानप्रतिको सचेतनालाई नीलाकी छोरी स्मृतिका तर्कमार्फत पनि प्रस्तुत गरिएको छ । ऊ भन्छे :

> माम्मा ! तिमीले मलाई नचिनाएको भए ऊ मेरो बाबु हो भन्ने कुरो पनि मलाई थाहा हुने थिएन । मेरो बाबु त जो पनि हुन सक्थ्यो तर मेरी आमा तिमी मात्रै हुन सक्छचौ । मैले त बिर्सि पनि सकेँ, कोही मेरो बाबु थियो । टेस्टटचुब बेबीका रूपमा आफूलाई सम्झे भइहाल्छ नि (पृ.३५) !

जसरी नारीको पहिचानलाई पुरुषको पहिचानका अगिल्तिर छायामा पारिन्छ, त्यसरी नै आमाले नचिनाउने हो भने पिताको पहिचान पनि सङ्कटमा पर्ने तथ्यलाई यस कथनले प्रस्ट पारेको छ । स्मृतिले आफ्नो बाबु यही हो भनेर आफैँ चिन्न कहिल्यै नसक्ने तर आमाले नै चिनाइदिएको सन्दर्भलाई यहाँ प्रस्तुत गरेकी छ । आमालाई भने कसैले चिनाइरहन नपर्ने तथ्यलाई प्रस्तुत गर्दै उसले आमाका रूपमा नारीको पहिचान घामजैँ छर्लङ्ग रहेको तर पिताको पहिचान आमामार्फत मात्र खुल्ने कुरा बताएकी छ । यसले नारीपहिचानको बोध र त्यसप्रतिको चेतनालाई द्योतन गर्दछ ।

यस उपन्यासमा स्मृतिको 'तिमी किन ट्रडिसनल थोत्री आइमाई हुन्छचौ जहिले पनि ? त्यसैले दुःख पनि पाउँछचौ । मान्छे बन मान्छे । म्यान म्यान नट उमन, उमन मात्रै कहिल्यै हुनु हुँदैन' (पृ.३५) भन्ने कथनले नारी र पुरुषको विभेदबाट उठेर सर्वप्रथम सबैले मान्छे बन्ने कोसिस गर्नुपर्ने तथ्यलाई जोड दिइएको छ । यसले नारी र पुरुषको पहिचान केवल मानवका रूपमा समान ढङ्गले चिनिनुपर्ने र लैङ्गिक विभेदको साँघुरो घेराबाट एक्काइसौँ शताब्दीकी नारीले पनि बाहिर

निस्किनु जरुरी भएको सन्दर्भलाई समेत प्रस्तुत गरेको छ । यसर्थ यस उपन्यासले नारीको स्वतन्त्र पहिचानका साथसाथै मानवका रूपमा परिभाषित गरिनुपर्ने तथ्यको उद्घाटन गरेको छ ।

यसरी इन्दिरा प्रसाईका उपन्यासमा प्रेमका नाममा पुरुषले नारीमाथि गर्ने दमन, पुरुषले गर्ने बहुविवाहका कारण नारीले भोग्नुपरेका उत्पीडनका साथै नारी केवल सन्तान उत्पादन तथा मनोरञ्जनका उपभोग्य वस्तु मात्र ठानिने प्रवृत्तिका विरुद्धमा जागृत चेतनालाई स्थान दिइएको छ । यस्तै उनका उपन्यासमा लैङ्गिक विभेदको खाडलबाट उन्मुक्तिका लागि नारीमा जागृत चेतना, नारीपहिचानप्रतिको सजगताका साथै नारी र पुरुष दुवैले दुवैको समान सम्मान गर्नुपर्ने तर्कका माध्यमबाट नारीपहिचानप्रतिको चेतनालाई अभिव्यक्त गरिएको छ ।

## २.४ **वैयक्तिक स्वतन्त्रता**

अस्तित्ववादी नारीवादले नारीको व्यक्तिगत स्वतन्त्रतामा जोड दिन्छ । नारीले शिक्षा, स्वास्थ्य, रोजगार, मतदान, प्रजनन, गर्भपतन, विवाह, भ्रमण आदि क्षेत्रमा नारी भएकै कारणबाट बन्धनमा नपरी समान अधिकार पाउनुपर्ने तथा स्वतन्त्र निर्णय गर्न पाउनुपर्ने आवाज अस्तित्ववादी नारीवादले बुलन्द गर्दछ । अहस्तक्षेपी नीति र बन्धनमुक्त जीवनको अपेक्षा नारीको वैयक्तिक स्वतन्त्रताको पथप्रदर्शक हो । बुभा भन्छिन् :

> आफ्नो अस्तित्वलाई स्थापित गर्न चाहने व्यक्तिले आफ्ना प्राप्त परिस्थितिहरूबाट पर गई स्वतन्त्र परियोजनाहरूमा प्रतिबद्ध भएर नै आफूलाई पुन: फिर्ता पाउन सक्दछ । महिला पनि अन्य मानवप्राणीहरूसरह एक स्वतन्त्र एवम् स्वायत्त जीव हो, तर यही जीव यस्तो जगत्मा रहन्छ जुन उसको अतिक्रमणको क्षमतालाई मन्द बनाएर उसलाई सदाका लागि अन्तर्वर्ती अवस्थामा राख्न चाहन्छ (पृ.११) ।

बुभाको यस कथनले नारीहरू पितृसत्ताले निर्माण गरेका अनेक बन्धनबाट मुक्त हुनका लागि प्राप्त परिस्थितिबाट पर जानुपर्ने र प्रतिबद्ध भएर कदम चाल्नुपर्ने विचारलाई प्रस्तुत गरेको छ । तर नारीको स्वतन्त्र जीवन हुँदाहुँदै पनि अतिक्रमणको क्षमतालाई मन्द तुल्याउने जगत्मा निसासिएर बाँच्न विवश प्राणी भएकाले यसतर्फ सजग हुँदै वैयक्तिक स्वतन्त्रताका लागि नारीले आफैँ अगाडि बढ्नुपर्ने आग्रहसमेत बुभाको रहेको छ ।

बुभाका मतमा केटीको जीवनमा हीनताबोधका कारण केवल पुरुष अङ्गको अभाव होइन, बरु अरू पनि प्रारम्भिक अनुभवहरूको त्यो सिलसिला हो, जुन अति लामो समयसम्म उसको जीवनलाई प्रभावित नगरीकन रहँदैन (पृ.१२३) । नारीहरू पुरुष अङ्ग आफूमा नभएकै कारणले बन्धन र विभेदमा परेका नभई यसका कारकका रूपमा अन्य अनुभवका सिलसिला रहेको तथ्य बुभाले प्रस्तुत गरेकी छन् ।

बुभाका मतमा महिलामा सुरुदेखि नै उसको स्वायत्तता र वस्तुपरकतामा एक अन्तर्सङ्घर्ष तथा अन्तर्विरोध कायम रहन्छ । उसले बाल्यकालदेखि अरूलाई खुसी पार्नका लागि आफूलाई वस्तु रूपमा प्रतिपादित गर्न सिकेकी छे । यसका लागि उसले आफ्नो स्वायत्तताको त्याग गर्नुपर्दछ । बचपनदेखि नै ऊ स्वतन्त्रताबाट वञ्चित रहन्छे र खेलौनासरह व्यवहृत हुन्छे । अत: उसको जिन्दगीमा एक दुश्चक्र जारी रहन्छ । स्थितिहरू र वस्तुहरूमाथि आफ्नो कमजोर पकड र उपकरणहरूको कमीका कारणले ऊ आफ्नो वैयक्तिकतालाई स्थापित गर्नबाट हिचकिचाउँछे (पृ.१२५) । उनको यस किसिमको तर्कले नारीको वैयक्तिक स्वतन्त्रतामा हस्तक्षेप पुऱ्याउने कारकका रूपमा पितृसत्ताले निर्माण गरेको लिङ्गव्यवस्थासम्बन्धी अवधारणा, त्यसले नारीलाई खेलौनाका रूपमा गर्ने व्यवहार र त्यसबाट वस्तु रूपमा प्रतिपादित नारीमनोविज्ञान नै रहेको तथ्यलाई प्रस्ट पारेको छ ।

बुभाले प्रारम्भमा पत्नी पतिको प्रतिष्ठाबाट प्रभावित भए पनि त्यो भ्रम छिट्टै नष्ट हुने बताएकी छन् । जसरी बालकलाई उसको पिता एक साधारण मरणशील व्यक्ति हो भन्ने थाहा हुन्छ त्यसै गरी पत्नीले पनि उसको पति कुनै उच्च र महान् स्वामी नभएर साधारण मरणशील व्यक्तिका रूपमा बुझ्दछे र ऊ उसको अधीनमा रहन चाहन्न भन्ने मत बुभाको छ (पृ.२१७) । यसरी नारीमा पुरुष वा पतिका सम्बन्धमा बनेको श्रेष्ठतासम्बन्धी गलत धारणामा परिवर्तन आइसकेपछि मात्र उसको अधीनबाट मुक्त भएर वैयक्तिक स्वतन्त्रतातर्फ ध्यान केन्द्रित हुने नारीस्वभावलाई बुभाले प्रस्तुत गरेकी छन् ।

बुभाका विचारमा नारीहरूलाई बिनासुझबुझ पतिका समर्थक वा विरोधीमध्ये एक बन्नैपर्ने बाध्यात्मक परिस्थिति सिर्जना गरिनु गलत छ । नारीले पुरुषहरू सही हुन् वा गलत भनी आफैँ स्वतन्त्र निर्णय गर्न सक्ने खुबी राख्ने उनको तर्क छ । उनी भन्छिन् :

> स्त्रीहरूमाथि ती सिद्धान्तहरू र मूल्यहरू थोपर्नु अनुचित छ, जसलाई उनीहरूले आफ्ना प्रयासहरू र अनुभवहरूद्वारा बुझ्न नसकून् । उनीहरू पतिका विचारहरूसँग सहमत पनि हुन सक्दछन्, असहमत पनि । आफ्नो स्वतन्त्र चिन्तनद्वारा पत्नीले पतिका विचारहरूको न त अन्ध विरोध गर्नु आवश्यक छ र न अन्ध समर्थन । आफ्नो अस्तित्वलाई कायम राख्ने कारणहरूलाई स्त्रीले अरूबाट सापट लिन सक्दिन (पृ.२२१) ।

बुभाको यस कथनले नारीले आफ्नो अस्तित्वको जगेर्नाका लागि आफैँ जिम्मेवार भएर निर्णय लिन सक्नुपर्ने अभिप्राय राख्दछ । तर पितृसत्तात्मक समाजमा नारीले आफ्ना भविष्यका लागि आफ्ना इच्छाहरू र सुविधाहरूको बलिदान गर्नुपर्ने तर्क उनको छ (पृ.२४६) । नारीको वैयक्तिक स्वतन्त्रताको वकालत गरिरहे पनि आफ्ना इच्छा मारेर, सुविधाको बलिदान गरेर

नारीले स्वतन्त्रता नपाएको तर्कले यसप्रतिको नारीजागरणलाई नै द्योतन गरेको छ ।

बुभाले नारीमाथि अल्छी, दासी र अल्लारेपनले भरिएकी तथा तमाम विशेषताहरूले शून्य भन्ने आरोप लाग्ने गरेको बताएकी छन् । तर यी आरोपित उपमाका कारक नारीका सामु कुनै स्वतन्त्र बाटो नहुनु नै हो भन्ने उनको दाबी छ (पृ.३१०) । यसले नारीरूपी चरीलाई पितृसत्तात्मक व्यवस्थारूपी बन्द कोठामा थुनेर उड्न नसकेको आरोप लगाउने परिपाटीको प्रतिनिधित्व गरेको छ ।

बुभाले नारीले अर्थहीन आँसु बगाएर जीवन बिताउनुपरेको बाध्यात्मक परिस्थितिको समेत वर्णन गरेकी छन् । उनले नारीको निर्माण नै एक अर्थहीन विद्रोहका आधारमा भएकाले आँसु बगाउनु परेको बताएकी छन् (पृ.३१२) । आफ्ना स्वतन्त्र मान्यताहरू र विकल्पहरूको अभावका कारण स्त्री पुरुषको सामु समर्पणका लागि बाध्य भएको धारणा उनको छ (पृ.३१४) । नारीहरूले अर्थहीन विद्रोह र विकल्पको अभावमा जीवन बिताउन छाडेर स्वतन्त्रताको खोजीमा अग्रसर हुनुपर्ने उनको आग्रह छ ।

बुभाले पितृसत्तात्मक समाजमा नारीको दयनीय स्थितिको चित्रण गरेकी छन् । नारीको स्थिति पराजित हुँदा गोलीले उडाइने र विजय हुँदा पुरस्कारहरूले अलङ्कृत गरिने गुप्त एजेन्टहरूको जस्तो हुन्छ तर पुरुषको अनैतिकतालाई पनि नारीले नै सम्हाल्नुपर्दछ (पृ.३१७) । उनले एकातिर नारीले गुप्त एजेन्टले जस्तो त्राहित्राहि जीवन बिताउनुपरिरहेको भए पनि अर्कातिर पुरुषका अनैतिक कार्यलाई समेत उनैले ढाकछोप गरिदिनुपर्ने दयनीय अवस्थाको चित्रण गरेकी छन् । तर नारीले आफ्नो वैयक्तिक स्वतन्त्रताको प्रदर्शनका लागि विद्रोह नै गर्नुपर्ने उनको तर्क छ (पृ.३२६) । यसरी पुरुषका हितका लागि दोहोरो भूमिकामा उभिन बाध्य भएकी नारीले अनेक सङ्घर्ष

र विद्रोह नगरी स्वतन्त्रता नपाउने विचारलाई बुभाले प्रस्तुत गरेकी छन् ।

बुभाका अनुसार स्वतन्त्र नारी सक्रिय पनि हुन चाहन्छे र केही हासिल पनि गर्न चाहन्छे । ऊ पुरुषद्वारा आरोपित निष्क्रियताको विरोध कर्मठतासँग गर्दछे (पृ.३८३) । उनले नारीको स्वतन्त्रतामा पुरुषको पनि मुक्ति निहित भएको बताएकी छन् । तर पुरुष मुक्त हुनबाट डराउँछ र उसको अन्धो जिद्दीले महिलालाई सिक्रीमा बाँधेर राखेको छ (पृ.३८५) । नारीको स्वाधीनतासँग डराउने पुरुषले नारीलाई स्वतन्त्र हुन नदिने तर्क उनको छ ।

नारीको स्वतन्त्रतासँग केवल नारी मात्रै खुसी रहन्न । यसबाट अनेक फाइदा पुरुषलाई समेत मिल्ने बुभाको धारणा छ । उनले यदि एक स्त्रीले उर्वर स्वाधीनता पाउँछे भने पुरुषका लागि यस कुराको सुविधा हुन जान्छ कि ऊ आफ्नो लैङ्गिक जीवन एक बराबरको यस्तो स्वायत्त र प्रभावी व्यक्तिसँग बाँच्दछ, जसले परजीवीको भूमिकामा उसको शोषण गर्दिन भनेकी छन् (पृ.३६८) । यस कथनले वैयक्तिक स्वतन्त्रता पाएकी नारीको साथमा जीवन जिउने पुरुषले पनि सुखको जीवन बाँच्न सक्ने तथ्यलाई पुष्टि गर्दछ ।

इन्दिरा प्रसाईको 'विश्वामित्र' उपन्यासमा प्रेम, यौन, विवाह आदिमा नारीको वैयक्तिक स्वतन्त्रता रहेको तथ्यलाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा पुरुषसरह नारी पनि प्रेमीको चयनदेखि यौनचाहना पूर्तिका सम्बन्धमा समेत स्वतन्त्र कदम चाल्न सक्ने किसिमका पात्रको उपस्थिति गराइएको छ । आफूले प्रेमप्रस्ताव राखेको अस्विकार गर्ने सुरेन्द्रको चिठी पढेर भावुक बनेकी मेनकालाई सम्झाउने क्रममा ममता भन्छे :

> विश्वभन्दा पनि विश्वका मामाको छोरो अलि राक्षासी स्वभावको रैछ, मोराले हत्तु पाऱ्यो । हेर् न मोरी, प्रेम गर्दा

पनि कहिलेकाहीँ त अप्ठचारो पनि पो पर्छ त । म जान्छु बुझिस्, नझोक्रा है तँ त्यस्तो मोरो मधिसेका लागि । तँलाई प्रेम गर्न मन लाग्यो भन् न, म खोजिदिन्छु केटा । भन् न कस्तो चाहिन्छ गोरो, कालो, पुड्को, अग्लो, दुब्लो, मोटो भन् जस्तो भन्छेस् त्यस्तै खोजिदिन्छु (पृ.३०) ।

ममताको यस कथनमा प्रेम गर्दा कहिलेकाहीँ अप्ठचारो पर्ने सन्दर्भ मात्र हैन मेनकाले जस्तो चाह्यो उस्तै केटालाई प्रेमीका रूपमा ममताले खोजिदिन सक्ने सन्दर्भलाई पनि प्रस्तुत गरिएको छ । यसले नारीहरू एउटा प्रेमीमै निर्भर रहने मात्र होइन, चाहेअनुसारको प्रेमीको चयन गर्न र तिनीहरूसँग मोजमस्ती गर्नमा पछाडि नहट्ने स्वभावका भएको प्रस्ट पार्दछ । यसर्थ मेनका र ममताजस्ता नारीपात्रको प्रेम तथा यौनसम्बन्धमा भएको नारीस्वतन्त्रतालाई यसमा प्रस्तुत गरिएको छ ।

इन्दिरा प्रसाईको यस उपन्यासमा सुमित्राले आफ्नो पति विश्वामित्रसँग यौनचाहना पूरा गर्नका लागि चालेको कदममा नारीको स्वतन्त्र निर्णय तथा हिम्मत देख्न सकिन्छ । 'उसले पालैसँग विश्वामित्रका सबै पोसाकहरू खोलेर राखी । अब आफ्ना सम्पूर्ण पोसाकहरू पनि उसले खोली' (पृ.६०) भन्ने समाख्याताको कथनले पितृसत्तात्मक समाजमा नारीको साहसिक कदमलाई द्योतन गरेको छ । यसले नारीले चाहेको खण्डमा सहवासका लागि आफैँ आग्रह गर्न सकिने परिपाटीका माध्यमबाट नारीस्वतन्त्रता तथा लैङ्गिक समानताको बोध गराएको छ ।

यस उपन्यासमा आर्थिक हिसाबले सम्पन्न परिवारमा यौनदेखि हरेक कुरामा नारी र पुरुष उत्तिकै स्वतन्त्र रहेको तथ्यलाई प्रस्तुत गरिएको छ । 'मनजङ्ग दाइका पिता ऐयासी हुनाका साथसाथै स्त्रीगामी पनि थिए । उनका शयनागारमा हरेक रात नयाँ र कलिली स्त्री उपस्थित हुनै पर्दथ्यो' (पृ.७३) भन्ने समाख्याताको

कथनले पितृसत्तात्मक समाजमा धनी पुरुषले नारीलाई उपभोग्य वस्तुका रूपमा वा यौनचाहपूर्तिको साधनका रूपमा उपभोग गर्ने परिपाटीलाई प्रस्ट पारेको छ । मनजङ्गका पिता मात्रै होइन आमा पनि ऐयासीकी पराकाष्ठा थिइन् । '...पिताका कोठामा पराई स्त्री र माताका कोठामा पराई पुरुषहरूको बसउठ भएको देखिन्थ्यो । उनले आफ्नो आमाबाबुलाई सँगै बसउठ गरेको कहिल्यै देखेनन्' (पृ.७३) भन्ने समाख्याताको कथनले यौनचाहना पूर्तिका लागि नारी र पुरुष दुवै उत्तिकै स्वतन्त्र रहेको सन्दर्भलाई द्योतन गरेको छ । यसबाट यौनसम्बन्धमा भएको लैङ्गिक स्वतन्त्रता तथा समानतालाई स्पष्ट देख्न सकिन्छ ।

पितृसत्तात्मक प्रवृत्तिको प्रभावले सम्पन्न परिवारमा वैवाहिक सम्बन्ध नै सङ्कटमा पर्ने गरेको तथ्यलाई पनि यस उपन्यासमा प्रस्तुत गरिएको छ । परपुरुष तथा परस्त्रीसँग सम्बन्ध जोडेर रमाउन पल्किएका मनजङ्गका बाबुआमाको वैवाहिक सम्बन्ध पनि देखावटी मात्र बन्न पुगेको छ । 'उनका पतिको उनको त्यो आवश्यकता पूरा गर्ने कुरा त परै थियो, पतिपत्नीले एकअर्काका अनुहारसम्म नदेखेको पनि महिनौँ भएको हुन्थ्यो । अब उनलाई पनि पतिको खास आवश्यकता थिएन । नामका लागि पनि छँदै थिए र पत्नी पनि' (पृ.७४) भन्ने समाख्याताको कथनमा लोग्नेस्वास्नीले एकअर्काको भावना बुझ्ने र यौनसन्तुष्टि प्राप्त गर्ने भन्दा पनि आआफ्नै सुरमा बाँचेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यसले नारीस्वतन्त्रताको अवस्थालाई देखाए पनि समाजमा स्वतन्त्रताको दुरुपयोगका कारण बढ्दै गएको विकृति र पारिवारिक दुर्घटनाको स्थितिलाई द्योतन गरेको छ ।

यस उपन्यासमा यौनचाहनाका लागि लोग्नेमानिसले मात्र प्रस्ताव राख्न सक्ने र अघि सर्नुपर्ने पितृसत्तात्मक सोचका विपरीत नारीले चाहेको खण्डमा आफैँ अघि बढ्न सक्ने सन्दर्भमार्फत नारीको

स्वतन्त्रतालाई प्रस्तुत गरिएको छ । यस सम्बन्धमा समाख्याताको कथन छ :

> चन्द्रकलाले आफ्नो सम्पूर्ण शरीरको भार मनजङ्गलाई बोकाएर ऊ मनजङ्गसँगै सुती । क्रमैले उसले मनजङ्गका ओठसम्म आफ्ना ओठ पुऱ्याई । चन्द्रकलाका मुखबाट सासका गन्धमा रक्सी र चुरोटको गन्ध मिसिएर हुनसम्मको दुर्गन्ध आइरहेको थियो त्यस बेला (पृ.७७) ।

समाख्याताको यस कथनमा चन्द्रकलाले आफ्नो श्रीमान् मनजङ्गसँग खुलेर गरेको यौनजन्य क्रियाकलाप र उसको खानपानले पितृसत्तालाई नै चुनौती दिएको छ । घरभित्र लज्जालु बनेर बस्नुपर्ने बुहारीले आफैँ प्रदर्शन गरेका यस्ता हर्कत कुनै सम्पन्न पुरुषका भन्दा कम देखिँदैनन् । यसले यौनमा नारीको स्वतन्त्र निर्णय तथा चाहनालाई प्रस्ट पारेको छ ।

इन्दिरा प्रसाईको यस उपन्यासमा चन्द्रकला र उसकी सासूबीचको सम्बन्ध पनि तत्कालीन समाजले निर्धारण गरेको भन्दा अनौठो छ । उनीहरू दुवै यौनेच्छापूर्तिका लागि लोग्नेमा निर्भर छैनन् । दिउँसो घरमै परपुरुषलाई बोलाएर मस्ती गर्न सक्ने यी दुई नारीहरू पितृसत्तात्मक समाज र रूढिवादी परम्पराका विरोधी प्रवृत्तिका देखिन्छन् । यस उपन्यासमा चन्द्रकला भन्छे :

> आमा हजुर, के ठीक के बेठीक ! त्यो विष्णुसँग ढोका लगाएर हजुर घण्टौँ के गरिसिन्छ भन्ने कुरा मनजङ्गले थाहा पाए के होला नि ! हजुरलाई खर्च चाहियो भने मागिस्योस् । बाँकी चिन्ता हजुरले लिइरहन उपयुक्त नहोला पनि (पृ.७९) ।

चन्द्रकलाको यस कथनले उसकी सासू अर्थात् मनजङ्गकी आमाको यौनचाहना पूरा गर्ने स्वतन्त्र प्रवृत्तिप्रति प्रश्न उठाएको छ । यसमा आर्थिक हिसाबले सम्पन्न बुहारीले सासूलाई अनैतिक सम्बन्धका

बारेमा मुखमा बुजो लगाउन देखाएको प्रलोभनका माध्यमबाट नारीको आत्मनिर्भरता नै स्वतन्त्रताको मूल कारक रहेको सन्दर्भलाई समेत प्रस्ट पारेको छ । यसर्थ आर्थिक सक्षमता लैङ्गिक विभेदको अन्त्यको साधन बन्ने तथ्यमार्फत नारीको यौनस्वतन्त्रता एवम् आत्मनिर्भरतालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

इन्दिरा प्रसाईको 'रनमाया' उपन्यासमा नारी र पुरुषमाथि भुटानमा गरिएको हिंसात्मक गतिविधि र त्यसबाट मुक्तिका लागि मातृभूमि फर्कने क्रममा नेपाली नागरिकले पाएका पीडालाई प्रस्तुत गर्ने क्रममा नारीको वैयक्तिक निर्णयलाई पनि स्थान दिइएको छ । यस उपन्यासमा घरपरिवार, सन्तान, धनसम्पत्ति सबै तितरबितर गरिएको अवस्थामा समेत बाँकी रहेका नारीहरूले एकजुट भएर एकले अर्कालाई हिम्मत दिँदै नेपाल फर्कने निर्णय गरेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा समाख्यातामार्फत प्रस्तुत 'रनमाया आफ्नो मुटुभरि वेदना र गहभरि आँसु बोकेर बाटो लागिन् । त्यस्तै सुनकेस्री पनि जेलमा भएका आफ्ना खसमसँगको विरहको पीडा लुकाउँदै त्यहाँबाट हिँडी' (पृ.९४) भन्ने कथनले सोही कुराको पुष्टि गरेको छ । आफ्ना सर्वस्व गुमाएर अनिश्चित भविष्यको यात्रातर्फ नारीले चालेको कदम, साहस र सङ्घर्षले नारीको व्यक्तिगत निर्णयलाई द्योतन गरेको छ ।

यस उपन्यासमा बाध्यात्मक परिस्थितिसँग जुधेर आफ्नो गन्तव्यतर्फ लम्किरहेका नारीका निर्णयमा विगतका स्मरण र ढाढस भने जागृत भइरहेको छ । आफ्नो लोग्नेलाई जलाइएको स्थानमा पुगेपछि 'नरुनू भन्छौ निष्ठुरी ! मैले के अपराध गरेकी थिएँ र यो विजोग हेर्नुपऱ्यो, भोग्नुपऱ्यो मैले' (पृ.९४) भन्ने रनमायाको कारुणिक स्वरले सबैलाई भावुक बनाउनुका साथै पीडाको चरम अवस्थालाई प्रस्ट पारेको छ । यसरी आफन्त, नातेदार, धनसम्पत्ति सब थोक गुमाएर पनि जिउने आशामा मन

सम्हालेर अघि बढेका नारीका पाइलाले उनीहरूको हिम्मतिलो कदम र धैर्य एवम् साहसलाई द्योतन गरेको छ । यसर्थ यस उपन्यासमा बाध्यात्मक परिस्थितिमा नारीहरूका साहसिक निर्णय र गन्तव्यलाई प्रस्तुत गरिएको छ ।

इन्दिरा प्रसाईको 'शिखा' उपन्यासमा मनको शान्तिका लागि घरपरिवार तथा समाजबाट टाढिएर धर्मको शरणमा पुग्ने नारीको उपस्थितिमार्फत नारीको वैयक्तिक स्वतन्त्रताप्रतिको चेतनालाई प्रस्तुत गरिएको छ । 'हरिद्वारको रामघाटबाट नजिकै पर्ने एउटा धर्मशालामा पच्चिस दिनदेखि म बसिरहेकी छु । आफूसँग भएका सबै गरगहना र रुपैयाँसमेत गरी एउटा राम्रै बन्दोबस्त गरी म घरबाट हिँडेकी थिएँ' (पृ.११९) भन्ने समाख्याताको कथनले सो कुराको पुष्टि गरेको छ । यस कथनमा एउटी नारीले आफूले चाहेको खण्डमा घरपरिवार त्यागेर धर्मशालातिरको यात्रामा निस्किएको तथ्यमार्फत नारीको वैयक्तिक स्वतन्त्रताप्रतिको चेतनालाई प्रस्तुत गरिएको छ ।

इन्दिरा प्रसाईको 'उसको लोग्ने र बिरालो' उपन्यासमा नारीको निर्णयप्रतिको वैयक्तिक स्वतन्त्रतालाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा मान्छेका अनेक कुकृत्यबाट आजित भएकी प्रमुख नारीपात्र नीलाले मान्छेको सङ्गतै गर्न नखोज्नु र स्वतन्त्र हुन खोज्नु उसको वैयक्तिक निर्णय हो । 'मानिसको खल्लो स्वादले आजित भएकी ऊ अब मानिससँग ननजिकिने निर्णयमा पनि पुगेकी छ' (पृ.२३) भन्ने समाख्याताको कथनले सोही कुरालाई प्रस्ट पारेको छ । मानिसका खल्ला स्वादले खराब चरित्र र उसलाई मन नपर्ने व्यवहारलाई सङ्केत गरेको छ । आफूलाई नमीठा लाग्ने, नराम्रा लाग्ने व्यवहारका विरुद्धमा नारी स्वतन्त्रताको खोजी गर्ने वैयक्तिक निर्णयलाई यस कथनले प्रस्ट पारेको छ ।

नारीले चाहेको अनुसारको जीवन बिताउन पाउने र त्यसमा कसैले हस्तक्षेप गर्न नहुने सन्दर्भलाई अस्तित्ववादी नारीवादले

समर्थन गर्दछ । प्रसाईको यस उपन्यासमा पनि नीलाको आर्थिक स्तर उच्च हुँदाहुँदै उसले एककोठे घर किन्ने निर्णय गरेकी छ । 'आफूले चाहेअनुसारको घरमा ऊ आजैदेखि मालिक्नी भएको गर्वसमेत समेटेर बसिरहेकी छ' (पृ.२४) भन्ने समाख्याताको कथनले त्यस घरमा ऊ बढो गर्वका साथ बसेको सन्दर्भलाई प्रस्ट पारेको छ । यसले शिक्षा, रोजगार, विवाह, गर्भपतन आदि विषयमा मात्र होइन आफूलाई मन पर्ने घर किनेर बस्न पनि नारीहरू स्वतन्त्र रहेको र उसको स्वतन्त्र निर्णयले आनन्दसमेत दिएको सन्दर्भलाई प्रस्तुत गरेको छ । यसरी आफ्नो व्यक्तिगत निर्णयमा रमाएर घरकी मालिक्नीको अनुभूतिमा रमेकी नीलाका माध्यमबाट यस उपन्यासमा नारीका वैयक्तिक निर्णयप्रतिको अधिकारलाई प्रस्तुत गरिएको छ ।

इन्दिरा प्रसाईका उपन्यासमा नारीका वैयक्तिक स्वतन्त्रताप्रतिको चेतनालाई विभिन्न नारीपात्रका विचार, क्रियाकलाप एवम् संवेदनाका माध्यमबाट प्रस्तुत गरिएको छ । उनका उपन्यासमा प्रेम, विवाह, सम्बन्धविच्छेद, यौनचाहनाको पूर्तिदेखि लिएर धर्मशालातिरको एक्लो यात्राका साथै आफैँले घर किनेर एक्लै बस्ने निर्णयमा पुगेका नारीको समेत उपस्थिति पाइन्छ । नारीहरू पनि पुरुषसरह व्यक्तिगत निर्णय गर्न स्वतन्त्र रहेको तथ्यलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको हुनाले प्रसाईका उपन्यासमा नारीका वैयक्तिक स्वतन्त्रताप्रतिको नारीचेतना मुखरित हुन पुगेको छ ।

### २.५ यौन, प्रजनन तथा गर्भपतनप्रतिको सजगता

अस्तित्ववादी नारीवादले नारीका वैयक्तिक पक्षमा स्वतन्त्र निर्णय लिन पाउने अधिकारको माग गर्दछ । यौन, प्रजनन तथा गर्भपतनजस्ता नितान्त व्यक्तिगत कुरालाई सामाजिक प्रचलन र पितृसत्तात्मक व्यवस्थाले नियन्त्रणमा लिएर नारीको अस्तित्वमाथि नै धावा बोलेको यिनीहरूको तर्क छ । बुभा भन्छिन्– 'आदिम मातृसत्तात्मक समाजमा गर्भधारणमा पिताको कुनै विशिष्ट भूमिका

मानिँदैनथ्यो, बरु यो सोचिन्थ्यो कि पूर्वजहरूको आत्मा जीवित बीजका रूपमा मातृगर्भमा प्रवेश गर्दछ । पितृसत्तात्मक संस्थाहरूको विकासका साथ पुरुष आफ्ना सन्ततिका लागि आफ्नो अधिकारको दाबी गर्नलाई हतारियो' (पृ.१३) । उनको यस कथनले पितृसत्तात्मक संस्थाको विकाससँगै पुरुषले सन्तानमाथि अधिकार जमाउनका लागि मातृसत्तात्मक समाजले स्थापित गरेको गर्भधारणमा नारीको भूमिकालाई प्रतिस्थापित गरेको तथ्य प्रस्ट पार्दछ ।

प्रजनन क्षमता भएर पनि नारीले त्यसको अनुभूति र निर्णयमा स्वतन्त्रता नपाएको सन्दर्भको अस्तित्ववादी नारीवादले खण्डन गर्दछ । यस सम्बन्धमा बुभाको धारणा छ :

> जबजब समाजको विकास हुँदै गयो, पुरुषमा सत्ताको लोभ बढ्दै गयो । उसले आफ्नो सन्तानको स्वामित्व र सन्तानको माध्यमबाट आफ्नो परम्पराको नैरन्तर्य चाहन थाल्यो । स्त्रीमा प्रजननको क्षमता भएर पनि पुरुष उसको स्वामी थियो जस्तो ऊ जमिनको स्वामी थियो । स्त्रीको नियति थियो पुरुषको अधीनता । प्रकृतिको जस्तो उसको पनि शोषण पुरुषले गर्‍यो (पृ.३७) ।

सत्ताको लोभसँगै सन्तानप्रतिको स्वामित्व र परम्पराको निरन्तरताका लागि पुरुषले नारीप्रजनन अधिकारप्रति नियन्त्रण जमाउँदै स्वामीका रूपमा आधिपत्य स्थापना गरेको तथ्यलाई बुभाले यस कथनमा प्रस्ट पारेकी छन् । पुरुषले आफ्नो सुरक्षित भविष्य र अधीनस्थताका लागि सन्तानप्रति एकलौटी अधिकार जमाउन गरेको हर्कतले नारीमाथि पारेको प्रभाव अवर्णनीय छ ।

नारीहरू पुरुषले जस्तै यौनका बारेमा खुलेर कुराकानी गर्न सक्दैनन् । न त आफ्नो यौन चाहनालाई पतिका सामु प्रस्तुत गर्न नै सक्छन् भन्ने मान्यता नारीवादीहरूको छ । कतिपय पुरुषले भने

सन्तान उत्पादन गर्नुलाई नै यौनसन्तुष्टिको चरम प्रतिफलका रूपमा चर्चा गर्ने गरेको पनि पाइन्छ । तर बुभाका विचारमा गर्भधारण गर्नु र यौनसन्तुष्टि प्राप्त गर्नु अलग कुरा हुन् । उनी नारीले कुनै पनि आनन्दको अनुभव नगरीकन गर्भधारण गर्न सक्ने विचार राख्दछिन् (पृ.१५६) । तसर्थ यौनसन्तुष्टिलाई गर्भधारणसँग जोडेर हेर्नु सान्दर्भिक देखिँदैन ।

अस्तित्ववादी नारीवादले गर्भपतनका सम्बन्धमा पनि नारीले स्वतन्त्र निर्णय गर्न पाउनुपर्ने विचार राख्दछ । यसले धर्मका नाममा गर्भपतनमाथि गरिएको निषेध र गलत व्याख्याको विरोध गर्दछ । यस सम्बन्धमा बुभाको मत छ :

> गर्भपतनका विरुद्ध प्रचलित व्यावहारिक विचार तथ्यहीन छन् । तिनीहरू पुरानो क्याथोलिक तर्क समान छन् : 'नजन्मेको शिशुमा पनि आत्मा रहन्छ । यदि जन्मभन्दा अगाडि यसलाई नष्ट गरियो भने आत्मा स्वर्ग पुग्न सक्दैन ।' यो महत्त्वपूर्ण छ कि चर्चले पनि युद्ध र कानुनी फाँसीलाई मान्यता दिएर वयस्क व्यक्तिहरूको हत्या गर्ने अनुमति दिन्छ, तर भ्रूण अवस्थाको मनुष्यप्रति चर्चले सम्झौताहीन मानवतावाद प्रदर्शित गर्दछ (पृ.२३१) ।

क्रिस्चियन धर्मले राखेको विरोधाभाषपूर्ण तर्कसँग गर्भपतनका विरुद्धमा प्रचलित तर्कलाई तुलना गर्दै बुभाले गर्भपतनसम्बन्धी गलत व्याख्याको विरोध गरेकी छन् । उनले धर्ममा गरिएको गलत व्याख्याको सापेक्षतामा गर्भपतनसम्बन्धी धारणाको तुलना गर्दै गर्भपतनले स्वर्ग र नर्कसँग कुनै सरोकार नराख्ने तथ्यलाई यसमा बुलन्द गरेकी छन् ।

बुभाले यौनलाई हतियारका रूपमा प्रयोग गरेर पुरुषमाथि जादु गर्ने नारीको विरोधाभाषी स्वभावको खण्डन गरेकी छन् ।

उनले यौन एक हतियार हो, पुरानो जादुमय तरिका जसबाट पुरुषलाई मनोमानी रूपले नचाउन सकिन्छ, अर्कातिर ऊ आधुनिक बराबरीको हक र सम्मान पनि चाहन्छे भनेकी छन् (पृ.३८३) । यसमा एकातिर नारीले यौनलाई पुरुषमाथि आधिपत्य बनाउने साधनका रूपमा प्रयोग गर्ने स्वभावले उपभोग्य वस्तुका रूपमा नारीलाई चिनाएको र त्यसलाई नारीले नै स्विकारेको तर्क प्रस्तुत गरिएको छ भने अर्कातिर तिनै नारीले स्वतन्त्रता र समानताको अधिकार कसरी हात पार्न सक्छन् भन्ने संशयलाई प्रस्तुत गरिएको छ । यसर्थ बुभाले भनेझैँ नारीले स्वतन्त्र अस्तित्व र समान अधिकारका लागि आफूलाई यौनका नाममा उपभोग्य वस्तु बनाउने गल्ती कदापि गर्न नहुने अस्तित्ववादी नारीवादको धारणा छ ।

बुभाले मातृत्व, गर्भपतन तथा विवाहइतर नै सन्तान जन्माउन पाउनुपर्ने नारीको अधिकारका पक्षमा यस किसिमको विचार प्रस्तुत गरेकी छन् :

> समाजले स्त्रीलाई ऐच्छिक मातृत्वको हक देओस्, ताकि गर्भनिरोध एवम् गर्भपतनलाई वैध बनाउन सकियोस् तथा विवाहइतर सन्तान नाजायज नमानिऊन् । उनीहरूको समान अधिकार होस्, ताकि बच्चाहरूको भार राज्यले सम्हालोस्, ती बच्चाहरूलाई आमाको काखबाट वञ्चित नगरीकन (पृ.३८९) ।

बुभाको यस कथनमा मातृत्व ऐच्छिक हुनुपर्ने, गर्भनिरोध तथा गर्भपतनलाई वैध बनाइनुपर्ने, विवाहइतर जन्मिएका सन्तान जायज मानिनुपर्ने धारणा अभिव्यक्त भएको छ । यस्तै आमाको काखबाट वञ्चित नगरी बच्चालाई पालनपोषण गर्ने, शिक्षादीक्षा दिनेजस्ता भार राज्यले सम्हाल्नुपर्ने पनि उनको विचार छ । यसरी अस्तित्ववादी नारीवादले यौन, प्रजनन तथा गर्भपतनका साथसाथै सन्तानको

पालनपोषण र स्वेच्छिक मातृत्वका सम्बन्धमा नारीको स्वतन्त्र निर्णयको माग गर्दछ ।

इन्दिरा प्रसाईको 'विश्वामित्र' उपन्यासमा प्रजननका सम्बन्धमा नारीमा जागृत चेतनालाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा सन्तानको रहर पुगिसकेपछि परिवार नियोजन गर्न लोग्नेलाई सुझाउने उमाको उपस्थिति देखिन्छ । मेनकासँगको कुराकानीका सन्दर्भमा उमा भन्छे– 'ल भएन, चारओटा छोराछोरी भैसके अब तिमीले परिवार नियोजन गर्नैपर्छ भनें' (पृ.३४) । उमाको यस कथनले सन्तानको रहर पुगिसकेपछि परिवार नियोजन गर्नुपर्छ भन्ने नारीमा जागृत चेतनालाई प्रस्ट पारेको छ । आफ्नो श्रीमान्‌लाई परिवार नियोजन गर्न सल्लाह दिने उमामार्फत प्रजननसम्बन्धी नारीसचेतना र नारीको स्वनिर्णयलाई प्रस्तुत गरिएको हुनाले यो उपन्यास नारीवादी प्रवृत्तिको बन्न पुगेको छ ।

इन्दिरा प्रसाईको 'उसको लोग्ने र बिरालो' उपन्यासमा यौनसम्बन्धी नारीचेतनालाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा पुरुषले जस्तै शारीरिक प्यास मेटाउनका लागि नारीले स्वतन्त्र निर्णय लिएको सन्दर्भलाई नीलाका क्रियाकलाप तथा विचारका माध्यमबाट व्यक्त गरिएको छ । नीलाले यौनप्यास मेटिने गरी शारीरिक सम्बन्ध राखेर सन्तुष्ट बनेको सन्दर्भलाई समाख्यातामार्फत यस उपन्यासमा यसरी वर्णन गरिएको छ :

> त्यस रात आभास पनि सन्तुष्ट भएरै आफ्नो घर फर्केको थियो । त्यसै गरी नीलाले पनि पुरुषबाट प्राप्त गर्न सकिने आनन्द यति धेरै हुन सक्छ र त्यस आनन्दले जीवनको गतिहीनतामा थप ऊर्जासमेत प्रदान गर्छ भन्ने कुरा पच्चिसबर्से पुरुष समागमको इतिहासमा पहिलोपल्ट महसुस गरेकी थिई (पृ.४५) ।

सर्वदर्शी समाख्याताले वर्णन गरेको यस घटनामा नीलाको मानसिक स्थिति, अनुभूति एवम् संवेदनालाई प्रस्ट रूपमा चित्रण गरिएको छ । यसले नीलाको अनुभूतिलाई भन्दा पनि पितृसत्तात्मक समाजमा विवाहित महिलालाई बन्धनमा राख्ने परिपाटी र यौनेच्छा पूर्तिका लागि सम्बन्धविच्छेद गरेकी नारीले परपुरुषसँग सम्बन्ध गाँस्ने छुट नदिएको समाजप्रतिको चुनौतीका साथै त्यसका विरोधमा नीलाले चालेको साहसिक कदमलाई द्योतन गरेको छ । यस्तै पच्चिस वर्षसम्म लोग्नेसँग सन्तुष्ट बन्न नसकेकी नारीले पनि आफ्नो इच्छाबमोजिम यौनसम्बन्ध राखेर पूर्ण सन्तुष्ट बनेको घटनाद्वारा नारीको यौनस्वतन्त्रतालाई समेत यसले प्रस्तुत गरेको छ । यसले आधारभूत आवश्यकताका रूपमा लिने गरिएको यौन आवश्यकताका सम्बन्धमा नारीप्रति पितृसत्ताले निर्माण गरेको हाउगुजी, बदनामीको खोल र उत्ताउलीको उपमाका विरुद्ध आफूले चाहेको समयमा इच्छित पुरुषसँग यौनसम्बन्ध कायम गरी आवश्यकता पूर्ति गर्नमा स्वतन्त्र नारीपात्रको उपस्थितिमार्फत यौनसम्बन्धी नारीचेतनालाई प्रस्तुत गरेको छ ।

इन्दिरा प्रसाईका उपन्यासमा यौन तथा प्रजननका सम्बन्धमा नारीको स्वतन्त्र निर्णय र सचेतनालाई प्रस्तुत गरिएको छ । उनका उपन्यासमा आफूलाई मन पर्ने पुरुषसँग यौनसम्बन्ध कायम गरेर सन्तुष्टि प्राप्तिको अनुभूति गर्ने नारीको केन्द्रीय भूमिका रहेको छ । यस्तै लोग्नेलाई फकाएर स्थायी बन्ध्याकरण गर्न लगाउने नारीपात्रको उपस्थितिले समेत प्रसाईका उपन्यासमा प्रस्तुत यौन तथा प्रजननसम्बन्धी नारीचेतनालाई द्योतन गरेको छ ।

### २.६ प्रेम, वैवाहिक सम्बन्ध तथा सम्बन्धविच्छेदप्रति सजगता

अस्तित्ववादी नारीवादले प्रेम, विवाह तथा सम्बन्धविच्छेदजस्ता पक्षमा नारी स्वयम्ले निर्णय गर्न पाउने तर्क राख्दछ । यसले यी विषयलाई पुरुषको एकलौटी सरोकारको

विषयका रूपमा मात्र नलिएर नारीको समान सहभागिता र अनिवार्य उपस्थितिको अपरिहार्यतालाई मध्यनजर गर्दै यसप्रति दुवैको समान अधिकार भएकाले नारीमाथि विभेद गर्न नहुने अभिमत प्रकट गर्दै विभेदमूलक कानुनी तथा सामाजिक व्यवस्थाप्रति सचेत रूपमा प्रश्नचिह्न खडा गर्दछ । विवाह, सन्तान उत्पादन जस्ता घरभित्रका र घरबाहिरका दोहोरो जिम्मेवारीले नारीको जीवन कष्टकर बन्दै गएको धारणा बुभाले यस प्रकार प्रस्तुत गरेकी छन् :

> स्त्रीमाथि सबभन्दा ठूलो बोझ आज विवाहको छ । गर्भनिरोधका कारणले आज मातृत्वको बोझ केही कम भएको छ तर घरगृहस्थी र बच्चाहरूको रेखदेखको पूरा बोझ स्त्रीमाथि नै रहेको छ । ...स्त्री आज दोहोरो भूमिकाले प्रताडित छे । चाहे ऊ निम्न वर्गको, उच्च वर्गको कुनै पनि स्थितिमा होस्, बाहिरी कामका अतिरिक्त उसले घरको काम गर्नै पर्दछ (पृ.५५) ।

बुभाको यस कथनमा नारीहरू गर्भनिरोधका कारण मातृत्वको बोझबाट केही उन्मुक्त भए पनि वैवाहिक सम्बन्धपछिको घरगृहस्थीको झमेला, सन्तानको लालनपालन, घरायसी कामको बोझ तथा आत्मनिर्भरताका लागि घरबाहिर अँगालेका पेसाका कारणले दोहोरो मारमा परेको सन्दर्भलाई प्रस्ट पारेको छ । नारीहरूको घरभित्रको काम पेवा नै बनिसकेको अवस्थालाई समेत यसले सङ्केत गरेको छ । बाह्य काममा जति खटे पनि नारीले घरको कामको बोझबाट समेत उन्मुक्ति नपाएको सन्दर्भमार्फत नारीको स्वतन्त्र अस्तित्व र पहिचानको माग यसमा गरिएको छ ।

नारीलाई प्रेम, यौनसम्बन्ध तथा विवाह र प्रजननप्रति नै स्वतन्त्र अधिकार नदिएर बन्धनमा पार्ने नीतिनियम र परम्पराको स्थापना गर्ने पितृसत्तात्मक व्यवस्थाको विरोध गर्दै बुभा भन्छिन् :

> सामाजिक परम्पराद्वारा स्त्रीलाई अहिले पनि यौनस्वतन्त्रता दिइएको छैन । आज पनि समाजका अधिकतम मानिसहरूको सामु स्वतन्त्र प्रेम वा विवाहिता स्त्रीको व्यभिचार एक ठूलो अपराध हो । यदि ऊ कसैसँग प्रेम गर्न चाहन्छे भने यो जरुरी छ कि उसले उसका साथ विवाह गरोस् । स्त्रीले आत्मनिर्भर हुँदा पनि जबसम्म विवाह गर्दिन तबसम्म पूरा मानवीय अधिकार तथा सम्पूर्ण मानवीय गरिमा पाउन सक्दिन । कुमारी आमा हुनु समाजको दृष्टिमा एक ठूलो अपराध हो र नाजायज बच्चा महिलाको जीवनको धेरै ठूलो बोझ (पृ.१९१) ।

नारीलाई यौनस्वतन्त्रता नहुने, स्वतन्त्र रूपले प्रेम गर्नुलाई अपराध मानिने, विवाहिता नारीको व्यभिचार अपराध मानिने, बिहेअघि प्रेम हैन बिहे गरेर मात्र प्रेम गनुपर्ने, कुमारी आमा बन्नु अपराध र नाजायज बच्चा बोझका रूपमा हेरिने प्रवृत्ति पितृसत्तात्मक समाजमा रहेको भन्दै यस किसिमको समाजव्यवस्थाको विरोध यसमा गरिएको छ ।

विवाहअघि समाजमा नारीको जुन पहिचान र अस्तित्व हुन्छ त्यसलाई विवाहपछि बदल्न बाध्य बनाउने समाज र समर्पणमा होमिने नारीको प्रवृत्तिप्रति असन्तुष्टि व्यक्त गर्दै बुभा भन्छिन् :

> विवाहपछि पुरुषको धर्म र वर्ग सब थोक महिलाले स्वीकार गर्नुपर्छ । ऊ पुरुषको परिवारमा सामेल हुन जान्छे । ऊ पुरुषकी अर्धाङ्गिनी बन्दछे । ...विवाहपछि महिलाले प्राय: निर्णायक रूपले आफ्नो अतीतका बन्धनहरूलाई तोडिदिन्छे । अब ऊ पतिको दुनियाँसँग सम्बन्धित हुन्छे र आफ्नो व्यक्तित्व, आफ्नो कौमार्य तथा जिन्दगी पनि पतिको सेवामा अर्पण गरिदिन्छे । परम्परा र समाजले उसबाट यी बन्धनहरूको निर्वाहको आशा गर्दछन्, आज्ञा दिन्छन् (पृ.१९०) ।

यस कथनमा बुभाले वैवाहिक सम्बन्धबाट नारीले विगतको आफ्नो परिचय मेटाएर लोग्नेकै धर्म, वर्ग मात्र हैन व्यक्तित्व, कौमार्य र जिन्दगी नै बदल्ने परिपाटीको विरोध गरेकी छन् । नारी समर्पित हुनु, बन्धनमा पर्नु र बदलिनुमा समाजको अपेक्षा एवम् आज्ञाले ठूलो भूमिका खेलेको पनि उनको टिप्पणी छ । यसका विरुद्धमा तर्क गर्दै उनले विवाहबाट दुई पूर्ण व्यक्तिहरूको संयोग हुनुपर्ने, दुवैको स्वतन्त्र अस्तित्व हुनुपर्ने विचारसमेत राखेकी छन् । यसका साथै उनले वैवाहिक सम्बन्धबाटै भाग्ने वा जबरदस्ती सम्बन्ध कायम गर्ने एवम् एकअर्काको आश्रयका रूप पनि हुन नहुने तर्क राखेकी छन् (पृ.२२६) । यसले वैवाहिक सम्बन्ध स्थापनामा र विवाहपछि नारीमा आउने परिवर्तनका विषयमा बाध्यकारी नीति लागू गर्न नहुने विचारलाई प्रस्ट पारेको छ ।

बुभाले विवाहलाई अनिवार्य मान्ने सामाजिक प्रचलनप्रति गम्भीर प्रश्न उठाएकी छन् । उनले नारी र पुरुष दुवैको कल्याणका लागि स्थिति बदलिनुपर्ने र नारीका लागि विवाहको अनिवार्यतालाई पेसा (हैसियत) बनाउन प्रतिबन्धित गरिनुपर्ने तर्क प्रस्तुत गरेकी छन् (पृ.२२९) । यसले विवाहबन्धनमा बाँधिने वा नबाँधिने भन्ने निर्णय परिवार र समाजको दबाबभन्दा पनि नारीको स्वतन्त्र निर्णय हुनुपर्ने तथ्यलाई द्योतन गरेको छ । नारीहरू आत्मनिर्भर बन्न सक्नुपर्ने विचारका साथसाथै विवाह दुई व्यक्तिहरूका बीच एक स्वतन्त्र अनुबन्ध हुनुपर्ने र त्यसलाई स्वेच्छाले तोड्न पाउनुपर्ने धारणा पनि बुभाले राखेकी छन् (पृ.३८९) । यसले विवाहका कारण सिर्जित नारीबन्धनको विरोध गर्दै र सम्बन्धविच्छेदमा नारीको स्वतन्त्र निर्णयलाई प्रस्ट पारेको छ । यसरी प्रेम, विवाह, सम्बन्धविच्छेदका बारेमा नारीको स्वेच्छा अर्थात् स्वतन्त्रताको वकालत अस्तित्ववादी नारीवादले गरेको छ ।

इन्दिरा प्रसाईको 'विश्वामित्र' उपन्यासमा प्रेम, विवाह तथा सम्बन्धविच्छेदजस्ता कार्यमा नारीको स्वतन्त्र निर्णयलाई प्रस्तुत गरिएको छ । यस उपन्यासका प्रमुख पात्र विश्वामित्र र मेनका एकअर्कालाई असाध्यै प्रेम गर्दछन् । विश्वामित्रबिना मेनका र मेनकाबिना विश्वामित्र बाँच्न नसक्ने अवस्थामा पुगेको सन्दर्भलाई दुवैका अभिव्यक्तिमार्फत उपन्यासमा प्रस्तुत गरिएको छ । विश्वामित्र भन्छ : 'तिम्रो आँसुको भेल म हेर्न सक्तिनँ । हेर त मेरो धड्कन पनि रोकिन खोजिरहेछ' (पृ.१८) । मेनकाको प्रेममा चुर्लुम्म डुबेको विश्वामित्रको सो कथनलाई सहस्र स्विकार्दै ऊ भन्छे : 'मेरो राजा ! मलाई सधैँ यस्तै खुसी देऊ' (पृ.१८) । मेनकाको यस किसिमको स्विकारोक्ति र अपेक्षाले पितृसत्तात्मक समाजमा पनि प्रेममा खुलेर आफ्नो भावलाई प्रस्तुत गर्न सक्ने नारीको हिम्मत र स्वतन्त्र निर्णयलाई प्रस्ट पारेको छ । यसका साथै यसले नारी र पुरुषको समान सहभागिता र सहमतिको अपरिहार्यता पर्ने प्रेमसम्बन्धमा नारीहरू मौन रहने वा मुख बाउनै नसक्ने पितृसत्तात्मक परिपाटीलाई पनि चुनौती दिएको छ ।

अविवाहित नारीहरू आफूलाई मन पर्ने पुरुषसँग प्रेमसम्बन्ध कायम गर्न र छुट्टिन पनि स्वतन्त्र रहेको सन्दर्भलाई समेत यस उपन्यासमा समेटेको छ । यस उपन्यासमा मेनकाकी साथी ममता विभिन्न पुरुषहरूसँग प्रेमसम्बन्ध जोड्न र छाड्न स्वतन्त्र देखिन्छे । मेनकालाई समेत प्रेम के हो र यसको प्रभाव कस्तो हुन्छ भन्ने भावलाई बिनाहिचकिचाहट प्रस्ट रूपमा उसले बताएकी छ : 'तँलाई के थाहा प्रेम गर्न नपाउँदा कस्तो पागल भइन्छ । हेर् न म अब पन्ध्र दिनसम्म कसरी बस्नु । म त आजै मर्न लागेँ' (पृ.२५) । केही दिन प्रेमीसँग टाढिएर बस्न पनि गाह्रो हुने कुरालाई खुलेर बताउन सक्ने ममताको उपस्थितिले यस उपन्यासका नारीपात्रको हिम्मत र चेतनालाई प्रस्ट पारेको छ । पितृसत्ताले निर्माण गरेको

पर्खाललाई तोडेर आफैँ प्रेमसम्बन्ध जोड्न सक्ने र त्यसको महत्त्वका बारेमा साथीहरूलाई समेत खुलेआम अनुभूति बाँड्न सक्ने नारीको उपस्थितिले यस उपन्यासलाई नारीचेतनामूलक बनाएको छ ।

ममताको सङ्गत र प्रेरणाबाट प्रभावित बनेकी मेनकाको सोच परिवर्तन भएको छ । उसले आफूलाई मन पर्ने पुरुषका बारेमा ममतासँग खुलेर कुरा गर्न सकेकी छ । मेनका भन्छे : 'मलाई त्यो सुरेन्द्र एकदम मन पर्छ ममता' (पृ.२६) । उसको यस कथनले नारीहरू जोसँग प्रेम गर्छन् त्यस बारेमा मुख खोल्न नहुने र पुरुषले प्रस्ताव राख्ने अपेक्षामा कुर्दाकुर्दै अर्कैसँग विवाह हुने पितृसत्तात्मक प्रचलनविपरीत साथीसँगै भए पनि खुल्न सकेको अवस्थालाई प्रस्ट पारेको छ । यसले प्रेमसम्बन्धमा आफैँ चयन गर्न सक्ने र मौनता तोडेर मनोभावलाई मुखरित गर्न सक्ने नारीको हिम्मतिलो अवस्थालाई देखाएको छ । यति मात्र होइन वैवाहिक सम्बन्धमा जोडिएका श्रीमान् र श्रीमतीबीच बेमेल भइसकेपछि सम्बन्धविच्छेद गरी स्वतन्त्र जीवन जिउन सकिने धारणा समेत मेनकाको छ । परस्त्रीसँग सम्बन्ध बढाएको लोग्नेलाई छाडेर आफूखुसी जीवन जिउन प्रेरित गर्दै उमासँग मेनका भन्छे : "किन पारपाचुके नगरेको त त्यस्ता मोरासँग ?' (पृ.३५) । उमालाई बेवास्ता गरेर परस्त्रीसँग सल्किएको लोग्नेसँग छुटेर बस्ने सुझाव अभिव्यक्त भएको यस कथनमा सम्बन्धविच्छेदका सम्बन्धमा जागृत नारीचेतना भेटिन्छ । पितृसत्तात्मक समाजको प्रभाव तीव्र रहेको नेपाली समाजमा मेनकाको प्रश्नमा उमाले दिएको जबाफ पितृसत्तात्मक सोच र व्यवहारकै दर्पण बनेको छ । ऊ भन्छे :

> दुइटी छोरी छन्, बिहा गर्नुपर्छ, पारपाचुके गर्नेबित्तिकै सबैले मैलाई नराम्रो भन्छन् । जे भए पनि, जस्तो भए पनि लोग्ने छ

> कहिलेकाहीँ नै भए पनि घरमा आउँछ । अहिले सबैले हेप्न सक्तैनन् । पारपाचुके नगर्दा एउटाकी स्वास्नी हुनुको दु:ख मात्र छ दुल्हैसाब, पारपाचुके गरेपछि सबै रण्डा लोग्नेमान्छेले आफ्नो रखौटीजस्तो गर्न खोज्छन् (पृ.३५) ।

उमाको यस कथनले सम्बन्धविच्छेदपश्चात् पितृसत्ताले पुरुषलाई नभएर नारीलाई नै दोषी ठहऱ्याउने प्रचलन रहेको तथ्यलाई पुष्टि गरेको छ । लोग्नेको उपस्थितिमा समाजले हेप्ने त छँदै छ, सन्तानको बिचल्ली हुने, छोरीहरूको विवाह गर्न गाह्रो हुने, हरेक लोग्नेमान्छेले रखौटीका रूपमा शोषण गर्न खोज्ने त्रास उमामा छ । यसले पितृसत्तात्मक समाजमा नारीलाई पारपाचुके गरेर लोग्नेको अन्यायबाट राहत मिले पनि समाजबाटै अपहेलित एवम् शोषित भएर बाँच्नुपर्ने तथ्यलाई प्रस्ट पार्दै पितृसत्ताले नारीमाथि गरेको दमनप्रतिको चेतनालाई मुखरित गरेको छ । यसरी यस उपन्यासमा नारीहरू प्रेमसम्बन्ध स्थापित गर्न, विवाह तथा सम्बन्धविच्छेदजस्ता कार्यमा समेत स्वतन्त्र निर्णय गर्न सक्ने देखिए पनि पितृसत्ताकै कारणले नारीमाथि अनेक चुनौती थपिदिएको सन्दर्भप्रतिसमेत सचेत रहेको देखिन्छ ।

इन्दिरा प्रसाईको 'शिखा' उपन्यासमा प्रेमसम्बन्धमा भएको नारीको स्वतन्त्र अधिकारलाई प्रस्तुत गरिएको छ । प्रेमसम्बन्धमा भिन्न जात, धर्म, भुगोल आदिले नछेक्ने तथ्यलाई नारीपात्र उषोले यस प्रकार प्रस्ट पारेकी छ :

> शिखा ! जीवन मेरो हो । मलाई साउद मन पऱ्यो । ऊ एउटा पुरुष हो । जात धर्मसँग मलाई सरोकार छैन । उसलाई पनि जात धर्ममा कुनै सरोकार छैन । हामी दुवैको अमेरिकामा बस्ने विचार छ । साउद र मेरो प्रेमबीच हामी धर्मको पर्खाल उभ्याउन चाहन्नौँ (पृ.९६) ।

उषोले शिखासँग भनेको यस कथनले प्रेमसम्बन्धमा कुनै पनि किसिमको विभेदले बाधा नगर्ने धारणालाई प्रस्तुत गरेको छ । मुस्लिम धर्म मान्ने पाकिस्तानी युवक साउदसँगको प्रेमसम्बन्ध उसलाई स्विकार्य छ । जात र धर्मका सम्बन्धमा कुनै सरोकार नभएको र प्रेमलाई विवाहमा रूपान्तरण गर्न कसैले छेक्न नसक्ने उषोको यो कथन प्रेम एवम् वैवाहिक सम्बन्धमा नारीको स्वतन्त्र अधिकार र निर्णयको दृष्टान्त हो ।

इन्दिरा प्रसाईको 'उसको लोग्ने र बिरालो' उपन्यासमा प्रेम, विवाह र सम्बन्धविच्छेदजस्ता विषयमा नारीको स्वतन्त्र अधिकार तथा निर्णयलाई प्रस्तुत गरिएको छ । यस उपन्यासकी नायिका नीलाले आफूलाई मन नपर्ने लोग्ने त्यागेर परपुरुषसँग प्रेमसम्बन्ध स्थापित गरी विवाह गर्नु यसकै उदाहरण हो । यस उपन्यासमा समाख्यातामार्फत प्रस्तुत गरिएको कथन यस्तो छ :

> सोकेसमा सजाएर राखिएको दाम्पत्यसम्बन्धमा मानिसहरू कसरी बाँच्न सक्छन् ? अहँ ! उसले दर्पणसँगको सम्बन्धलाई सजाएर राख्न सक्तै सकिन । त्यसैले कुण्ठाग्रस्त जीवनयापन गर्न नसक्ने मनस्थितिमा उसले आफ्नो स्वत्वप्राप्ति खातिर आफ्नै प्रिय छोरी स्मृतिको जीवनलाई पनि खण्डित पार्ने दुस्साहस गरी (पृ.२८) ।

समाख्याताको यस कथनमा सोकेसमा सजिएको दाम्पत्य सम्बन्धमा बाँच्न नसक्ने तथ्यका साथै सम्बन्धविच्छेदमा नारीको स्वतन्त्र निर्णयको अवस्थालाई प्रस्तुत गरिएको छ । यसमा दर्पण र नीलाबीचको वैवाहिक सम्बन्ध कुण्ठाग्रस्त, कृत्रिम वा देखावटी मात्रै भएको अवस्थामा त्यसलाई तोड्ने निर्णय नीलाले लिएकी छ । यसर्थ उसले वैवाहिक सम्बन्धलाई तोडेर छोरीको जीवन पनि खण्डित पारेकी भए पनि आफ्नो स्वत्व पाएको अनुभूति गरेकी छ ।

यस उपन्यासमा नीलाकी छोरीले समेत प्रेम र वैवाहिक सम्बन्धमा नारीको स्वतन्त्र निर्णय भएको तथ्यलाई प्रस्तुत गरेकी छ । उसले आफ्नी आमालाई परपुरुषसँग खुसी मिल्ने भए विवाह गर्न पनि छुट दिएकी छ । 'मामु ! तिमी खुसी हुन्छचौ भने मलाई केही छैन । तर लोग्नेमान्छेलाई मैले भन्दा तिमीले बढी चिनेकी छचौ । आभाससँग तिमीले सजिलै जीवन बिताउन सक्छचौ ?" (पृ.२८) भन्ने प्रश्न गरेकी छोरी स्मृतिले आमालाई परपुरुषसँग विवाहका लागि मार्गप्रशस्त गरिदिएकी छ । उसको संशयले आमालाई सम्बन्धमा बढी गम्भीर हुनुपर्नेतर्फ ध्यानाकर्षण गरे पनि आफ्नो खुसीको मार्ग रोज्ने स्वतन्त्रताको बोध गराउन भने ऊ पछि परेकी छैन । यसले एउटा पुरुषसँग सम्बन्धविच्छेद गरिसकेपछि पुन: अर्कोसँग वैवाहिक सम्बन्धमा गाँसिन नारीको स्वतन्त्र अधिकार हुने कुरालाई प्रस्ट पारेको हुनाले यस उपन्यासमा प्रेम, वैवाहिक सम्बन्ध र सम्बन्धविच्छेदप्रतिको सचेतनालाई प्रस्तुत गरिएको छ ।

इन्दिरा प्रसाईका उपन्यासमा प्रेम, विवाह तथा सम्बन्धविच्छेदजस्ता विषयमा नारीको स्वतन्त्र निर्णय एवम् अधिकार रहेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । उनका उपन्यासका प्रमुख नारीपात्रहरू आफूलाई मन परेको प्रेमी छान्न, तिनैसँग विवाह गर्न र आफ्नो अस्तित्वमाथि खेलवाड गर्ने श्रीमान्सँग सम्बन्धविच्छेद गरेर स्वतन्त्र तवरले जीवन जिउने निर्णय गर्न सक्ने प्रकृतिका देखिन्छन् । तसर्थ प्रसाईका उपन्यासका नारीपात्रहरूमा प्रेम, विवाह एवम् सम्बन्धविच्छेदजस्ता विषयमा पुरुषसरह स्वतन्त्र निर्णय तथा नारीअधिकारको मागसम्बन्धी चेतना प्रबल बन्न पुगेको छ ।

## २.७ **निष्कर्ष**

प्रसाईका उपन्यासमा नारीपहिचानप्रति सचेत पात्रहरूको उपस्थिति प्रबल छ । उनका उपन्यासमा नारीका अधिकार, पहिचान,

वैयक्तिक स्वतन्त्रता, यौन तथा प्रजननका साथै प्रेम, विवाह तथा सम्बन्धविच्छेदसम्बन्धी चेतनाप्रति सजग पात्रका विचारका माध्यमबाट नारीपहिचानबोध मुखरित बनेका छन् । लैङ्गिक समानता, नारीको स्वतन्त्रतासम्बन्धी कानुनी अधिकार, वैवाहिक सम्बन्ध तथा सम्बन्धविच्छेदसम्बन्धी अधिकार एवम् कानुनी प्रक्रिया, वैयक्तिक निर्णय एवम् सम्पत्तिमा समानतासम्बन्धी अधिकारका विषयमा सचेत नारीपात्रको उपस्थितिमार्फत प्रसाईका उपन्यासमा नारीका अधिकारप्रतिको सचेतनालाई प्रस्तुत गरिएको छ । फरक लिङ्गका कारण मानिसमानिसमा विभेदको खाडल सिर्जना गरी पुरुषका तुलनामा नारीलाई अस्तित्वहीन प्राणीका रूपमा व्यवहार गर्ने पितृसत्तात्मक सोचको विरोध गर्ने नारीपात्रको उपस्थिति पनि प्रसाईका उपन्यासमा प्रबल देखिन्छ । यी चरित्रहरूले अस्तित्ववादी नारीवादीले भनेझैँ नारी दोस्रो दर्जाको नागरिक वा अन्या नभएर पुरुषसमान अस्तित्व भएकी चेतनशील मानवीय प्राणी हो भन्ने तथ्यलाई प्रस्तुत गरिएको हुनाले प्रसाईका उपन्यासमा नारीका पहिचानप्रतिको चेतना सबल बनेको छ । नारीलाई पनि पुरुषलाई सरह हिँड्डुल गर्ने, घरबाहिरको काम गर्ने, समाजमा घुलमिल भएर सामाजिक कार्यमा सहभागी हुने आदि अधिकारका साथसाथै प्रेम, विवाह, प्रजनन, सम्बन्धविच्छेद आदिजस्ता वैयक्तिक सन्दर्भमा स्वतन्त्र अधिकार भएको तर्क नारी तथा पुरुषपात्रका विचारका माध्यमबाट प्रसाईका उपन्यासमा प्रस्तुत गरिएको छ । उमेर पुगेपछि उचित वरको खोजी गर्नेदेखि लिएर मन नमिलेपछि वैवाहिक सम्बन्ध तोडेर स्वतन्त्र ढङ्गले जीवन बिताउन पाउनुपर्ने साथै विधवा नारीले समेत अर्को पुरुषसँग प्रेम तथा विवाह गर्न पाउनुपर्ने तर्कलाई उनका उपन्यासमा अभिव्यक्त भएका छन् । गर्भधारणदेखि सन्तानको सङ्ख्या निर्धारण, यौनसन्तुष्टिका लागि पुरुषसँगको सम्बन्धमा महिलाको आग्रह तथा स्वतन्त्रतालाई समेत स्थान दिइएको हुनाले प्रसाईका उपन्यासमा नारीको वैयक्तिक

स्वतन्त्रताप्रतिको सचेतना प्रस्तुत भएको छ । नारीका अधिकार, वैयक्तिक स्वतन्त्रता, प्रेम, विवाह, यौन, प्रजनन, गर्भपतन, सम्बन्धविच्छेद आदिप्रतिको चेतनालाई विभिन्न नारीपात्रका क्रियाकलाप, भूमिका तथा विचारका माध्यमबाट प्रस्तुत गरी नारीको स्वतन्त्र अस्तित्व र पहिचानको माग गरिएको हुनाले प्रसाईका उपन्यासमा बुभाले अघि सारेजस्तो अस्तित्ववादी नारीवादी मान्यता प्रबल बन्न पुगेको छ ।

**परिच्छेद : तीन**

# नारीप्रतिरोध र प्रसाईका उपन्यास

### ३.१ विषयपरिचय

प्रतिरोध कुनै आक्षेप, विभेद, तिरस्कार आदिबाट बचावटका निम्ति गरिने प्रतिक्रिया हो । पितृसत्तात्मक समाजमा नारीमाथि हुने दमन एवम् विभेदजन्य क्रियाकलापप्रतिको अस्वीकृति नारीप्रतिरोध हो । नारीको हकअधिकारको रक्षाका लागि विकसित नारीवादले नारीप्रति गरिने शोषण र विभेदजन्य क्रियाकलापप्रतिको प्रतिरोधी चेतनालाई जोड दिने गर्दछ । नारीवादले नारी र पुरुषबीच समान अधिकार तथा पहिचानको माग गर्दै नारीमाथि हुने हरेक किसिमका विभेदमाथि धावा बोल्नु प्रतिरोधी चेतना हो । यस किसिमको चेतनालाई अस्तित्ववादी नारीवादी सिमोन द बुभाले पनि आत्मसात् गरेको पाइन्छ । नारीहरूलाई लैङ्गिक आधारमा गरिने विभेद, वर्ग र जातिका आधारमा गरिने विभेद, धार्मिक, सांस्कृतिक एवम् सामाजिक क्षेत्रमा गरिने विभेद तथा समान श्रमको ज्यालामा गरिने विभेदको विरोध गरी हरेक क्षेत्रमा समान सहभागिता र समानताको मागमा उनले जोड दिएको पाइन्छ । नारीमा जागृत यस्ता चेतना कृतिमा के कसरी प्रस्तुत भएको छ भन्ने कुराको अध्ययनबाट नारीअस्तित्वसम्बन्धी चेतनाको पहिचान गर्न सकिन्छ । यसर्थ यस परिच्छेदमा प्रसाईका उपन्यासमा प्रस्तुत पितृसत्ताले गरेको नारीविभेदप्रतिको प्रतिरोधी चेतना, लैङ्गिक विभेदप्रतिको प्रतिरोधी

नारीचेतना, पारिवारिक एवम् सामाजिक विभेदप्रतिको प्रतिरोधी नारीचेतना, धार्मिक तथा सांस्कृतिक विभेदप्रतिको प्रतिरोधी नारीचेतना, यौनशोषणप्रतिको प्रतिरोधी नारीचेतना, आर्थिक एवम् राजनीतिक विभेदप्रतिको प्रतिरोधी नारीचेतना, वर्गीय विभेदप्रतिको नारीचेतना, विषमलिङ्गी वैवाहिक सम्बन्धको विरोध र समलैङ्गिक सम्बन्धप्रतिको आकर्षणसम्बन्धी नारीचेतनाको अलगअलग शीर्षकमा विश्लेषण गरिएको छ ।

### ३.२ पितृसत्तानिर्मित नारीविभेदको प्रतिरोध

पितृसत्ता पुरुषहरूको हालीमुहाली चल्ने र पुरुषलाई नै केन्द्रमा राखेर उनकै हितमा निर्मित शासनव्यवस्था बोकेको सत्ता हो । यसले नारीमैत्रीभन्दा पनि पुरुषहितार्थ नियमकानुन, धर्मसंस्कृति तथा चालचलनको निर्माण गर्दछ । नारीहरूले घरपरिवार, समाज र राज्यमा नै पितृसत्तात्मक व्यवस्थाले गरेको नारीप्रतिको दमन, अन्याय र अत्याचारका विरुद्धमा आवाज उठाउनु यसप्रतिको प्रतिरोधी चेत हो । पितृसत्तात्मक समाजमा पुरुषहरू सापेक्षिक रूपमा महिलाभन्दा बढी शक्तिशाली, बढी इज्जतदार, बढी साधनस्रोतले सम्पन्न भई महिलामाथिको आर्थिक शोषण, सामाजिक विभेद, हिंसा, दमनजस्ता क्रियाकलापमा सरिक देखिन्छन् । यस्तो समाजमा नारीलाई कोमल, सहनशील, निरीह, परनिर्भर, निष्क्रिय, असक्षम, डरपोक, भावावेशयुक्त, सेवक, पुरुषको सहायक र मनोरञ्जन दिने पात्र आदिका रूपमा हेरिन्छ । पितृसत्ताले महिलाको उत्पादन, श्रमशक्ति, गतिशीलता, यौनिकता, प्रजनन शक्ति, सम्पत्ति आदिमा नियन्त्रण गर्दछ । हाम्रो समाजमा विस्तारित पितृसत्तात्मक सभ्यता पुरुषकेन्द्रित, नियन्त्रित, सङ्गठित हुनाका साथै पारिवारिक, धार्मिक, राजनीतिक, आर्थिक, कानुनी र कलाजस्ता सबै सांस्कृतिक क्षेत्रमा महिलामाथि अधीन जमाउँदै पुरुषले गर्ने गरेको नेतृत्वले महिलालाई सीमान्तमा राखेको भनी त्यसको विरोधको अभ्याससवरूप नारीवाद आएको हो

(अब्राम्स र हर्फ्राम, सन् २००९, ८९) । नारीवादकै एक महत्त्वपूर्ण पक्ष अस्तित्ववादी नारीवादले पनि सीमान्तमा पारेर नारीमाथि विभेद र दमन गर्ने पितृसत्तात्मक संस्कार, सोच र व्यवहारको विरोध गर्दछ ।

अस्तित्ववादी नारीवादी बुभाका विचारमा नारीलाई पितृसत्ताले व्यक्तिगत सम्पत्ति ठानी आधिपत्य कायम गर्दछ । उनले पुरुषले आफ्नी पत्नीलाई आफ्नो व्यक्तिगत सम्पत्ति मान्ने मात्रै होइन कि निजी सम्पत्तिलाई अर्काको आधिपत्यमा नरहोस् भन्नसमेत चाहने धारणा राखेकी छन् (पृ.६७) । नारीलाई वस्तुका रूपमा हेर्ने र सदा आफ्नै काबुमा राख्न चाहने पितृसत्तात्मक सोच पुरुषमा रहन्छ । उनले पुरुषका नजरमा नारीका अलगअलग दमनात्मक रूपहरू भएको तर्क यसरी प्रस्तुत गरेकी छन् :

> नारी पुरुषका लागि खेल हो, साहसिक कार्य हो, तर ऊ एक परीक्षा पनि हो । ऊ विजयको उल्लास हो । साथसाथै निराशाको कटुता पनि । ऊ नाशको थुप्रो हो, सत्यानाश र मृत्युप्रति आकर्षणको रूप पनि । सम्पूर्ण महत्त्वपूर्ण जगत् मानौँ नारीमा निहित छ (पृ.९७) ।

बुभाको यस कथनमा नारीलाई कहिले ऊर्जाका रूपमा त कहिले पतनका रूपमा परिभाषित गर्ने पितृसत्ताको द्वैध चरित्रलाई प्रस्तुत गरिएको छ । एकातिर नारीलाई खेल, साहसिक कार्य, परीक्षा तथा विजयको उल्लासका रूपमा हेर्ने पितृसत्ताले अर्कातिर निराशाको कटुता, नाशको थुप्रो, सत्यानाश, मृत्युको आकर्षणका रूपमा समेत मान्ने गरेको छ । यस किसिमको पितृसत्तात्मक अवधारणा पुरुषका मनोमानीमा निर्माण भएको र सापेक्षित रहेको प्रस्ट हुन्छ ।

बुभाले नारीलाई पितृसत्ताले दासीका रूपमा व्यवहार गर्ने परिपाटीको समेत विरोध गरेकी छन् । उनले नारी प्रेम र प्रणयका

सम्बन्धमा पुरुषकी पूर्ण दासी हुने धारणा प्रस्तुत गरेकी छन् (पृ.११४) । यस्तै नारीलाई पुरुषले रहस्यका पात्रका रूपमा चित्रण गर्ने गरेको सन्दर्भप्रति उनको असहमति छ । उनले नारीहरूले पनि कहिलेकाहीँ पुरुषलाई बुझ्न सक्दैनन्, तर कहिल्यै पनि पुरुषलाई रहस्य भनिँदैन (पृ.११६) भनेर पुरुषनिर्मित नारीआरोपी अवधारणाको खण्डन गरेकी छ । यसमा उनले लिङ्गका आधारमा रहस्यमयी प्रवृत्ति भए नभएको घोषणा गर्ने परिपाटीको विरोध गर्दै पुरुष रहस्यमयी हुँदा उसलाई रहस्य नभनिने र महिलालाई भने सोही उपमा भिराइने पितृसत्तात्मक प्रवृत्तिको विरोध प्रस्तुत गरेकी छन् ।

परिवर्तनलाई आत्मसात् गरेका पुरुषहरूमा समेत पितृसत्ताको छाप रहिरहेको बुभाको कथन छ । उनले आधुनिक युगका पुरुषमा पनि नारीलाई हेर्ने नजर सकारात्मक भए पनि अस्पष्ट र विरोधाभाषी रहेको बताएकी छन् । उनको आजका पुरुष स्त्रीप्रति दोहोरो दृष्टिकोण राख्दछन्, उनीहरू स्त्रीलाई आफूबराबरको साथीका रूपमा हेर्न चाहन्छन् र साथसाथै उसलाई गौण पनि मान्दछन् भन्ने कथनले सो कुराको पुष्टि गरेको छ (पृ.११८) । समान हैसियतमा देख्न चाहने पुरुषमा नारीलाई गौण मान्ने मानसिकता रहनु विरोधाभाषी प्रवृत्ति भएको तथ्यलाई यसले द्योतन गरेको छ । यति मात्र होइन नारीहरूलाई सामाजिक व्यक्ति र कामवासना शान्त गर्ने साधन दुवै रूपहरूमा हेर्ने आधुनिक युवाको दृष्टिकोण उत्तिकै घातक रहेको पनि उनको भनाइ छ । उनले नारीले पुरुषको स्थिति पनि ग्रहण गरोस् र पुरुषको चाह पनि बनिरहोस् भन्ने पितृसत्तात्मक सोच गलत रहेको टिप्पणी गरेकी छन् (पृ.११८) । पितृसत्ताकै हितका लागि निर्मित नारीपात्रमा राखिएको दोहोरो विरोधाभाषी अपेक्षा असान्दर्भिक र समस्यामूलक रहेको बुभाको दाबी छ ।

बुभाले पितृसत्ताले निर्माण गरेको लैङ्गिक विभेदको पर्खालको विरोध गर्दछिन् । उनले नारीलाई दोस्रो दर्जाका नागरिकका रूपमा

व्यवहार गर्ने सामाजिक परिपाटी नै लिङ्गका आधारमा गरिने विभेदको मूल कारक भएको बताएकी छन् । महिला जन्मदेखि नै महिला हुन्न, बरु बढेर महिला बन्दछे (पृ.१२०) भन्ने उनको कथनले पितृसत्तात्मक समाजनिर्मित संस्कार, धारणा, व्यवहार आदिले महिलालाई महिला बनाएको तथ्यलाई निर्देश गरेको छ ।

पितृसत्तात्मक समाजमा महिला दमनको शृङ्खला कसरी विकसित भएको हुन्छ र त्यसले महिलालाई कुन मार्गमा पदचापका लागि निर्देश गर्छ भन्ने तथ्यलाई बुभाले यस प्रकार प्रस्तुत गरेकी छन् :

> विकासका क्रममा शिशु केटी केटाको अपेक्षा अधिक सुविधाप्राप्त जीव हुन्छे । उमेर केही बढेपछि केटाका तुलनामा केटी बढी मायाले फुल्याइन्छे । ऊ आमाको आँचलमा टाँसिइरहन्छे र पिता उसलाई काखमा लिएर उसको कपाल मायाले सुमसुम्याउँछ । सुन्दर कपडा लगाउने र कुरैकुरामा रुने यो सानी गुडिया (खेलौना)ले ठूलाहरूबाट अधिक सहारा र सुरक्षा पाउँछे । साना केटालाई कुनै प्रकारको नाटकीयता वा लोभ्याउने चेष्टा गर्दा भनिन्छ कि पुरुष यति मायाममता चाहँदैनन्, उनीहरू बारम्बार ऐना हेर्दैनन् । उनीहरू हरदम रोइरहँदैनन् । केटासँग मानिस बन्न भनिन्छ (पृ.१२१) ।

यस कथनमा उनले बाल्यकालदेखि नै केटा र केटीमा फरक व्यवहार, क्रियाकलाप तथा सोच सिकाउने सामाजिक परिपाटीको विरोध गरेकी छन् । पुरुषहरू बढी मायाममता नचाहने, बारम्बार ऐना नहेर्ने, नरुने स्वभावका हुने भन्ने सन्दर्भले नारीहरू यसका विपरीत स्वभावका हुने सोचलाई प्रस्ट पारेको छ । यसले केटालाई मानिस बन्न प्रेरित गर्ने पितृसत्तात्मक समाजले केटीलाई शृङ्गारपटार र ममताको पिलन्धरे प्रवृत्तिमा अल्झाउने परिपाटीको समेत विरोध गरेको छ । यस्तै बुभाले बच्चालाई ऊ केटा भएकाले श्रेष्ठ हो भन्ने कुरा सुरुदेखि नै बुझाइने (पृ.१२२) पितृसत्तात्मक सोचको पनि

विरोध गरेकी छन् । यसरी नारी र पुरुषमा लिङ्गका आधारमा विभेदको पाठ पढाएर सोही मार्गमा सदैव प्रेरित गर्ने पितृसत्तात्मक परिपाटीको अस्तित्ववादी नारीवादले विरोध गर्दछ ।

मनोविश्लेषणवादी फ्रायडदेखि लिएर अन्य मनोवैज्ञानिकहरूले समेत नारीहरूमा लिङ्गको अभावका कारण शिश्नईर्ष्या हुने र हीनताबोध हुने मान्यता राख्दछन् । यसको विरोध गर्दै बुभा भन्छिन् : 'केटीले आफ्नो शरीरमा कुनै कमी पाउँदिन, बरु उसले स्वयम् पूर्ण भएर पनि आफूलाई जगत्बाट केही भिन्न पाउँदछे । बाह्य परिस्थितिगत कारणले उसलाई आफ्नै नजरमा हीन बनाइदिन्छ' (पृ.१२२) । उनको यस कथनले नारीहरूलाई लिङ्ग अभावका कारणले हीनताबोध हुने र पुरुषप्रति ईर्ष्या जाग्ने नभएर आफ्नो शरीरप्रति पूर्णताको महसुस हुने र आफू अरूभन्दा भिन्न भएको अनुभूति हुने कुरालाई प्रस्ट पारेको छ तर नारीहरूलाई बाह्य परिस्थिति वा समाजले हीनताबोधको सिकार बनाइदिने बुभाको तर्क छ ।

पितृसत्ताले यौनसम्बन्धमा नारी र पुरुषको भूमिकाका बारेमा समेत फरक मानक स्थापना गरेको छ । यौनसम्बन्ध नारीको कमजोर र पुरुषको शक्तिशाली भूमिका रहने पितृसत्तात्मक सोचको विरोध गर्दै बुभा भन्छिन् :

> संसारको शासक पुरुष हो । उसको इच्छाको प्रभावशीलता उसको प्रभुत्वको प्रतीक हो । यौनक्षमतासम्पन्न पुरुषलाई मजबुत र शक्तिशाली आदि विशेषणहरूद्वारा अलङ्कृत गरिन्छ । यी गुणहरू उसको क्रियाशीलता र उत्कृष्टताको प्रतीक हुन् । स्त्री अन्या हो । व्यावहारिक सम्पर्कहरूको जगत्मा नारीलाई कि त अधिक कामुक कि बिलकुल ठन्डी/निष्क्रिय भन्ने गरिन्छ, अर्थात् उसलाई निष्क्रिय वस्तुका रूपमा नै हेरिन्छ (पृ.१५७) ।

पितृसत्ताले निर्माण गरेको अवधारणाले पुरुषलाई संसारकै शासक घोषणा गरेको बुभाको मत छ । यस्तै पितृसत्तात्मक समाजमा यौनक्षमतासम्पन्न पुरुष मजबुत र शक्तिशाली मानिने र यी गुणहरू उसको क्रियाशीलता तथा उत्कृष्टताको प्रतीक हुने उनको आरोप छ । तर नारीलाई अन्याका रूपमा व्यवहार गर्ने मात्र हैन व्यावहारिक सम्पर्कको जगत्मा कामुक, ठन्डी तथा निष्क्रिय वस्तुका रूपमा हेरिने प्रवृत्तिको समेत उनले विरोध गरेकी छन् । यसरी पितृसत्ताले निर्माण गरेको पुरुषप्रभुत्व र शक्तिका विपरीत नारीको निष्क्रियता र कामुकताको आरोप अन्याका रूपमा नारीलाई हेरिने परिपाटीको सूचक साबित हुन्छ ।

पितृसत्ता हरेक क्षेत्रमा पुरुषको श्रेष्ठताको वकालत गर्ने सामाजिक व्यवस्था हो । यसले पुरुषसत्ताको गरिमा र सर्वोपरिताको पक्षमा ध्यान दिन्छ । यस सम्बन्धमा बुभा भन्छिन् :

> वास्तवमा पुरुष यो संसारको सत्य हो, सर्वोच्च सत्ता हो । ऊ चमत्कारपूर्ण हो, स्वामी हो, दृष्टि हो, सिकारी हो, आनन्द हो, कर्मठता हो, मोक्ष हो र उसमा सृष्टिको सर्वोपरिता मूर्त भएको छ । पुरुष नै यस दुनियाँको प्रत्येक प्रश्नको उत्तर हो (पृ. २६८) ।

बुभाको यस कथनमा पितृसत्ताले पुरुषलाई संसारकै सत्य र सर्वोच्च सत्ताका रूपमा हेर्ने गरेको दृष्टिकोण राखेकी छन् । यस्तै पुरुषलाई चमत्कारपूर्ण, स्वामी, दृष्टि, सिकारी, आनन्द, कर्मठ, तथा मोक्षजस्ता विशेषणका आभूषण पहिऱ्याउने पितृसत्ताले संसारका हरेक प्रश्नको उत्तरका रूपमा समेत पुरुषलाई लिने गरेको आरोप बुभाको छ । यसरी पितृसत्ताले पुरुषकै सत्ता र सामर्थ्यको गुणगान गाउने मात्र नभएर संसारकै सर्वज्ञका रूपमा लिने गरेको सम्बन्धमा अस्तित्ववादी नारीवादको असन्तुष्टि देखिन्छ ।

पितृसत्तात्मक समाजव्यवस्थाले नारी र पुरुषमा विभेद गर्ने मात्र होइन, नारीलाई समान अवसर र भूमिकामा उभिन नदिने परिपाटीप्रति अस्तित्ववादी नारीवादको ध्यानाकर्षण भएको छ । बुभाले पुरुषले उसकी सङ्गिनी पनि उसको बराबर होस् भन्ने कहिल्यै नचाहेको बताएकी छन् (पृ.३८३) । उनले विभेदपूर्ण र दमनात्मक परिस्थितिले नारीलाई विद्रोही बनाएको दाबी गरेकी छन् । उनी भन्छिन् :

> नारी सिकारीको जालमा फसेकी एक सिकार हो, कहिले ऊ विद्रोह गर्दछे, क्रूर हुन जान्छे तर अन्याय एवम् दमनको साझेदार त हो नै । वास्तवमा गल्ती पुरुषहरूले बनाएको व्यवस्थाको हो । नारीसँग त यो समाज, यो धर्म, यो न्यायसंहिता बनाउने बेला कसैले सल्लाह लिएन (पृ.३८७) ।

बुभाको यस कथनमा नारीलाई जालमा फसेकी सिकारसँग तुलना गरिएको छ । जालबाट उम्कनका लागि नारीले क्रूर भएर विद्रोह गरे पनि पुरुषनिर्मित पितृसत्तात्मक व्यवस्थाले उम्कन नदिने उनको अभिप्राय छ । समाजका मूल्यमान्यता, धर्म, न्याय बनाउने बेलामा नारीबाट पुरुषले राय नलिई आफ्नो हितका लागि मनोमानी ढङ्गले निर्माण गरेको हुनाले पितृसत्तात्मक व्यवस्थामा नारीमाथि विभेद र दमन हुनु स्वाभाविक भएको अस्तित्ववादी नारीवादी बुभाको ठहर छ । यसले नारी र पुरुषबीच विभेदकारी नीति तथा कानुनी व्यवस्था निर्माण गरेर पितृसत्ताले नारीमाथि गरेको दमनात्मक व्यवहारप्रतिको विद्रोहात्मक चेतलाई प्रस्ट पारेको छ ।

इन्दिरा प्रसाईको ‘विश्वामित्र’ उपन्यासमा पितृसत्तात्मक समाजमा नारीमाथि गरिने विभेद र शोषणलाई प्रस्तुत गरिएको छ । पितृसत्ताकै प्रभावस्वरूप बहुविवाह गरी रमाइरहने पुरुषका सापेक्षमा नारीको विचलित अवस्था र प्रेमप्रतिको उदासीनतालाई यस

उपन्यासकी मेनकाले व्यक्त गरेकी छ । मेनकाले आफू कान्छी श्रीमती भएको जान्दाजान्दै पनि पहिलेकी स्वास्नीसँग अलग्गिएर नयाँ घरबार जमाउन खोज्ने पुरुषसँग स्वाभाविक र प्रेमपूर्ण जीवन बिताउने अपेक्षा राखेकी छ । तर विश्वामित्रले सो भावलाई गहन रूपमा नलिई सुमित्रातिर नै फर्किएको मानसिक रापबाट जलेकी मेनका मानसिक रूपमा विचलित बनेर दुर्घटनाको सिकार बनेकी छ । 'अचानक एक दिन एउटा खबर फैलियो, मेनकाले आत्मदाह गरी' (पृ.४) भन्ने समाख्याताको कथनले नारीहरू पितृसत्ताबाट कतिसम्म उत्पीडित हुन्छन् भन्ने तथ्यलाई प्रस्ट पार्छ । नारीले सहन सकुन्जेल सहेको तर दमन र मानसिक उत्पीडनको उग्रतामा ज्यानै त्यागेको यो घटनाले बहुविवाहका कारण नारीलाई जति पुरुषलाई नकारात्मक प्रभाव नपर्ने र त्यसलाई हल्का ढङ्गले लिने पितृसत्तात्मक प्रवृत्तिलाई पनि द्योतन गर्दछ ।

पतिलाई पूर्ण रूपमा आफ्नो तुल्याउन नसक्नु र जीवनलाई सहज रूपमा भोग गर्न नसक्नु जस्ता समस्या मेनकामा देखिन्छन् । प्रेममा भावनात्मक रूपमा एकोहोरिएका वा बाँधिएका नारीमाथि केवल वासनाको पूर्तिका लागि मात्र सम्बन्ध जोडेजस्तो देखिने पुरुषको चरित्र पितृसत्ताकै उपज हो । मेनकाको सुन्दर देहलाई आगोले खाइसक्नु र अचेतावस्थामा पुग्नुको प्रमुख कारण नै पितृसत्तात्मक समाजमा पुरुषको हालीमुहाली तथा लापरबाहीपूर्ण सम्बन्ध नै हो । 'उसले आत्महत्या गर्नुको पछाडि पनि कोही दोषी छ, जसले उसलाई आत्महत्याका लागि विवश तुल्यायो । त्यहाँ कुनै ठूलो कारण हुनुपर्छ' (पृ.५) भन्ने समाख्याताको कथनले सोही कुरालाई सङ्केत गरेको अनुमान गर्न सकिन्छ । मेनका आत्महत्याको स्थितिमा पुग्नुका पछाडि अन्य कारणभन्दा पनि स्वच्छ प्रेमसम्बन्ध र विश्वासमाथि पाएको धोका रहेको तथ्यलाई उपन्यासका यस सन्दर्भहरूले पुष्टि गरेको छ ।

इन्दिरा प्रसाईको यस उपन्यासमा नारीलाई बिगार्ने र उपभोग्य वस्तुका रूपमा लिने पुरुषको मात्र उपस्थिति छैन । नारीको पढ्ने उमेर, शिक्षाको आवश्यकता र समयअनुरूपको प्राथमिकतालाई ध्यान दिने पुरुष पात्रका रूपमा सुरेन्द्रलाई लिन सकिन्छ । मेनकाको पत्रको जबाफ दिने क्रममा सुरेन्द्रले भनेको छ :

> राम्ररी पढ, यस्तो कर्ममा लाग्नु हुन्न, आफ्नो उद्देश्य बलियो हुनुपर्छ, मेरो लक्ष्य ठूलो छ, म विद्या आर्जन गरेर आफ्नो भविष्य बनाउन डटेको छु । तिमीजस्ती बुद्धिमती केटीबाट मैले यस्तो आशा गरेको थिइनँ । यो सङ्गतको फल हुनुपर्छ । सङ्गत राम्रो गर । म तिम्रो उज्ज्वल भविष्यको कामना गर्दछु (पृ.३०) ।

यसमा उसले मेनकाको प्रेमप्रस्तावलाई सीधै अस्वीकार गर्नुभन्दा पढाइप्रति अभिरुचि बढाउन र तल्लीन हुन आग्रह गरेको हुनाले नारीप्रति सकारात्मक सोच राख्ने र आत्मनिर्भरताको मार्गमा लम्किन सुझाव दिने पात्रका रूपमा उसलाई लिन सकिन्छ । उसले गलत साथीको सङ्गतले मेनकामा कुमार्गतिर लाग्ने सोच पलाएको हुन सक्ने विचार राख्दै बुद्धिमती केटीका रूपमा उसको परिचय दिएको छ । यसर्थ मेनकाको अल्लारेपनलाई सम्झाउँदै सही मार्गनिर्देश गर्नमा सुरेन्द्रको भूमिका सकारात्मक देखिन्छ ।

पितृसत्तात्मक समाजमा नारीका सानातिना गल्तीमा ठूलो सजायँ दिन तत्पर पुरुषको उपस्थिति देखिन्छ । यस उपन्यासमा विश्वामित्रले सुमित्रालाई त्याग्नु र मेनकालाई रोज्नुका पछाडि खास जटिल कारण देखिँदैन । विश्वामित्रका चाह र सुमित्राका व्यवहारलाई समाख्याताका कथनमार्फत उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> उसका हातहरू लोग्ने र छोराछोरीका लागि स्वेटर बुनिरहेका हुन्थे, अन्यथा कुनै कुरुस काँटाले लेस, झल्लरी बुन्दै गरेका

हुन्थे अथवा कुनै मेजपोश, तन्ना, टिभी कभरको कढाइ वा पेन्टिङको काम गरिरहेका हुन्थे । विश्वामित्रलाई सुमित्राले गरेका यी कुनै काम मन पर्दैनथे । विश्वामित्र घरमा भएका बेला शयन कक्षमा सुमित्राको प्रेमपूर्ण उपस्थितिको मात्र आवश्यकता महसुस गर्दथ्यो (पृ.५४) ।

यस कथनमा लोग्ने र छोराछोरीकै खुसीका लागि सदैव व्यस्त रहने सुमित्राको बानी उसकै लोग्नेलाई मन नपर्ने र विश्वामित्रले उसलाई शयन कक्षमा प्रेमपूर्ण उपस्थितिको अपेक्षाका नजरले मात्र हेर्ने तथ्यलाई प्रस्तुत गरिएको छ । ऊ भन्छ : '...मसँग बिताउने समय नै थिएन ऊसँग त्यस बेला । उसका हजारौँ व्यस्तताहरूबीच मेरो चाहनाको कुनै अर्थ राख्दिनथी ऊ' (पृ.४९) । उसको यस कथनले नारीले पुरुषको चाहअनुरूप सधैँ सिङ्गारिएर बस्नुपर्ने र यौनेच्छापूर्तिका लागि सदा तत्पर रहनुपर्ने कुरालाई सङ्केत गरेको छ । आफ्नो सीपको सदुपयोग गरी व्यस्त रहेकी र आत्मनिर्भर बन्ने कोसिस गरेकी सुमित्राले उसको चाहलाई बुझ्न नसकेको आरोप विश्वामित्रले लगाएको छ । यस किसिमको आरोप र नारीलाई मुठीमा लिई सौन्दर्यपान गर्न खोज्ने प्रवृत्ति पितृसत्तात्मक व्यवस्थाकै द्योतक हो ।

यस उपन्यासमा विश्वामित्रले सुमित्रासँग मागेको माफीले पितृसत्तात्मक सोचको विरोध र नारीहितको अपेक्षालाई सङ्केत गरेको छ । 'तिम्रो के दोष छ र सुमु ! मलाई माफ गर, म तिम्रो अपराधी हुँ, आर्द्र भएर विश्वामित्र बोलेको थियो' (पृ.५२) भन्ने समाख्याताको कथनमा विश्वामित्रको पश्चात्ताप र अपराधबोधलाई प्रस्तुत गरिएको छ । यसले क्षणिक आवेशमा आएर आफ्नो स्वार्थपूर्तिका लागि श्रीमतीलाई त्याग्ने पुरुषमा जागेको आत्मग्लानिका माध्यमबाट पितृसत्तात्मक सोचको विरोध र नारीप्रतिको सम्मानभावलाई प्रस्ट पारेको छ ।

इन्दिरा प्रसाईको 'रनमाया' उपन्यासमा पितृसत्तात्मक समाजमा नारीलाई हेय दृष्टिले हेर्ने, लैङ्गिक विभेद गर्ने, घरको चौघेरामा सीमित पार्ने आदि प्रवृत्तिका मात्र नभएर त्यसका विरुद्ध समान सम्मान, माया तथा भूमिका दिने पुरुषको पनि उपस्थिति देखिन्छ । यस उपन्यासमा रनमायाकी आमा भन्छिन् : 'तिमेरका बाउले मलाई समेत कहिल्यै दुःख गर्न दिएनन् । भातभान्से पनि राखिदिने गरेको तिमीहरूलाई थाहै छ' (पृ.२३) । यस कथनले तत्कालीन पितृसत्तात्मक व्यवस्थाको चरम दमन रहेको समयमा समेत रनमायाको बाबुले रनमायाकी आमालाई गर्ने गरेको प्रेम, सहयोग र सम्मानलाई प्रस्ट पारेको छ । पितृसत्ताकै प्रभावका कारण नारीमाथि दमन गर्ने परिपाटी हरेक पुरुषमा नहुने तथ्यलाई यसले द्योतन गर्दछ । यो यस उपन्यासमा प्रस्तुत गरिएको नारीप्रतिको सकारात्मक व्यवहार र दृष्टिकोणको उदाहरण मात्र नभएर अस्तित्ववादी नारीवादले भनेझैँ नारीको सम्मान र अस्तित्वको खोजीप्रतिको सङ्केत पनि हो ।

इन्दिरा प्रसाईको यस उपन्यासका पुरुष पात्र शिवबहादुर खड्का अर्थात् रनमायाका ससुरा भने पितृसत्तात्मक सोच र व्यवहारबाट प्रभावित छन् । उनले रनमायाका बुबाले झैँ श्रीमतीलाई जतिसुकै प्रेम गरेको भए पनि श्रीमतीको महिनावारी सुकेपछि अर्की बिहे गरेर छोरा पाउने मनसाय पूरा गरेका छन् । यस उपन्यासमा समाख्याताले भनेको यस कथनले सो कुरालाई प्रस्ट पारेको छ :

> बिहानीपख बूढीले उठेर साबिक झैँ बूढाका खुट्टा ढोगिदिई । त्यसै बेला बूढाले बूढीलाई च्याप्प समातेर छातीमा टाँसे । हेर बुढी ! जङ्गेले मेरो चित्त दुखायो, म अर्को पनि एक भाइ छोरो जन्माएर छोड्छु । जेठोको पत्तो छैन... तेरो महिनावारी सुकिसक्यो, तँबाट सन्तान हुँदैनन् पनि, म बिहे गर्छु (पृ.२६) ।

सन्तानका सानातिना कुराले चित्त दुखेकै भरमा महिनावारी सुकिसकेकी श्रीमतीबाट सन्तानको रहर गर्ने र पूरा नहुने बोध

भएपछि बहुविवाहको निर्णय लिने स्वतन्त्र अधिकार पुरुषलाई मात्र भएको सन्दर्भलाई यसमा प्रस्तुत गरिएको छ । यस निर्णयपश्चात् साठी वर्षका शिवबहादुरले सोह्र वर्षकी फूलमायालाई बिहे गरे (पृ.२६) भन्ने उपन्यासको सन्दर्भले बहुविवाह मात्र नभएर अनमेल विवाहको पितृसत्तात्मक प्रचलनलाई द्योतन गरेको छ ।

रनमायाका पति गोपालसिंह भने आफ्नी श्रीमतीलाई साँच्चै प्रेम गर्छन् । उनी नभएको क्षण रनमाया कल्पना पनि गर्न सक्दिनन् । उनका पति पनि रनमायाबिनाको जीवन अर्थहीन मान्दछन् । यस उपन्यासमा समाख्याताको 'गोपालसिंह हत्तपत्त कसैको चित्त दुखाउँदैनथे, त्यसमा पनि आफ्नी प्राणप्रिया पत्नी रनमायाले अलिकति अँध्यारो मुख मात्रै पारिन् भने पनि बूढालाई संसारै अँध्यारो लाग्थ्यो' (पृ.३२) भन्ने कथनले सोही भावलाई स्पष्ट पारेको छ । यस उपन्यासमा प्रस्तुत गरिएको रनमाया र गोपालसिंहबीचको सम्बन्धमा देखिएजस्तो पति र पत्नीमा सुमधुर सम्बन्ध, एकअर्काको अस्तित्व र पहिचानको समान बोधसम्बन्धी अपेक्षा अस्तित्ववादी नारीवादको मूल ध्येय हो ।

इन्दिरा प्रसाईको 'शिखा' उपन्यासमा पितृसत्तात्मक संस्कारले निर्माण गरेको प्रचलनका कारण नारीहरूले भोग्नुपरेको दमनप्रतिको चेतनालाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा परिवारमा घरबाहिर गएर कमाउने जिम्मा पुरुषमा भएको र नारीले घरभित्रै खुम्चिएर पुरुषको कमाइमा रमाउनुपरेको पितृसत्तात्मक प्रचलनलाई यस प्रकार प्रस्तुत गरिएको छ :

> उनले मलाई दिएको मूल्य हो प्रत्येक महिना उनले कमाएको मोटो रकम मेरो हातमा हाल्दिनु, चाडपर्वमा लुगाफाटा किनिदिनु, सेफमा भएका गहना र रुपैयाँपैसाको पहरेदारी गराउनु । यस मूल्यलाई मैले आफ्नो अस्तित्वको पराजय ठानी लत्याउँदै आएकी छु (पृ.१७) ।

समाख्याताको उपर्युक्त कथनमा श्रीमान्ले कमाएर ल्याएको सम्पत्तिले नारीमा सुख थपिनुभन्दा अस्तित्वको पराजयको महसुस गरेको नारीचेतनालाई प्रस्तुत गरिएको छ । यसले पुरुषले कमाएर नारीलाई पाल्ने पितृसत्तानिर्मित प्रचलनको विरोध गर्दै त्यसले नारीलाई पहरेदारका रूपमा मात्र नभएर अधीनस्थ बनाएको सन्दर्भको समेत विरोध गरेको छ ।

विवाहपछि नारीका पहिरन र शृङ्गारका सम्बन्धमा पितृसत्ताले बनाएको नियमले नारीमाथि पुऱ्याएको असर र ती नियमले सिर्जना गरेको बाध्यकारी अवस्थाको विरोध यस उपन्यासमा गरिएको छ । '...मलाई रातो लुगा र गहनाको गन्धले समेत बान्ता हुन खोज्छ । सुरुसुरुमा उनी निकै जोरजबर्जस्ती गर्न खोज्थे तर मैले नकारेरै जितेँ' (पृ.१७) भन्ने समाख्याताको कथनले विवाहबन्धनमा बाँधिएपछि नारीलाई रातो रङको पहिरन र शृङ्गारमा सजिनुपर्ने पितृसत्ताको नियमप्रतिको विद्रोहलाई प्रस्तुत गरेको छ । विवाह भएको पहिचान खुलाउन पुरुषले भने पहिरनमा केही परिवर्तन गर्न नपर्ने तर नारीका लागि थोपरिएका बन्धनयुक्त प्रचलनले आजित बनेकी म पात्रको विद्रोही चेतनालाई प्रस्ट पारेको छ ।

इन्दिरा प्रसाईको 'उसको लोग्ने र बिरालो' उपन्यासमा पितृसत्ताले नारीमाथि गर्ने विभेदप्रति विद्रोहात्मक स्वर प्रस्तुत गरिएको छ । यस उपन्यासमा वैवाहिक जीवनबाट असन्तुष्ट भएर भनौँ वा लोग्नेको परस्त्रीसँग लाग्ने प्रवृत्तिलाई सहन नसकेर भनौँ नीलाले श्रीमान्सँग सम्बन्धविच्छेद गरी मन मिल्ने पुरुषसँग नाता जोडेकी छ । यस क्रममा उसले आभासलाई आफ्नो प्रेमीका रूपमा चयन गरेर ऊसँगै यौनचाहना पनि पूरा गरेकी छ । यसले नारीप्रति बनाइएको पितृसत्तात्मक सोचको विरोध गरी नारीस्वतन्त्रता तथा समानताको स्थितिलाई द्योतन गरेको छ ।

पुरुषले नारीको मनोभावनाको विचार नगर्ने तर नारीबाट भने हरेक कुराको समर्थन र त्यागको अपेक्षा गर्ने पितृसत्तात्मक समाजमा नारीको बलिदानकै पनि कदर हुने गरेको देखिँदैन । विवाहपछि श्रीमान्का खुसीका लागि नारीले जस्तोसुकै त्याग र बलिदान गर्न पनि पछि नहट्ने सन्दर्भलाई समाख्याताको 'एक त बिरालो, त्यसमा पनि यस्तो कलिलो छाउरो आफ्नै काखमा आफूले राख्नुपर्दा नीलालाई सिकसिको लागेजस्तो भएर जिरिङ्ग पनि भएको थियो । 'आभासको खुसीका लागि बोकिदिन्छु' । नीलाले मनमनमा यस्तै सोचेकी थिई (पृ.६८) भन्ने कथनमार्फत प्रस्तुत गरिएको छ । आफूलाई मन नपर्ने भएर पनि आभासको खुसीका लागि नीलाले बिरालो बोकिदिएको सन्दर्भलाई यस कथनमा प्रस्तुत गरिएको छ । यति मात्र होइन, नीलाको काखमा बिरालाले मलमूत्र त्याग गरिदिएपछिको नीलाको सिकसिको र आभाससँगको अपेक्षालाई यसरी प्रस्तुत गरिएको छ :

> नीला, कठै तिमीलाई बिरालाको गुहुमुतमा लपेसिनुपर्दा कति सिकसिको लाग्या होला ? आभासले आफ्नो अँगालोमा उसलाई बाँधेर यसो भनिदिए हुन्थ्यो भन्ने अपेक्षामा नीला थिई । तर मोटर रोकिनेबित्तिकै पेरुङ्गोबाट बिरालो झिकेर सुमसुम्याइरहेको आभासले नीलातिर हेर्दा पनि हेरेन (पृ.७३) ।

नीलाले आफ्नो श्रीमान्का लागि सहेको सिकसिकोको कुनै मूल्य नभएको बोध यसमा गरेकी छ । यसमा नीलाले आभासले आफूलाई बिरालाका कारणले परेको असरका बारे सोधिदिए हुन्थ्यो, दयाभाव राखिदिए हुन्थ्यो वा सहानुभूति जनाइदिए हुन्थ्यो भन्ने अपेक्षा पूरा नभएको बरु उल्टै आफूलाई बेवास्ता गरेर बिरालोलाई नै सुमसुम्याइरहेको र फर्केर एक नजर पनि नहेरेको सन्दर्भमार्फत पुरुषको नारीप्रति भन्दा मानवेतर प्राणीप्रतिको ध्यान र प्रेम बढी भएको तथ्यलाई प्रस्ट पारिएको छ । यसले पुरुषका लागि नारीको

मूल्य बिरालाको जति पनि नहुने तर पुरुषको खुसीका लागि नारीले जस्तोसुकै त्याग गर्न पछि नपर्ने सन्दर्भलाई द्योतन गरेको छ । यस उपन्यासमा समाख्याताले भनेको 'नीलालाई लाग्यो, आभासलाई ऊ हुनुको र नहुनुको खास अर्थ रहेनछ' (पृ.९५) कथनले पुरुषका अगिल्तिर नारीको कुनै अस्तित्व नरहेको तथ्यलाई प्रस्ट पारेको छ । यसले पितृसत्तात्मक समाजमा पुरुषका लागि नारीको कुनै मूल्य नहुने अनुभूति हरेक नारीले गर्ने गरेको सन्दर्भलाई मात्र द्योतन गरेको छैन कि पितृसत्ताले नारीको मूल्यमाथि गर्ने उपहासप्रतिको सचेतनालाई पनि प्रस्ट पारेको छ ।

यौनचाहनाका विषयमा खुलेर कुरा गर्नु नारीको छाडापन र वेश्यावृत्तिको उपमा गुथाउने पितृसत्तात्मक समाजमा नारीहरू यस विषयमा मौन रहने परिपाटीको विकास भएको छ । यस उपन्यासमा यसैको दृष्टान्तका रूपमा नीलाको अवस्थालाई समाख्यातामार्फत 'अप्राप्तिजन्य पीडाको मर्मले छटपटिएकी नीलाले आभासलाई नजाऊ भनेर रोक्न पनि सकिन र ऊ गएको सत्यलाई हार्दिकतापूर्वक स्वीकार गर्न पनि सकिन । आफ्नै शरीरको जलन र मनको आगाको रापमा नीला छटपटिइरही मात्रै' (पृ.९६) भन्ने कथनमार्फत देखाइएको छ । नीलाको अवस्थालाई कारुणिक रूपमा प्रस्तुत गरिएको समाख्याताको यस कथनमा नारीको यौनप्यासलाई ध्यान नदिने पुरुषका कारण नारीले भोग्नुपरेको बेचैनी र जलनलाई प्रस्ट पारिएको छ । यसमा नीलाको शारीरिक आवश्यकतालाई पूरा नगरी बिरालाको सेवासुश्रुषामा जुट्ने आभाससँग उसले कुनै गुनासो गर्न नसक्नु र पुन: सम्बन्धका लागि आग्रह गर्न नसक्नु पितृसत्तात्मक समाजकै प्रभाव हो । उसले मनभरि रहरहरू सँगालेर पनि निर्धक्कसँग पुरुषले झैँ यौनसम्बन्धका लागि प्रस्ताव राख्नु परैको कुरा, अपूरा इच्छाका बारेमा असन्तुष्टि व्यक्त गर्न पनि नसक्नु पितृसत्तात्मक समाजमा यौनका बारेमा कुरा गर्न नारीमाथि गरिएको बन्देजको उपमा हो ।

तर यस उपन्यासमा चाहे पहिलो श्रीमान्सँगको होस्, चाहे दोस्रोसँग नै किन नहोस्, पुरुषसँगको गुनासाले धैर्यको बाँध भत्काएपछि नीलाजस्ता सहनशील नारी पनि पितृसत्तात्मक दमनका विरुद्धमा कसरी विद्रोहात्मक रूपमा उपस्थित हुन्छन् भन्ने सन्दर्भलाई पनि देखाइएको छ ।

पहिलो श्रीमान्सँग सम्बन्धविच्छेद गरेर आभाससँग सम्बन्ध जोडेकी नीलाले ऊसँगको अनेक गुनासालाई सहने धैर्य टुटेपछि नै अर्को साहसिक कदम चालेकी हो । उसले नारीलाई आफ्नै हिसाबले बाँच्ने छुट भएको र हरेक उत्पीडनलाई सहेर श्रीमान्श्रीमती सँगै बाँच्नुपर्छ भन्ने नभएको तर्क यसरी प्रस्तुत गरेकी छ : 'हामी दुवैको आआफ्नो जीवन आआफ्ना लागि उत्तिकै महत्त्वपूर्ण छ । तिमीसँग बिहे गर्नुको भूल सच्च्याएर अब म तिमीसँग छुट्टिएर बाँच्न चाहन्छु । आभास मलाई लाग्छ हामी दुवैको वैवाहिक जीवनबाट हामी दुवैले एकअर्कालाई मुक्त गर्नुमै हामी दुवैको कल्याण छ' (पृ.११०) । यस कथनमा नीलाले नारी र पुरुषको अस्तित्व समान रहेको र जीवनको महत्त्व पनि उत्तिकै रहेको सन्दर्भलाई प्रस्तुत गरेकी छ । यसमा आभाससँग बिहे गर्नु नै भूल भएको उसको धारणा छ । यस्तै जीवनका अनेक गुनासाहरूलाई सहेर आरोपप्रत्यारोपमा दुःखी जीवन बिताउनुभन्दा दुवै स्वतन्त्र भएर जिउनु उचित हुने उसको निर्णय छ । उसको यस निर्णयले नारीको स्वतन्त्रताको खोजी गर्दै पितृसत्तात्मक विभेदको विरोध गरेको छ ।

इन्दिरा प्रसाईका उपन्यासमा पितृसत्ताका कारणले आत्महत्याको स्थितिमा पुगेका नारीदेखि पुरुषकै खुसीका लागि आफ्नो रहरलाई तिलाञ्जली दिएर हैरान भएका नारीको उपस्थितिमार्फत पितृसत्ताको विरोधप्रतिको चेतनालाई प्रस्तुत गरिएको छ । उनका उपन्यासमा नारीलाई खेलौनाका वस्तु ठान्ने र चौघेरामा रहेर सिँगारिँदै लोग्नेको वासनापूर्तिका लागि तयारी अवस्थामा रहनुपर्ने पितृसत्तात्मक सोचको

समेत विरोध गरिएको छ । आर्थिक हैसियत उच्च भएका कारणले पुरुषले नारीको शोषण गर्ने गरेको, नारीको मनोकाङ्क्षालाई सम्मान नगर्ने तथा बहुविवाहमा रमेर नारीका भावनामाथि खेल्ने पितृसत्तात्मक स्वभावका पुरुषप्रति सचेत रूपमा विद्रोह गर्ने नारीपात्रको उपस्थिति प्रसाईका उपन्यासमा पाइन्छ । उनका उपन्यासमा कतिपय पुरुषहरू नै पनि नारीहितकै लागि पितृसत्तात्मक सोचलाई त्यागेर सकारात्मक भूमिकामा उभिएका छन् । यसरी पितृसत्ताले नारीमाथि गरेको विभेद, शोषण तथा दमनका विरुद्धमा जागृत चेतनालाई विविध पात्र तथा उपन्यासको कथ्यका माध्यमबाट प्रसाईका उपन्यासमा प्रस्तुत गरिएको छ ।

### ३.३ लैङ्गिक विभेदको प्रतिरोध

लिङ्गका आधारमा नारीमाथि गरिने विभेद एवम् विभेदको अन्त्य गरी समानताको खोजीप्रतिको प्रतिरोधी चेतनालाई लैङ्गिक विभेदको प्रतिरोधप्रतिको चेतनाका रूपमा लिइन्छ । बीसौँ शताब्दीमा विकसित नारीवादले नारीको समानताका पक्षमा आवाज उठाएर नारीमाथि गरिने लैङ्गिक विभेदप्रतिको विरोध गर्दछ । वेल हुक्सका अनुसार नारीवाद लैङ्गिकता वा लैङ्गिक विभेदको अन्त्य र लैङ्गिक आकर्षण वृद्धिका नाममा गरिने शोषण एवम् दमनको अन्त्य गर्ने क्रान्ति हो तर यो पुरुषको विरोधी सिद्धान्त नभएर लैङ्गिक रूपमा पुरुषले नारीलाई हेर्ने दृष्टिकोणको विरोधी हो (हुक्स, सन् २०१६, ८) । यसर्थ नारीवादको प्रमुख प्रवृत्ति नै नारीहरूलाई नारी भएकै कारणबाट कुनै पनि प्रकारको विभेद नगरी स्वतन्त्र र समान रूपले पुरुषसरह जीवन व्यतीत गर्न पाउने अधिकारको खोजी गर्नु रहेको छ । नारीवादकै एक शाखा अस्तित्ववादी नारीवादले पनि लिङ्गका आधारमा पुरुषसमान हकअधिकार नदिएर नारीमाथि दमन गर्ने पितृसत्तात्मक प्रवृत्तिको सचेत रूपमा विरोध गर्दछ । नारीहरूलाई शिक्षाको समान अवसरबाट वञ्चित गर्ने, पैतृक सम्पत्तिमा समान

हक नदिने तथा सामाजिक संस्कार र धर्मका नाममा पुरुषभन्दा तल्लो दर्जाका नागरिकका रूपमा व्यवहार गर्ने विभेदकारी प्रवृत्तिको अस्तित्ववादी नारीवादले आलोचना गर्दछ ।

अस्तित्ववादी नारीवादी बुभाले पितृसत्तात्मक समाजमा परम्परादेखि नै नारीलाई निरीह वस्तुका रूपमा हेरिने परिपाटीको विरोध गरेकी छन् । उनले नारी केही गुणहरूको कमीका कारणले नारी बन्दछे भन्ने अरस्तुको धारणाप्रति प्रश्नचिह्न खडा गरेकी छन् (पृ.३) । उनले आफ्ना बारेमा सोच्न नसक्ने र पुरुषले आदेश दिए जस्तो मात्र बन्ने भनी समाजले महिलामाथि लगाएका आरोपको पनि खण्डन गरेकी छन् । महिलालाई पुरुषका लागि भोगका एक वस्तु मात्र ठानिने सोचको विरोध गर्दै पुरुष आत्मा, विजय, अनिवार्य, पूर्ण ठहरिँदा महिला आनुषङ्गिक, नैमित्तिक र अन्या मानिनु गलत हो भन्ने उनको मत छ (पृ.३) । पुरुष र नारीका शारीरिक गठनका आधारमा विभेद गरिनु न्यायसङ्गत नहुने विचारका साथै नारीलाई उपभोग्य वस्तु मानेर कमजोर उपमा भिराउने प्रवृत्तिको समेत उनले विरोध गरेकी छन् ।

शरीर संरचनाका आधारमा विभेदपूर्ण नीति निर्माण गरेर पितृसत्तात्मक व्यवस्थाले लैङ्गिक विभेदलाई पराकाष्ठामा पुऱ्याएको छ । यसले नारीलाई समान दर्जामा उभ्याउनु त परको कुरा, अन्याका रूपमा व्यवहार गरेको अस्तित्ववादी नारीवादीको आरोप छ । लिङ्गकै आधारमा ठूला र साना, शक्तिशाली र कमजोर, प्रमुख र गौण आदि सोपान निर्माण गर्ने प्रवृत्तिको विरोध गर्दै बुभा भन्छिन् : 'शारीरिक भिन्नताले यो स्थापित गर्दैन कि महिला अन्या, गौण वा यौनजनित सोपानीकरणमा तल्लो सिँढीमा रहेकी छे । यी जैविक परिस्थितिहरूले महिलालाई अधीनस्थ भूमिका स्वीकार गर्नका लागि बाध्य पार्न सक्दैनन्' (पृ.१७) । यसमा जैविक संरचनाका आधारमा नारीको अधीनस्थ भूमिका निर्माण गर्ने परिपाटीको विरोध गरिएको छ ।

सोपानीकरणमा नारीलाई तल्लो सिँढीमा राख्ने प्रवृत्तिको समेत यसले विरोध गरेको छ ।

बुभाले नारीलाई मानवप्राणीको दर्जा नै नदिने प्रवृत्तिको पनि घोर विरोध गरेकी छन् । उनले पुरुष मनोविश्लेषकले पुरुषको परिभाषा मानवप्राणीका रूपमा र महिलाको परिभाषा नारीका रूपमा गरेको आरोप लगाएकी छन् (पृ.२५) । पुरुषलाई मात्र मानवप्राणीको दर्जा दिने तर नारीलाई मानवको सूचीमै नराख्ने यस किसिमको प्रवृत्तिको विरोध गर्दै बुभाले नारी र पुरुष दुवैको जन्म प्रकृतिद्वारा हुने र नारीमा आफ्नो विशिष्ट जातिका गुण पुरुषमा भन्दा बढी पाइने बताएकी छन् (पृ.११३) । उनको यस धारणाले प्रकृतिका समान रचना भएर पनि नारी र पुरुषमा विभेद गरिने परिपाटी गलत भएको र नारीलाई मानवप्राणीका रूपमा नहेरिने प्रवृत्ति गलत भएको पुष्टि गर्दछ ।

पितृसत्तात्मक समाजले निर्माण गरेको लैङ्गिक विभेदयुक्त अवधारणाले यौनसम्बन्धमा समेत नारीमाथि निश्चित बन्धन र दायरा बनाएको छ । यस सम्बन्धमा बुभा भन्छिन् :

> पुरुषप्रधान समाजमा स्त्रीको पवित्रतामाथि विशेष जोड दिइन्थ्यो । पुरुषलाई यौनसम्बन्धी स्वतन्त्रता प्राप्त थियो, तर स्त्रीले विवाहद्वारा मात्र यौन आनन्द प्राप्त गर्न सक्दथी । संस्कार वा कानुनद्वारा मान्यता प्राप्त नगरीकन स्त्रीले यौनक्रिया गर्न सक्दिनथी । यसो गर्नु उसका लागि अपराध, पतन, पराजय र निर्बलता मानिँदै रह्यो (पृ.१५७) ।

पितृसत्तात्मक समाजमा नारीलाई पुरुषलाई जस्तै यौनमा स्वतन्त्रता प्राप्त नहुनु, कानुन र संस्कारले मान्यता नदिएसम्म नारीले यौनसम्बन्ध राख्न नपाउनु, नारीको पवित्रतामाथि प्रश्न खडा भइरहनु पनि लैङ्गिक विभेदको पराकाष्ठा हो । यस्ता नियम र बन्धन

पुरुषमाथि लागू नहुने तर नारीले विवाह नगरी यौनसम्बन्ध राखे अपराध, पतन, पराजय र निर्बलताको पगरी गुथ्नुपर्ने विभेदपूर्ण र दमनीय व्यवहारको अस्तित्ववादी नारीवादले विरोध गर्दछ ।

जुनसुकै कार्यका पछाडि कारण हुन्छ भन्ने वैज्ञानिक सिद्धान्त जस्तै नारीलाई पथभ्रष्ट बनाउने र मर्यादाच्युत गर्ने कार्यका पछाडि पुरुष कारकका रूपमा उभिएको हुन्छ । पुरुषकै कारणले अनेक आरोप र निन्दा सहनुपर्ने नारी सोही कारकको प्रशंसा सुन्न बाध्य हुन्छ । मर्यादाच्युत हुँदा र समर्पण गरिदिँदा ऊ घृणाको पात्र मानिँदै रहेकी छे तर उसलाई पथभ्रष्ट गर्ने पुरुष निन्दाको पात्र बन्दैन, बरु उसलाई त प्रशंसा पनि मिल्छ भन्ने बुभाको कथनले सोही कुराको पुष्टि गर्दछ (पृ.१५७) । नारीलाई बलात्कार गर्ने बलात्कारी समाजमा आज पनि फणा उठाएर सम्मानित हुँदै निर्धक्क रूपमा बाँच्न सकेको दृष्टान्त छ तर सोही अपराधीका कारण लुटिएकी नारीले शिर झुकाएर, अस्तित्व र इज्जत गुमाएर अपहेलनाको निरीह जीवन जिउन परिरहेको छ । यस किसिमको असमान व्यवहार र दमनको अस्तित्ववादी नारीवादीले विरोध गर्दछ ।

बुभाले नारी र पुरुषले एकअर्कालाई बराबरको साथी ठान्न सके लैङ्गिक विभेद हट्ने विचार राखेकी छन् । उनले यदि स्त्री र पुरुषले एकअर्कालाई बराबरको साथी ठाने, थोरै विनय र उदारता राखी अहम्मन्यताजन्य हारजितको प्रवृत्तिलाई उन्मूलन गर्न सके भने परपीडन र आत्मपीडनका प्रवृत्तिहरूबाट छुटकारा पाउन सक्ने बताएकी छन् (पृ.३६६) । सत्ताका नाममा नारी र पुरुषमाथि भएका आरोपप्रत्यारोपको अन्त्य तथा परपीडन र आत्मपीडनका प्रवृत्तिबाट छुटकारा पाउन चाल्नुपर्ने कदम भनेकै एकअर्कामा समानता, सद्भाव, उदारता एवम् विनयशीलता हो भन्ने उनको कथन छ ।

समाजले निर्माण गरेको दन्त्यकथाले नारी र पुरुषबीचको विभेदको खाडल बढाउँदै गएको आरोप बुभाको छ । उनी भन्छिन् :

दन्त्यकथाहरूको कुरा छोडिदिने हो भने स्त्रीपुरुषका बीचमा शारीरिक भिन्नताबाहेक अरू कुनै स्थायी भिन्नता सम्भव छैन । ...तमाम दुराग्रहहरूका बाबजुद शारीरिक भिन्नताका आधारमा स्त्रीपुरुषमा पारस्परिक प्रतिस्पर्धा एवम् विद्वेषको कुनै स्थायी क्षेत्र मान्न सकिँदैन (पृ.३८२) ।

नारी र पुरुषबीचमा शारीरिक भिन्नता भए पनि अन्य स्थायी भिन्नता नभएको उनको मत छ । तर यही शारीरिक भिन्नतालाई आधार मानेर नारी र पुरुषबीच खडा गरिएको विभेदको पर्खाल अस्वाभाविक र अवाञ्छित रहेको उनको दाबी छ । उनले लैङ्गिकताले कहिल्यै मानवको नियतिलाई परिभाषित गरेन र न मानव व्यवहारको स्थितिको सम्पूर्णतालाई परिभाषित गर्नमा यसबाट अधिक सहायता मिल्छ भन्ने विचार प्रस्तुत गरेकी छन् (पृ.३८२) । जैविक लिङ्गका आधारमा सामाजिक लिङ्गले निर्माण गरेको गलत परम्परा मान्य नहुने उनको मत छ । यस्तै जैविक लिङ्ग वा लैङ्गिकताले मानवमानवबीच कुनै पनि विभेदको अभिप्राय नराखेको र मानवको नियति तथा व्यवहारलाई परिभाषित नगरेको उनको धारणा छ । यसर्थ सामाजिक लिङ्गसम्बन्धी धारणा नै लैङ्गिक विभेद सिर्जना गर्ने मूल कारक हो ।

लैङ्गिक विभेदका कारक तथा प्रभावको विस्तृत चर्चा गरिसकेपछि त्यसको विरोध गर्ने क्रममा बुभाले विभेदहीन समाजनिर्माणमा जोड दिँदै भनेकी छन् : 'एक यस्तो दुनियाँ जसमा स्त्रीपुरुष अधिकार समान होऊन्, अब हाम्रो सोच र चिन्तनको मुख्य विषय हो । ...जैविक भिन्नताको आधारमा स्त्री र पुरुषको दुई वर्गहरूमा विभाजन तर्कसङ्गत देखिँदैन' (पृ.३८८) । उनको यस कथनमा नारी र पुरुषलाई समान अधिकार प्रदान गर्ने समाजको निर्माण आजको चिन्तनको प्रमुख विषय हुनुपर्ने कुराको उठान गरेको छ । यस्तै लिङ्गका आधारमा गरिने विभेद तर्कसङ्गत

नभएको पनि उनको दाबी छ । यसर्थ लैङ्गिक विभेदप्रतिको विरोधसम्बन्धी मान्यताका आधारमा प्रसाईका उपन्यासको विश्लेषण गरी त्यसमा प्रस्तुत अस्तित्ववादी नारीवादी प्रवृत्तिको पहिचान यस प्रकार गरिएको छ :

इन्दिरा प्रसाईको 'विश्वामित्र' उपन्यासमा पितृसत्ताले निर्माण गरेको लैङ्गिक विभेदपूर्ण द्विचरविरोधी धारणाको विरोधका माध्यमबाट लैङ्गिक विभेदप्रतिको प्रतिरोधी चेतना प्रस्तुत भएको छ । पितृसत्ताले पुरुषलाई शक्तिशाली, निर्णायक र मस्तिष्कवान् व्यक्तिका रूपमा व्याख्या गर्ने गरेको छ तर नारीलाई कमजोर, अनिर्णयी एवम् भावुक (हृदय प्रबल भएकी) मानेको छ । यस उपन्यासमा भने हृदयले चल्ने कमजोर एवम् भावुक पात्रका रूपमा पुरुष पात्र विश्वामित्रको उपस्थिति भएको छ । विश्वामित्रको कथनलाई समाख्यातामार्फत यसरी प्रस्तुत गरिएको छ : 'स्वास्नीसँग प्रेम छैन, जीवन भारजस्तो लाग्छ, म एउटा निस्तो जीवन बाँचिरहेछु, उसले मलाई कहिल्यै बुझ्ने प्रयत्नसमेत गरिन' (पृ.१) । उसको यस कथनले स्वास्नीबिनाको जीवनलाई भार ठान्ने र तनावपूर्ण एवम् निस्तो जीवन बाँचेको महसुस गर्ने पुरुष पात्रको कमजोर मनस्थितिलाई द्योतन गरेको छ । उसकी श्रीमती सुमित्रासँगको नीरस जीवनका कारण अर्की नारीको खोजीमा भौँतारिएको विश्वामित्र कठोर, मस्तिष्कवान् एवम् साहसी देखिनुभन्दा नारीबिना बाँच्नै नसक्ने, भावुक, कमजोर एवम् हृदयद्वारा सञ्चालित देखिनु पितृसत्ताले निर्माण गरेको द्विचरविरोधी भिन्न लैङ्गिक भूमिकाका विपरीत हुनु हो । यसले नारीभन्दा पुरुष कठोर एवम् बुद्धिमानी हुन्छन् भन्ने मान्यताको खण्डन गरी पुरुषप्रतिको परम्परा निर्मित भूमिकाप्रति नै प्रश्नचिह्न खडा गरेको छ । यति मात्र होइन, विश्वामित्रले 'म तिमीसँग विवाह गर्न पाइनँ भने मर्छु जस्तो लाग्छ मेनका' (पृ.१) भन्नुले पनि सोही तथ्यलाई थप पुष्टि गरेको छ ।

नारीलाई शिक्षा दिनु बालुवामा पानी खन्याउनु हो भन्ने पितृसत्तानिर्मित लैङ्गिक विभेदपूर्ण कथनका विरुद्ध पढेलेखेकी नारीको उपस्थितिले यस उपन्यासलाई नारीवादी प्रवृत्तिको बनाएको छ । यस उपन्यासकी नारीपात्र ओजस्वी उन्नाइस वर्षकी छे, ऊ पद्मकन्या कलेजमा स्नातक पहिलो वर्षमा पढ्दै छे (पृ.९) । यसले अवसर पाएका खण्डमा नारीहरू पनि पुरुषसरह बुद्धिवान्, चेतनशील वा क्षमतावान् छन् भन्ने कुरालाई द्योतन गरेको छ ।

आर्थिक हिसाबले सबल बनेका र शिक्षित नारीहरू घरभित्रका काममा कोचिएर चौघेरामा सीमित हुने मात्र हैनन्, पुरुषलाई आफ्नो इच्छाअनुरूप काममा खटाएर आदेश दिन सक्छन् भन्ने उदाहरण यस उपन्यासमा पाउन सकिन्छ । 'विश्वामित्रका रुचिमा पर्ने भएकाले उसले मालीलाई जातजातका क्याक्टस पनि रोप्ने आदेश दिएकी थिई' (पृ.१४) भन्ने समाख्याताको कथनले मालीलाई आदेश दिने नारीको उपस्थितिलाई प्रस्ट पारेको छ । यसले मालीजस्ता गरिब पुरुषहरूले मेनकाजस्ता सम्पन्न नारीभन्दा दयनीय र निरीह अवस्थामा बाँच्नुपरेको सन्दर्भलाई समेत द्योतन गरेको छ । आर्थिक सम्पन्नताकै कारणले नारीनारीबीच भएको फरक अवस्थालाई पनि यसमा देखाइएको छ । 'दुल्हैसाब ! उमा दिदी आउनुभएको थियो । हजुरले तेल मालिस गर्न बोलाइस्सेको थियो रे, धेरै बेर पर्खेर जानुभयो' (पृ.१५) भन्ने कथनमा उमा दिदी र मेनकाको पृथक् अवस्था स्पष्ट हुन्छ । 'मेनकाले लगभग पाँच वर्षदेखि यो हनुमान् चालिसा पाठ गर्दै आइरहेकी थिई' (पृ.४१) भन्ने कथनले भने यस उपन्यासमा भएको शिक्षित नारीको उपस्थितिलाई प्रस्ट पारेको छ । यसरी लैङ्गिक आधारमा विभेद गर्ने परिपाटीप्रतिको विद्रोहलाई पुरुषका तुलनामा सक्षम नारीपात्रको उपस्थितिका माध्यमबाट यस उपन्यासमा प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ ।

इन्दिरा प्रसाईको ‘रनमाया’ उपन्यासमा लिङ्गका आधारमा नारी र पुरुषबीच गरिने विभेदभन्दा समानताको स्थिति देखिन्छ । परिवारमा श्रीमान्ले श्रीमतीलाई दमन गर्ने, अपहेलना गर्ने पितृसत्तात्मक परिपाटीका विरुद्ध पारिवारिक मेल, सद्भाव र सम्मानको अवस्थालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । ‘रनुँ ! तँबिना एकै पल पनि बस्न सक्तिनँ म’ गोपालसिंहले भनेका कुरा सम्झिन्छिन् रनमाया’ (पृ.५१) भन्ने समाख्याताको कथनले सोही तथ्यलाई प्रस्तुत गरेको छ । यति मात्र होइन नारी र पुरुषबीचमा खडा गरिएको द्विचरहरूको विरोध गरी लैङ्गिक समानताको स्थितिलाई यस उपन्यासमा प्रस्तुत ‘बुहारी नरोऊ । दिनदशा लाग्दा यस्तै हुन्छ । तिमीले हिम्मत हार्नु हुँदैन । रनमायाले सुनकेसीलाई भनी’ (पृ.१००) भन्ने कथनले प्रस्ट पारेको छ । यसमा अप्ठचारोमा पर्दा सङ्घर्षबाट पछि नहट्ने नारीको हिम्मतलाई रनमायामार्फत प्रस्तुत गरिएको छ । नारीले रोएर, कमजोर भएर, पछि हटेर र सङ्घर्षसँग भागेर होइन हिम्मतका साथ अघि बढ्नुपर्ने भाव अस्तित्ववादी नारीवादको मन्त्र हो ।

यस उपन्यासमा नारीसङ्घर्ष, हिम्मत र स्वतन्त्र निर्णयलाई स्थान दिइएको छ । यसमा आफू विचलित नभई अरू नारीलाई समेत मार्गनिर्देश गर्ने महिलाको महत्त्वपूर्ण भूमिका देखिन्छ । ‘ए बजै ! शोक गरेर पनि के गर्नुहुन्छ र मेरा चार भाइ छोरा, चारओटी बुहारी, तीन छोरी, तीन ज्वाइँ, बाह्र जना नातिनातिना कसैको खुट्पत्तो छैन’ (पृ.१०२) भन्ने दाहाल्नी बजैको कथनले सोही कुराको पुष्टि गरेको छ । आफूमाथि परेको समस्यालाई सहेरै अर्की नारीलाई हिम्मत बढाउन खोज्ने दाहाल्नी बजै नारीसङ्घर्ष र हिम्मतकी प्रतिमूर्ति हुन् । यसरी भुटानमा भएको चरम दमन र ज्यादतीका कारण निर्वासिन बाध्य नेपाली नागरिकका पीडा, सङ्घर्ष र हिम्मतलाई नारीपात्रको केन्द्रीयतामा यसमा प्रस्तुत गरिएको छ । यस्तै यस उपन्यासमा नारीको

दयनीय, कमजोर एवम् रुन्चे अवस्थाभन्दा हिम्मतिलो, सङ्घर्षशील र साहसिक निर्णय तथा यात्राका माध्यमबाट लैङ्गिक समानताको विषयलाई प्राथमिकताका साथ प्रस्तुत गरिएको छ ।

इन्दिरा प्रसाईको 'शिखा' उपन्यासमा लैङ्गिक विभेदप्रतिको प्रतिरोधी चेतना प्रस्तुत गरिएको छ । यस उपन्यासमा नारीहरूलाई मान्छेको दर्जामा समेत नराखी पुरुषले गर्ने दमनात्मक व्यवहारप्रतिको विरोध प्रस्तुत गरिएको छ । 'उनी स्वास्नीमान्छेलाई मान्छेको दर्जामै राख्दैनन् । नारीभित्र पनि रहर, इच्छा, आवश्यकता र आकाङ्क्षासमेत हुन सक्छ भन्ने उनले सोच्न सक्नुपर्ने हो' (पृ.१७) भन्ने समाख्याताको कथनले सो कुराको पुष्टि गरेको छ । यस कथनमा नारीका इच्छा तथा भावनाका विपरीत अमानवीय व्यवहार गरेर आफूलाई सर्वेसर्वा ठान्ने पुरुषप्रवृत्तिको विरोध गरिएको हुनाले लैङ्गिक विभेदप्रतिको चेतना पाइन्छ । यस उपन्यासमा 'म पनि घण्टौँ कुनै विषय लिएर उनीसँग वादविवाद गर्न सक्थेँ' (पृ.२७) भन्ने समाख्याताको कथनले रविजस्तो पढेलेखेका पुरुषसँग साक्षात्कार गर्न सक्ने नारीको प्रतिभालाई प्रस्तुत गरेको छ । यसले नारी भएकै कारणले दमन र विभेदको सिकार बन्नुपरे पनि बौद्धिक लडाइँमा नारीहरू कमजोर नभएको तर्क प्रस्तुत गरेको हुनाले यस उपन्यासमा लैङ्गिक समानतासम्बन्धी चेतना पाइन्छ ।

नारी र पुरुषमा बाल्यावस्थादेखि नै अलगअलग स्वभाव तथा रुचि देखिने सन्दर्भप्रति समाख्यातामा जागेको वितृष्णालाई प्रसाईको प्रस्तुत उपन्यासमा यस प्रकार अभिव्यक्त गरिएको छ :

> छोरीको जातलाई सानैदेखि पुतली खेल्ने, भात पकाउने इत्यादि आइमाईताले खेलहरूमै रुचि हुनुपर्ने– छिमेकी रञ्जना भन्थिन् । उनकी छोरी पनि त्यस्तै छे, सँगैमा छोराले कहिल्यै भाँडाकुटी र पुतली खेलेन, ऊ त भकुन्डो, मोटर, हवाईजहाज, काठका टुक्रा बटुलेर घर बनाउने खेल खेल्छ । किन यसरी

बालकककालदेखि नै पुरुष र स्त्रीले आफूबीच अन्तर बोलाएका होलान् (पृ.४२) ।

बाल्यकालमा बच्चाहरूका क्रियाकलापमा देखिएको लैङ्गिक विभेदपूर्ण क्रियाकलापप्रति रञ्जना तथा समाख्यातामा जागेको नकारात्मक भावलाई उपर्युक्त कथनमा प्रस्तुत गरिएको छ । यसमा सानैदेखि बच्चाको मानसिकतामा परेको प्रभावले छोरा र छोरीको व्यवहारमा भिन्नता ल्याउने गरेको सन्दर्भप्रति नारीमा जागृत चेतनालाई प्रस्तुत गरिएको हुनाले यस उपन्यासमा लैङ्गिक विभेदप्रतिको चेतना पाइन्छ । 'मलाई सानुले भाँडाकुटी र पुतली खेलेको पटक्क मन पर्दैन' (पृ.४२) भन्ने समाख्याताको कथनले पनि नारीहरू सामाजिकताले निर्माण गरेको लैङ्गिक विभेदप्रतिको चेतनालाई प्रस्तुत गरेको छ । यस्तै 'आफू जीवनभर पुतली भएर खेलिनुपरेकाले होला मलाई भने पुतली पटक्क मन पर्दैन' (पृ.४२) भन्ने समाख्याताको कथनले नारीहरूलाई पुतलीका रूपमा खेलाइने पुरुषप्रवृत्तिप्रतिको विद्रोहलाई प्रस्तुत गरेको छ । यसरी लिङ्गका आधारमा नारीमाथि गरिने दमन र त्यसप्रति जागृत चेतनालाई प्रस्तुत गरिएको हुनाले यस उपन्यासमा लैङ्गिक विभेदप्रतिको चेतना पाइन्छ ।

इन्दिरा प्रसाईको प्रस्तुत उपन्यासमा नारीलाई शिक्षादीक्षा दिनुभन्दा बाल्यकालमा विवाह गरी बोझ पन्छाउने अभिप्राय बोकेका उर्वराको आमाबुबाको सोचाइलाई यस प्रकार अभिव्यक्त गरिएको छ :

> उर्वराका आमाबाले उनलाई गह्रौँ बोझ सम्झेर जोडी नै नमिल्ने पुरुषको जिम्मा लगाएका थिए । साँच्चै भनौँ भने उर्वराका मातापिताले छोरीरूपी भारी बिसाएका थिए । बालिका उर्वराले आफ्नो नियति सम्झेर उमेरका उतारचढावहरू बिताउँदै आएकी थिइन् (पृ.५३) ।

समाख्याताको उपर्युक्त कथनमा छोरीलाई भार सम्झने प्रवृत्तिको विरोध गरिएको छ । बालविवाहका कारण उर्वराले भोग्नुपरेको पीडालाई प्रस्तुत गरिएको यस कथनमा नारीलाई लैङ्गिक आधारमा गरिएको विभेदले सिर्जना गरेको समस्यालाई समेत देखाइको छ । यसरी छोरीलाई बोझ मान्ने मानसिकताको विरोध गरिएको हुनाले यसमा लैङ्गिक विभेदप्रतिको चेतना पाइन्छ । यस्तै यस उपन्यासमा नारीले गरेको सङ्घर्षलाई यस प्रकार प्रस्तुत गरिएको छ :

> उसले घामपानी सहीसही घाँस काटेर कमाएको रुपियाँले आफू र आफ्ना छोराछोरीलाई एकसरो लुगा हालेकी थिई । गएको रात सदा झैँ रक्सी धोकेर आएको उसको लोग्नेले वेश्यावृत्ति गरेर कमाएको सम्पत्ति भन्दै खूब पिटेर जम्मै नयाँ लुगामा मट्टीतेल हालेर सल्काइदिएछ (पृ.५४) ।

समाख्याताको उपर्युक्त कथनमा रुन्चीकी आमा अशिक्षित भएर पनि आफ्नो खुट्टामा उभिन गरेको प्रयत्नलाई प्रस्तुत गरिएको छ । आफूले जानेको काम गरी कमाएको पैसाले आफ्ना तथा छोराछोरीका आवश्यकता टारेकी नारीमाथि पुरुषले गर्ने दमनात्मक व्यवहारको पराकाष्ठा यस कथनमा अभिव्यक्त भएको छ । नारीहरू आत्मनिर्भर हुन नदिने पुरुषप्रवृत्तिलाई समेत यसले प्रस्ट पारेको छ । यसरी नारीलाई अगाडि बढ्न नदिई घरमै सीमित गर्ने प्रवृत्तिको विरोध गर्दै नारीको आत्मनिर्भरता र सङ्घर्षपूर्ण जीवनलाई प्रस्तुत गरिएको यस उपन्यासमा लैङ्गिक विभेदप्रतिको प्रतिरोधी चेतना पाइन्छ ।

इन्दिरा प्रसाईको प्रस्तुत उपन्यासमा नारीलाई बच्चा उत्पादनका साधनमा मात्र हेर्ने तथा परिवारमा छोरीको भूमिकालाई महत्त्व नदिने मानसिकतालाई प्रस्तुत गरिएको छ । '...सासूबज्यै भने नातिको आस लगाएर बस्नुभएको छ । उहाँको आगमनसँग अब मलाई वितृष्णा बढ्न थालेको छ । पटकपटक छोराछोरी पाउने मात्र कुरा

गर्नेहरू मलाई अति निर्लज्ज लाग्छन्' (पृ.७२) भन्ने समाख्याताको कथनले सासूमा भएको लैङ्गिक विभेदजन्य मानसिकतालाई प्रस्तुत गरिएको छ । यसमा पटकपटक सन्तान उत्पादनमा नलाग्ने म पात्रको निर्णयलाई समेत प्रस्तुत गरिएको छ । यसरी छोरा र छोरीमा गरिने विभेदका विरुद्धमा समाख्यातामा जागृत चेतनालाई प्रस्तुत गरिएको हुनाले यस उपन्यासमा लैङ्गिक विभेदको विरोध र समानताप्रतिको चेतना पाइन्छ ।

इन्दिरा प्रसाईको प्रस्तुत उपन्यासमा समान गल्तीमा लैङ्गिक आधारमा गरिने असमान विभेदलाई प्रस्तुत गरिएको छ । 'केटो पेट बोकाएर बेपत्ता भएछ । बिनाबाउको छोरा पाएर ऊ समाजबाट तिरस्कृत भएकी थिई' (पृ.७३) भन्ने समाख्याताको कथनमा नारीमाथि समाजद्वारा गरिएको विभेद स्पष्ट भएको छ । रञ्जुलाई पेट बोकाउने पुरुषले सजायँ भोग्नुनपरेको तर समाजमा रञ्जु भने तिरस्कृत हुनुपरेको सन्दर्भले लैङ्गिक विभेदलाई प्रस्ट पारेको छ । यस्तो विभेदपूर्ण व्यवहारप्रतिको विरोध प्रस्तुत गरिएको हुनाले यस उपन्यासमा लैङ्गिक विभेदप्रतिको चेतना प्रस्तुत भएको छ । यस्तै यस उपन्यासमा '...लगभग दुई महिनापछि एउटी स्वास्नीमानिस साथमा लिएर मामा आउनुभएको थियो । ...त्यसै दिनदेखि ती नौली आइमाईलाई नयाँ माइजूका रूपमा स्विकारिएको थियो' (पृ.७५) भन्ने समाख्याताको कथनले विधुर लोग्नेमानिसलाई दिइएको स्वतन्त्रतालाई प्रस्ट पारेको छ । समान परिस्थितिमा नारीले भने यस्तो स्वतन्त्रता नपाउने सन्दर्भलाई 'विवाह गरेको वर्षदिनमै ठूलो बा खस्नुभएको रे ! मध्य यौवन एकाङ्की बिताउनुभएकी ठूलीआमाको बैँस पनि अब अस्ताउन लागेको थियो' (पृ.७५) भन्ने समाख्याताको कथनले पुष्टि गरेको छ । यसरी समाजमा नारीका हितमा भन्दा पनि पुरुषका हितमा मात्र सोचिने तथा समान अवस्थामा पनि नारी र पुरुषले समान हैसियत एवम् स्वतन्त्रता नपाउने सन्दर्भलाई

प्रस्तुत गरिएको हुनाले यस उपन्यासमा लैङ्गिक विभेदप्रतिको चेतना पाइन्छ ।

इन्दिरा प्रसाईको प्रस्तुत उपन्यासमा नारी र पुरुषमा गरिने विभेद तथा त्यसप्रति नारीमा जागृत चेतनालाई समाख्याताको कथनमार्फत यस प्रकार प्रस्तुत गरिएको छ :

> पुरुषप्रधान समाज आफ्नो पक्षको जितका निम्ति सदा पुरुषवर्गको मनमानीको समर्थक बन्दै आएको छ भने नारी मात्रबाट भएका सूक्ष्मभन्दा सूक्ष्म त्रुटिहरूको अनुसन्धान तथा प्रचारप्रसारमा यो समाज सदासर्वदा अग्रसर देखिन्छ । पुरुषको मृत्युमा नारीले आजीवन आफ्नो यौवनलाई पीडाको अग्निमा होमेर बिताउनुपर्ने, पुरुष भने पत्नीको मृत्युको भालिपल्टैदेखि अर्की पत्नीको खोजीमा अग्रसर हुने । छि... कत्ति ठूलो असमानता ! मलाई त्यसैत्यसै ग्लानि भएर आएको थियो, आफू स्वयम् नारी भएकोमा अथवा मान्छे भएकोमा पनि । अनि विवाह शब्दसँग त्यसै बेलादेखि वितृष्णा जागेको थियो, त्यसको क्षणिकताप्रति अश्रद्धा उठेको थियो । त्यसपछि मलाई पनि यी विविध प्रश्नको पेटारोले सधैँ घोच्ने गर्थ्यो (पृ.७६) ।

समाख्याताको उपर्युक्त कथनमा पुरुषप्रधान समाजले निर्माण गरेको संस्कारले नारीलाई विभेद तथा दमन गरेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यस कथनमा नारीले गर्ने सामान्य त्रुटिहरूमा विशेष ध्यान दिने र सजायँ दिलाउने समाजले पुरुषका समान गल्तीमा भने आँखा चिम्लने प्रवृत्तिको विरोध गरिएको छ । विधवा विवाहका सम्बन्धमा नारीलाई कडा नियममा बाँधेर आफ्ना पक्षमा खुकुलो नियम बनाउने पितृसत्तात्मक प्रवृत्ति तथा त्यसबाट नारीले भोग्नुपरेको विभेदको विरोध गरी नारीसमानताका पक्षमा आवाज उठाइएको हुनाले यसमा लैङ्गिक विभेदप्रतिको चेतना पाइन्छ । यस उपन्यासमा नारीहरू महिनावारी भएको समयमा पालना गर्नुपर्ने

विभिन्न नियमले शिक्षामा समेत बाधा पुऱ्याएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । 'म सात कक्षासम्म स्कुल गएरै पढेकी थिएँ । पर सरेपछि स्कुल निकै टाढा पर्ने र केटाहरूसँग स्कुल जानुपर्ने भएकाले हजुरआमाले स्कुल बन्द गरिदिनुभयो । मेरो जीवनको विद्यालय जाने क्रम त्यसै बेलादेखि सकिएको थियो' (पृ.१०९) भन्ने समाख्याताको कथनले सो कुराको पुष्टि गरेको छ । नारीहरू महिनावारी हुने जैविक प्रक्रियालाई विभिन्न सन्दर्भमा जोडेर पुरुषका हितका लागि बनाइएको नियमले नारीमाथि भएको विभेदलाई प्रस्तुत गरिएको हुनाले यस उपन्यासमा लैङ्गिक विभेदप्रतिको प्रतिरोधी चेतना पाइन्छ ।

इन्दिरा प्रसाईको 'उसको लोग्ने र बिरालो' उपन्यासमा उमेर पुगेकी नारीले विवाहका लागि स्वतन्त्र निर्णय गर्न सक्ने आशयका माध्यमबाट लैङ्गिक विभेदप्रतिको प्रतिरोधी चेतनालाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा छोरी हुर्कँदै गएपछि विवाहको चिन्ता गर्ने आमाले परम्परागत पितृसत्तात्मक सोचलाई प्रश्रय दिएको छ भने छोरीले दिएको जबाफले लैङ्गिक समानताको वकालत गरेको छ । ऊ भन्छे : 'मम्मी ! मान्छेहरू बिहा नगरी किन बस्न सक्तैनन् ? बिहे गरेपछि पनि सुखी त हुँदैनन् । फेरि किन ? अब त होमो आइसक्यो । म त लोग्नेमानिससँग बिहे गर्दै गर्दिनँ' (पृ.३४) । स्मृतिको यस कथनले एकातिर उमेर पुगेपछि नारीले पुरुषसँगै विवाह गर्नु जरुरी रहेको सोचको विरोध गरेको छ भने अर्कातिर नारीहरू पनि आफ्नो जीवनसाथीको चयनमा स्वतन्त्र रहेकाले पुरुष र नारीबीचको विभेदको कुनै तुक नरहेको सन्दर्भलाई पुष्टि गरेको छ । यसले पितृसत्ताले निर्माण गरेको अरूको आश्रयमा मात्र नारीहरू बाँच्न सक्छन् र बेलैमा जोडी बाँधिदिएर अभिभावक जिम्मेवारी हस्तान्तरण गर्नुपर्छ भन्ने मान्यताको विरोध गर्दै विषमलिङ्गी होस् वा समलिङ्गी, आफूले

चाहेको मान्छेसँग विवाह गर्नमा नारीहरू पुरुषसमान स्वतन्त्र छन् भन्ने तथ्यलाई प्रस्तुत गरेको छ । यसर्थ यसमा लैङ्गिक विभेदको अन्त्य र समानताको मागप्रतिको चेतना अभिव्यक्त भएको छ ।

यस उपन्यासमा नारी भएकै कारणले दबिएर बस्ने परिपाटीको अन्त्य गर्दै आमा तथा छोरी दुवै पात्रले आफ्नो जीवनको निर्णय आफैँले लिएका छन् । एक पुरुषसँग असन्तुष्ट भएपछि अर्को पुरुषसँगको प्रेम र विवाहमा आमाकै स्वतन्त्र चयन छ भने दोस्रो पुरुषबाट पनि आफ्नो अस्तित्वको दमन भएको महसुसपश्चात् एक्लै बस्ने निर्णयमा ऊ पुगेकी छ । छोरी स्मृतिले पनि आमाले प्रेमका बारेमा प्रश्न गर्दा 'प्रेमस्रेम वाहियात, म त्यस्तो गर्दिनँ के ! आफ्नो क्यारियर बनाउनुपर्छ क्यारियर' (पृ.३६) भन्ने जबाफ दिएकी छ । उसको यस कथनले नारीले कहिले र कुन व्यक्तिसँग प्रेम तथा विवाह गर्ने भन्ने सम्बन्धमा आफैँ निर्णय लिन सक्ने र क्यारियरका लागि पुरुषले झैँ नारीले पनि प्राथमिकताका साथ अगाडि बढ्न सक्ने सन्दर्भलाई द्योतन गरेको छ । यसले लिङ्गका आधारमा कार्यको विभाजन गर्ने, विवाहको उमेर तोक्ने, व्यक्तिगत निर्णयमा अभिभावकले हस्तक्षेप गर्ने, पुरुषबिना नारीको जीवन अपुरो रहेको ठान्ने आदि प्रवृत्तिको विरोध गरेको हुनाले यस उपन्यासमा लैङ्गिक विभेदप्रतिको प्रतिरोधी चेतना पाउन सकिन्छ ।

इन्दिरा प्रसाईका उपन्यासमा नारीका सम्बन्धमा पितृसत्ताले निर्माण गरेको नियम तथा धारणाका माध्यमबाट नारीमाथि भएको विभेदप्रति विद्रोह गरिएको छ । उनका उपन्यासमा छोरीलाई भन्दा छोरालाई महत्त्व दिइने प्रवृत्ति, छोरीलाई बोझ सम्झेर बालविवाह गरी पन्छाउने प्रवृत्ति, विधवा पुरुष तथा नारीमाथि गरिने विभेद, महिनावारीका सम्बन्धमा बसेको गलत धारणाले नारीको शैक्षिक अवसरमा हालेको तगारो, बालिकामा समाजको संस्कृतिले पारेको प्रभाव तथा आत्मनिर्भर बन्न खोजेकी नारीमाथि पुरुषले गर्ने

दमनात्मक व्यवहारका माध्यमबाट नारीमाथि गरिने विभेदको विरोध गरिएको छ । पितृसत्ताले निर्माण गरेको द्विचरविरोधी मतको समेत विरोध गरिएको प्रसाईका उपन्यासमा नारीबिना पुरुष बाँच्नै नसक्ने अर्थात् पुरुषहरू मस्तिष्कले नभएर हृदयले सञ्चालित, कमजोर एवम् भावुक भएको सन्दर्भ प्रस्तुत गरिएको छ । यसर्थ उनका उपन्यासमा नारीमाथि लैङ्गिक आधारमा गरिने विभेदप्रतिको विरोध एवम् समानताप्रतिको चेतना पाइन्छ ।

### ३.४ पारिवारिक तथा सामाजिक विभेदको प्रतिरोध

अस्तित्ववादी नारीवादले नारीलाई परिवारको सीमित घेरामा राखेर दबाउने प्रवृत्तिको विरोध गर्दछ । पुरुषसरह घरबाहिर नारीको भूमिका नरहेको, परिवारभित्रै पनि नारी भएका कारणले विभेदको सिकार हुनुपर्ने तथ्यलाई बुभाले यस प्रकार प्रस्तुत गरेकी छन् :

> स्त्रीलाई प्राय: घमन्डी, प्रतिक्रियात्मक र ईर्ष्यालु भनिन्छ । उसमाथि पारस्परिकतालाई महत्त्व नदिने भन्ने आरोप लगाइन्छ । प्रश्न यो छ कि एक परिवारसम्म मात्र सीमित रहन विवश स्त्रीले संलग्नताको वास्तविक बोध कहाँबाट हासिल गर्न पाउँदछे ? (पृ.३११) ।

नारीलाई घरबाहिर निस्कनै नदिने परिपाटीको विरोध गर्दै उनले नारीमाथि घमन्डी, प्रतिक्रियात्मक तथा ईर्ष्यालुजस्ता उपमा दिनु गलत भएको तर्क प्रस्तुत गरेकी छन् । नारीहरूलाई परिवारले घरबाट बाहिर निस्कन नदिने अनि बाह्य संलग्नता, सामाजिकता तथा पारस्परिकताजस्ता प्रवृत्तिको अपेक्षा गर्नु तर्कहीन रहेको पनि उनको दाबी छ । नारीलाई पारिवारिक कठघरामा बाँधेर राख्ने परिपाटीले नै व्यक्तित्व विकासमा समस्या पैदा गरेको भन्दै परिवारभित्रै नारीमाथि गरिने विभेद र दमनात्मक प्रवृत्तिको अस्तित्ववादी नारीवादले विरोध गर्दछ ।

बुभाले घरभित्र पनि नारीले कहिल्यै आफू सुरक्षित भएको महसुस गर्न नसक्ने बताएकी छन् । यसले परिवारमै नारीको असहज जीवन र असुरक्षालाई द्योतन गर्दछ । उनले बन्द झ्यालढोकाभित्र पनि स्त्रीले आफूलाई कहिल्यै सुरक्षित ठान्दिन, किनभने उसको यो घर पुरुषको अपरिचित दुनियाँद्वारा घेरिएको छ, जसमा प्रवेश गर्ने साहस उसले जुटाउन सक्दिन (पृ.३११) भनेकी छन् । उनको यस तर्कले नारीले विवाहपछि जन्मघर छाडेर पराया घरमा आउँदा त्यो घरलाई कहिल्यै आफ्नो महसुस गर्न नसक्ने र अपरिचित घरका नौला सदस्यका अगाडि आफ्नो अस्तित्व नामेट भएको महसुस गर्ने तथ्यलाई प्रस्ट पारेको छ । यसर्थ पारिवारिक वातावरण नै नारीका लागि कष्टकर, असहज, असुरक्षित र बन्धनमुक्त महसुस हुनु पनि अप्रत्यक्ष रूपमा नारीमाथि परिवारद्वारा सिर्जित विभेदकै कारक भएको अस्तित्ववादी नारीवादीको मत छ ।

परिवार र समाजले नारीको कार्यक्षेत्र तथा कार्यको प्रकृतिको निर्धारण गर्ने परिपाटीको अस्तित्ववादी नारीवादले विरोध गर्दछ । बुभा भन्छिन् : 'घरको कामकाज नगर्ने जहाँ केटालाई छुट हुन्छ, त्यहीँ केटीबाट साना भाइबहिनीहरूको देखभाल र आमाको हात बाँड्ने कुराको आशा गरिन्छ । घरमा कैद बच्चीलाई सुखद स्वतन्त्रताबाट वञ्चित गरिन्छ र बचपनको निश्चिन्तताको बदला उसलाई समयभन्दा पहिले ठूलो बनाइदिइन्छ' (पृ.१२६) । उनको यस कथनले बाल्यकालदेखि नै परिवारमा छोरा र छोरीको विभेद सिर्जना हुने, छोरालाई घरको काममा नलगाइने तर छोरीलाई भाइबहिनीको रेखदेखदेखि आमालाई सघाउने काममा समेत लगाइने विभेदपूर्ण प्रवृत्तिलाई देखाएको छ ।

पितृसत्तात्मक व्यवस्थाले परिवारमा छोरीभन्दा छोराको जन्मको चाह राख्ने गर्दछ । यस तथ्यलाई बुभाले यसरी प्रस्तुत गरेकी छन् :

अभिभावक वा बाजेहरू यो कुरालाई प्रकट नगरीकन रहँदैनन् कि केटीको बदला केटा भएको भए राम्रो हुन्थ्यो । अधिकांश मातापिता पनि केटीको अपेक्षा केटा जन्माउन रुचाउँछन् । केटाको बारेमा गम्भीरता र आदरले कुरा गरिन्छ । उसलाई अधिकार दिइन्छ । केटाको खेलमा केटीलाई सामेल गर्दैनन् । उसलाई अनादार गर्छन् । उसको मजाक उडाउँछन् । केटाको बराबर दाबी गर्ने केटीलाई गाली गरिन्छ (पृ.१२७) ।

'छोरीको जन्म हारेको कर्म' भन्ने त नेपाली उखानै छ, यसरी नै बुभाले पनि पितृसत्ताले छोराको जन्मलाई बढी महत्त्व दिने र रुचाउने प्रवृत्तिलाई यहाँ वर्णन गरेकी छन् । उनले केटाका बारेमा कुरा गर्दा पनि बढो गम्भीरताका साथ आदरपूर्वक गरिने तर केटीलाई अनादार गर्दै मजाक उडाइने प्रवृत्तिको समेत विरोध गरेकी छन् । यस्तै केटीलाई केटाको खेलमा समेत सामेल नगर्ने परिपाटीका साथै केटा समान भूमिकाको दाबी गर्ने केटीलाई गाली गरिने प्रवृत्तिको समेत विरोध गरेकी छन् । यसरी जन्मअघिदेखि मृत्युपर्यन्त परिवार तथा समाजद्वारा नारीलाई गरिने भिन्न व्यवहार, नकारात्मक दृष्टिकोण, विभेद तथा दमनात्मक व्यवहारको विरोध गर्दै अस्तित्ववादी नारीवादले नारीअस्तित्वको खोजी गर्दछ ।

पितृसत्तात्मक समाजमा शारीरिक वृद्धिसँगै देखा पर्ने परिवर्तनलाई स्विकार्ने प्रचलनमा समेत विविधता छ । छोरीको मासिक धर्मप्रति गरिने दुर्व्यवहार र घृणा छोराको लिङ्गको विकासमा गर्वको अनुभूति गर्नु यसकै उदाहरण हो । यसलाई बुभाले यसरी प्रस्तुत गरेकी छन् :

पुरुषको लिङ्गले जुन सामाजिक सन्दर्भमा एक विशिष्ट महत्त्व पाउँछ, त्यही सामाजिक सन्दर्भले महिलाको मासिक धर्मलाई एक अभिशाप बनाएर राखिदिन्छ । जहाँ एउटाको विकास र समृद्धि पौरुषको प्रतीक हो, त्यही नारीत्वको घटना, जुन पहिलेदेखि नै एक हीनता र घृणाको सिकार

> थियो, अब अझ बढी शरम, ग्लानि र धिक्कार प्रकट गर्न लाग्छ (पृ.१३५) ।

जैविक विकासका क्रममा पुरुषको शारीरिक विकास पौरुषको प्रतीक बन्दा नारी भने हीनता र घृणाको सिकार हुनुपर्ने परिपाटीको यसले विरोध गरेको छ । यौवनावस्थामा प्रवेश गरेकी नारीले शरम, ग्लानि र धिक्कार प्रकट गर्नुपर्ने परिवेशको सिर्जना पितृसत्ताले गर्दछ भने पुरुषलाई गर्वबोध गर्न त्यसैले सिकाउँछ । यसरी नारी र पुरुषमाथि गरिने विभेद नितान्त असान्दर्भिक र अपाच्य रहेको तथ्यलाई बुभाले प्रस्तुत गरेकी छन् ।

नारीले घरगृहस्थीकै परिसीमामा बाँधिनुपर्ने, प्रजननको भूमिकामा हेलिनुपर्ने बाध्यात्मक परिस्थितिले गर्दा पुरुषसमान स्वतन्त्रताको अवसर पाएकी हुँदिन । तर पुरुषलाई भने समाजले घरभित्र भुल्ने सोच बनाउन पनि सक्दैन । सामाजिक रूपमा पुरुष स्वतन्त्र र पूर्ण छ भने यसका विपरीत महिला बन्धनयुक्त एवम् अपूर्ण छ । यस तथ्यलाई बुभाले यस प्रकार व्यक्त गरेकी छन् :

> सामाजिक रूपले एक पुरुष बिलकुल स्वतन्त्र र पूर्ण व्यक्ति हुन्छ । पुरुषको अस्तित्व उसका कार्यहरूद्वारा निर्धारित हुन्छ, जबकि महिला प्रजनन तथा गृहस्थीको परिसीमित भूमिकाका कारण पुरुषसँग समानताको स्तरमा पुग्दिन (पृ.१८८) ।

यति मात्र होइन नारीलाई दासका रूपमा व्यवहार गरिने, मानवका रूपमा नगनिने, पुरुषको सहाराबिना बाँच्न नसक्ने परनिर्भर नारीका रूपमा समाज तथा परिवारले परिभाषित गरेको तथ्यलाई बुभाले यस प्रकार प्रस्ट पारेकी छन् :

> स्त्रीमाथि दासत्वको अभियोग लगाइन्छ । यसो भनिन्छ कि ऊ हमेसा आफ्ना स्वामीका चरणहरूमा पर्नका लागि तयार रहन्छे । उसले आफूमाथि प्रहार गर्ने हातहरूलाई नै चुम्दछे ।

> यो त मान्नैपर्दछ कि स्त्रीमा स्वभावगत अभिमान कम हुन्छ । परित्यक्ता पत्नीहरू, प्रेममा लीन स्त्रीहरू र प्रेमीहरूबाट बिछोडिएका स्त्रीहरूलाई पत्रिकाहरूद्वारा सिकाइन्छ । उनीहरूले रोटीको टुक्राका लागि पुरुषमाथि निर्भर रहनुपर्छ । पुरुषको सहाराबिना बिचरी स्त्रीले के नै गर्न सक्छे र ? ऊ प्रत्येक अपमान सहन बाध्य हुन्छे । एक दासमा मानवीय प्रतिष्ठाको भाव नै हुँदैन (पृ.३१०) ।

नारीहरू दासी भएकाले पतिका चरणमा पर्नुपर्ने, आफूमाथि प्रहार गर्ने हातलाई नै चुम्नुपर्ने, गाँसका लागि पुरुषकै मुख ताक्नुपर्ने, पुरुषका हरेक अपमान सहनुपर्ने, मानवीय भूमिका नै खोज्न नहुने धारणा पितृसत्ताले राख्दछ । पितृसत्ताकै प्रभावस्वरूप समाज र परिवारले नारीमाथि यही अपेक्षाले व्यवहार गर्दछ । यस किसिमको दानवीय व्यवहारको विरोध गर्दै बुभा भन्छिन् : 'आर्थिक स्थिति बदलिएर मात्र स्त्रीमा पूर्ण परिवर्तन आउँदैन; नैतिक, सामाजिक, सांस्कृतिक आदि व्यवस्थाहरूमा पनि परिवर्तनबिना नयाँ स्त्रीको आविर्भाव सम्भव छैन' (पृ.३८९) । समाज, परिवार तथा संस्कारले सोच नबदलेसम्म आर्थिक रूपमा आत्मनिर्भरताले मात्र नारीमुक्ति सम्भव नभएको धारणा उनको छ । समाज तथा परिवारले गर्ने विभेदजन्य क्रियाकलाप र सोचमा परिवर्तन नआएसम्म नारीउत्पीडन र विभेदको शृङ्खला नरोकिने अस्तित्ववादी नारीवादको धारणा छ । यसर्थ प्रसाईका उपन्यासमा प्रस्तुत पारिवारिक तथा सामाजिक विभेदप्रतिको प्रतिरोधी चेतनाको विश्लेषण गरी ती उपन्यासमा अभिव्यक्त अस्तित्ववादी नारीवादी चेतनाको पहिचान यस प्रकार गर्न सकिन्छ :

इन्दिरा प्रसाईको 'विश्वामित्र' उपन्यासमा परिवार र समाजले निर्माण गरेको विभेदपूर्ण मनस्थिति एवम् पितृसत्तात्मक व्यवस्थाको प्रभावको विरोध गरिएको छ । यस उपन्यासमा नारीपात्रहरू परिवारकै

इच्छा र निर्देशनलाई पर्खेर लज्जालु केटीका रूपमा आफूलाई चिनाउनका लागि प्रेममा मुखै नबाउने स्वभावका विपरीत खुलेआम पुरुषसँग प्रेमप्रस्ताव राख्न पनि पछि नहट्ने स्वभावका देखिन्छन् । '...ममता केटासाथी बनाउने कलामा खप्पिस थिई । उसले स्कुले जीवनमा सात कक्षा पढ्दादेखि नै केटाको स्वाद चाखिसकेकी थिई । अहिलेसम्म ममताले झन्नै आधा दर्जन केटासाथी फेरिसकी' (पृ.२१) भन्ने समाख्याताको कथनले सो कुराको पुष्टि गर्दछ । लज्जालु, कोमल, मौन, भावुक आदि जस्ता नारीका सम्बन्धमा पितृसत्तानिर्मित अवधारणाका विपरीत यस उपन्यासमा पुरुषजस्तै स्वतन्त्र र हक्की स्वभावकी चरित्रका रूपमा ममताको उपस्थिति देखिन्छ । यसले समाज र परिवारले निर्धारण गरेका घेराभन्दा बाहिर रहेर नारीले गरेका क्रियाकलाप तथा गतिविधिलाई प्रस्ट पारेको छ । यसरी यस उपन्यासमा आफूलाई मन परेको पुरुषसँग प्रेमसम्बन्ध जोड्न र मन नपरे त्यागनमा पाएको नारीस्वतन्त्रताले लिङ्गका आधारमा समाज र परिवारले निर्माण गरेको सीमाको विरोध गरेको छ ।

यस उपन्यासमा मेनकाको आमाको कथनमा भने पितृसत्तात्मक सोचको प्रभाव देखिन्छ । उनले 'एउटा पुरुषलाई आफ्नो सर्वस्व मान्नुपर्छ, विवाह गरेको पति मात्र सर्वस्व हुन्छ, पुरुष फेर्ने नारीहरू वेश्या हुन् । वेश्या भनेका समाजका कलङ्क हुन्' (पृ.२२) भन्ने अभिव्यक्ति दिने गरेको सन्दर्भलाई समाख्यातामार्फत प्रस्तुत गरिएको छ । यस कथनले पितृसत्तात्मक समाजमा पुरुषलाई सर्वस्व मानेर बस्नुपर्ने तर पुरुष फेर्नु वेश्या हुनु हो भन्ने भाव अभिव्यक्त भएको छ । यसले नारी र पुरुषबीचको विभेद तथा पुरुषका दासीका रूपमा नारीलाई बाँध्ने संस्कारको वकालत गरेको भए पनि यस उपन्यासका धेरैजसो नारीपात्रहरू आफूखुसी प्रेमीको चयन गर्न स्वतन्त्र रहेका छन् । यसमा प्रेमीसँग यौनप्यास मेटाएर आनन्द महसुस गर्ने नारीपात्रको समेत उपस्थिति छ । 'हिजो त कस्तो मजा आयो ।

केशव साँच्चै मज्जाको छ बुझिस् ? उसले प्रेम गर्न साह्रै जानेको छ । हिजो त मलाई त्यो गोकर्णको जङ्गल छाडेर घरै नआऊँ जस्तो लाग्याथ्यो' (पृ.२४) भन्ने ममताको कथनले सो कुराको पुष्टि गरेको छ । यस कथनमा नारीहरू परम्परागत पितृसत्तात्मक बन्धनभन्दा माथि उठेर पुरुषसरह प्रेमी चयन गर्न र यौनसन्तुष्टि लिन स्वतन्त्र रहेको तथ्यलाई प्रस्तुत गरिएको छ । यति मात्र होइन आफूले मन पराएको केटालाई चिठीमार्फत प्रस्ताव राख्ने मेनकाको स्वभावले पनि लैङ्गिक समानताको स्थितिलाई प्रस्ट पारेको छ । ऊ भन्छे : 'मेरी प्यारी मम्मु ! म एउटा चिट्ठी लेख्छु त्यो तैँले सुरेन्द्रलाई पुऱ्याइदे मेरी साथी ! बस्, त्यति गरिदेन ल' (पृ.२७) । यसले यस उपन्यासका धेरैजसो नारीपात्रहरू प्रेम, यौनसम्बन्ध, विवाहजस्ता विषयमा पुरुषसरह निर्णय गर्न सक्षम र स्वतन्त्र रहेको सन्दर्भलाई देखाएको छ । यसर्थ यस उपन्यासमा परिवार र समाजले निर्धारण गरेको पितृसत्तात्मक दायरालाई तोडेर स्वतन्त्रतातर्फ अग्रसर पात्रको उपस्थितिमार्फत पारिवारिक एवम् सामाजिक स्वतन्त्रता र लैङ्गिक समानताको स्थितिलाई प्रस्तुत गरिएको छ ।

इन्दिरा प्रसाईको 'रनमाया' उपन्यासमा पारिवारिक तथा सामाजिक विभेदप्रतिको प्रतिरोधी चेतनालाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा पितृसत्तात्मक सोच र प्रवृत्तिबाट ग्रसित पुरुषका तुलनामा नारीको सहअस्तित्व र भूमिकालाई प्रधानता दिने पुरुषको उपस्थिति बढी छ । यस उपन्यासकी केन्द्रीय चरित्र रनमायाका श्रीमान् गोपालसिंह पारिवारिक एवम् सामाजिक रूपमा पितृसत्ताले सिर्जना गरेका विभेदका विरुद्धमा नारीप्रति सकारात्मक कदम उठाउने पुरुष पात्र हुन् । गोपालसिंहका सम्बन्धमा यस उपन्यासमा प्रस्तुत समाख्याताको कथन छ :

> हुन पनि गोपालसिंहले रनमायालाई औधी माया गरेका थिए । रनमायालाई चारपल्ट हाच्छिउँ आयो भने बूढा

> छोरी, बुहारीलाई बोलाएर बेसार पानी पकाउन अह्राउँथे । रनमायालाई नानी पाउने व्यथा बिमारी लागेपछि गोपालसिंह अतालिन्थे । सुँडिनीहरू बोलाएर बच्चा नजन्मुन्जेल आफू ढोका कुरेर बस्थे । त्यसपछि आफ्नै निगरानीमा रनमायाको खानपिनको बन्दोबस्तमा गोपालसिंह जुट्थे । ...बूढाको त्यसबिघ्नको स्याहारसम्भारले पनि होला सातओटा सन्तानकी आमा हुँदा पनि रनमायाको तन्दुरुस्ती गजबको थियो (पृ.५१) ।

यस कथनमा परिवार तथा समाजमा पितृसत्ताले पारेको प्रभावका कारण नारीहरू दमनमा परेको सन्दर्भ भेटिँदैन बरु कसैको पर्वाह नगरी आफ्नी श्रीमतीलाई असाध्यै माया गर्ने, सुत्केरी नहुन्जेल ढोकामा कुरेर बस्ने, स्याहारसम्भारमा विशेष ख्याल राख्ने, खानपिनको राम्रो प्रबन्धमा आफैँ जुट्ने गोपालसिंहको क्रियाकलापले नारीप्रतिको सम्मान र हेरविचार मात्र नभएर सामाजिक एवम् पारिवारिक विभेदप्रतिको प्रतिरोधलाई समेत प्रस्तुत गरेको छ । यसरी समाजको प्रवाह नगरी प्रेमपूर्वक गोपालसिंहले नारीमाथि गरेको सेवा र सम्मान भावलाई 'सुत्केरी हुँदा कुनै दिन तेल लगाउने सुँडिनी आइन भने बूढा मान्छे आफैँ पनि तेल लगाइदिन्थे । भारी जीउ भएपछि बूढा रनमायालाई आमाले गर्ने जस्तो माया गर्थे' (पृ.५१) भन्ने कथनले थप पुष्टि गरेको छ । पितृसत्तात्मक समाजमा सुत्केरीमा तेल लगाइदिने काम पुरुषको होइन । त्यसमाथि पनि आफूलाई घरको मालिकका रूपमा स्थापित गर्न खोज्ने श्रीमान्ले श्रीमतीलाई तेल लगाइदिने कल्पना आजको एक्काइसौँ शताब्दीमा समेत सहज देखिँदैन । तर गोपालसिंहको यस किसिमको व्यवहार पितृसत्तात्मक समाजमा क्रान्तिकारी कदम र साहसको प्रतिफल हो । तसर्थ यस उपन्यासमा गोपालसिंहलाई अस्तित्ववादी नारीवादको मुख पात्र मान्न सकिन्छ ।

इन्दिरा प्रसाईको 'शिखा' उपन्यासमा पितृसत्तात्मक समाजले नारीप्रति राखेको नकारात्मक सोच र त्यसप्रतिको विद्रोही भाव प्रस्तुत गरिएको छ । यसमा नारीहरूलाई कतिसम्म अधिकार दिने भन्ने कानुनी दायरा पितृसत्ताले निर्माण गर्ने र पितृसत्तात्मक समाजमा पुरुषको हालीमुहाली हुने तथा पुरुषले गरेका गल्तीमा पनि नारी नै दोषी ठहऱ्याउने सामाजिक सोचको विरोध गरिएको छ । यसमा 'उनले बनाएको समाज र नियमकानुनले मलाई मात्र दोषी देख्छ' (पृ.१८) भन्ने समाख्याताको कथनले नारीमाथि पितृसत्तात्मक समाजले बनाएको नियमले नारीलाई मात्र दोषी ठहऱ्याएको विचारलाई प्रस्ट पारेको छ । यसले नारीमाथि गरिने सामाजिक विभेदप्रतिको प्रतिरोधी चेतनालाई प्रस्तुत गरेको छ ।

यस उपन्यासमा आफूलाई मन नपरेपछि अनेक आरोप लगाएर श्रीमतीलाई त्याग्ने श्रीमान्लाई केही दोष देखाउन नसक्ने तर नारीलाई भने अनेक लाञ्छना लगाउने सामाजिक प्रचलनको विरोध प्रस्तुत गरिएको छ । '...मजस्ती परित्यक्ता स्त्रीलाई यस समाजले के भन्न बाँकी राखेको छ र !' (पृ.७९) भन्ने तपसीको विचारले सो कुराको पुष्टि गरेको छ । नारीलाई समाजले गर्ने शोषण तथा विभेदप्रतिको विद्रोहलाई प्रस्तुत गरिएको हुनाले यस कथनमा सामाजिक विभेदप्रतिको चेतना पाइन्छ ।

इन्दिरा प्रसाईको 'उसको लोग्ने र बिरालो' उपन्यासमा परिवार र समाजले निर्माण गरेका विभेदकारी सोच र नारीविभेदप्रतिको प्रतिरोधी चेतनालाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा एक पटक विवाहबन्धनमा बाँधिएपछि सात जुनीसम्म सँगै रहने वाचाकसम खुवाउने सामाजिक परम्पराको विरोध गर्दै मन नमिलेको खण्डमा नारीकै इच्छामा पनि सम्बन्धविच्छेद गरेर स्वतन्त्र जीवन जिउन पाउनुपर्ने विचारलाई प्रस्तुत गरिएको छ । नीलाले श्रीमान्को परस्त्रीगामी प्रवृत्ति मन नपराएपछि सम्बन्धविच्छेद

गरी अर्को विवाह गरेको सन्दर्भले सोही कुराको पुष्टि गरेको छ । यस्तै पितृसत्तात्मक समाजमा विषमलिङ्गी विवाहलाई मान्यता दिने गरिएको छ । परिवार तथा समाज पनि पितृसत्तात्मक व्यवस्थाद्वारा निर्मित भएकाले उमेर पुगेका नारी र पुरुषको विषमलिङ्गी वैवाहिक सम्बन्धलाई नै यसले स्विकार्ने गर्दछ । तर यस उपन्यसमा नीलाकी छोरी स्मृतिले समलिङ्गी विवाह गर्ने घोषणा गर्नुले नारीका सम्बन्धमा निर्मित पारिवारिक तथा सामाजिक सोचप्रति नै चुनौती खडा गरेको छ । यसर्थ यस उपन्यासमा पारिवारिक एवम् सामाजिक तहमा हुने नारीमाथिको विभेद, नारीप्रतिको दृष्टिकोण, नारीको भूमिका निर्धारण तथा नियन्त्रणजस्ता विविध पक्षप्रतिको विद्रोही चेतलाई प्रस्तुत गरिएको छ ।

इन्दिरा प्रसाईका उपन्यासमा परिवार र समाजले निर्माण गरेका लैङ्गिक विभेद एवम् नारीमाथि नियन्त्रणभन्दा माथि उठेर नारीहरूको स्वतन्त्रताका पक्षमा वकालत गरिएको छ । उनका उपन्यासमा वैवाहिक सम्बन्धले नारीहरूलाई पुरुषको दासी बनाउने परिपाटीको विरोध गरिएको छ । यस्तै प्रेम र यौनचाहनालाई गुम्साएर राख्नुपर्ने नारीको बाध्यताको विरोध गरी समाजमा नारीको पुरुषसरहको भूमिका र स्वभावमाथिको कपोलकल्पित नियन्त्रणको विरुद्धमा समेत आवाज उठाइएको छ । परिवारभित्रै नारीमाथि हुने गरेका नियन्त्रण र दमनका साथसाथै पितृसत्तात्मक समाजले नारीको भूमिकामाथि लगाएको बन्देजको विरोध गरिएका प्रसाईका उपन्यासमा विषमलिङ्गी वैवाहिक सम्बन्धप्रतिको वितृष्णा तथा समलिङ्गी विवाहमा नारीस्वतन्त्रताको सम्भावनाको समेत अपेक्षा प्रस्तुत गरिएको छ । यसर्थ उनका उपन्यासमा नारीमाथि पारिवारिक एवम् सामाजिक रूपमा हुने गरेका हरेक किसिमका विभेद र दमनको विरोध एवम् नारीस्वतन्त्रता तथा समानताको खोजीसम्बन्धी नारीचेतना अभिव्यक्त भएको छ ।

### ३.५ धार्मिक तथा सांस्कृतिक विभेदको प्रतिरोध

मानिसहरूले मानिआएको परम्परागत विश्वास, मान्यता वा त्यससँग सम्बन्धित सम्प्रदायलाई नै धर्म मानिन्छ । समाजले नै जन्माएको र हुर्काएको धर्मसम्बन्धी मान्यताले कतिपय सन्दर्भमा समाजभित्रकै महिला सदस्यलाई विभेद गरेको छ । समाजमा आफ्नो पुर्ख्यौली परम्पराअनुसार मानिएका विभिन्न धर्महरूले नारीलाई कसरी बन्देजमा पारेका छन् भन्ने कुराप्रति जागेको चेतना धार्मिक चेतना हो । कतिपय धर्मले नारीलाई तुच्छ र पुरुषलाई श्रेष्ठ मानेको पनि पाइन्छ । नारीवादले छोरा नभए स्वर्गको द्वार नखुल्ने, छोरीले आफ्ना जन्मघर छोडेर अर्काको घरमा जानुपर्ने, पतिलाई देवतासरह मानमर्यादा गर्नुपर्ने, पतिको दीर्घायु र स्वस्थताका लागि निराहार बस्नुपर्ने, लोग्नेको वंशपरम्परा वृद्धि गर्न नसके सौतेनी झमेलामा मानसिक तनावमा जीवन गुजार्नुपर्ने, लोग्नेको अक्षमताका कारण सन्तान नभए महिलाले दोस्रो बिहे गर्न नपाउने आदि विभिन्न धार्मिक मान्यताको विरोध गरेको पाइन्छ । देश वा जातिको कला, साहित्य, सङ्गीत, आचारव्यवहार आदिलाई मौलिकता प्रदान गर्न सक्ने विशेषता नै संस्कृति हो । संस्कृतिले समाजका मूल्य र मान्यतालाई बोकेको हुन्छ । यस्ता सांस्कृतिक पक्षमा नारीलाई समान स्थान दिइएको छ कि छैन अर्थात् संस्कृतिभित्रै नारीलाई हेर्ने कस्ता विकृतिपूर्ण दृष्टिकोणहरू पितृसत्ताले निर्माण गरेको छ र त्यसको विरोध नारीहरूले कसरी गरिरहेका छन् भन्ने सन्दर्भलाई यसभित्र अध्ययन गर्न सकिन्छ । अस्तित्ववादी नारीवादले धर्म र संस्कृतिका नाममा नारीमाथि गरिने विभेद र दमनको विरोध गरी नारीअस्तित्व र पहिचानको खोजी गर्दछ ।

अस्तित्ववादी नारीवादी बुभाका विचारमा नारीलाई स्वतन्त्रतातिर प्रेरित गरिरहेको आधुनिक सभ्यतामा धर्म वस्तुत: धोकाको एक साधन हो (पृ.३२१) । उनले आधुनिक सभ्यताले

नारीको स्वतन्त्रता खोजिरहे पनि धर्मका नाममा विकसित भएका अवधारणाले नारीकै दमन गरेकाले यसलाई धोकाको साधन बताएकी छन् । धर्म र संस्कृतिका नाममा नारीलाई बन्धनमा पार्ने सोच र परम्पराको विकास गर्ने पितृसत्तात्मक व्यवस्थामाथि धावा बोल्दै अस्तित्ववादी नारीवादले विभेदपूर्ण र दमनात्मक धार्मिक सांस्कृतिक मूल्यमान्यताप्रति प्रश्न उठाउँछ । बुभाले नारी चाहे वैरागी होस् वा संसारी, अभिमानी होस् वा विनम्र, ऊ सोच्दछे कि उसले आफ्नो मोक्षका लागि आफूमै लीन रहनुपर्दछ (पृ.३२२) भन्ने विचार प्रस्तुत गरेकी छन् । यसले नारीहरूले धर्मका माध्यमबाट नभएर आफैँमा लीन भएर मोक्ष प्राप्त गर्ने उनको अभिप्राय छ । यसर्थ नारीहरू धर्म र संस्कृतिका नाममा शोषणमा परेको, स्वतन्त्र हुन नसकेको, पितृसत्ताले धर्म र संस्कृतिका माध्यमबाट नारीविभेदको पाठ सिकाएको, नारीले आँखा चिम्लेर धर्ममा विश्वास गरी पितृसत्तालाई स्विकारेको जस्ता आरोप पनि अस्तित्ववादी नारीवादको छ । यस किसिमका मूल्यमान्यता र परम्पराकै विरोध गरी नारीको स्वतन्त्र अस्तित्व र पहिचानको खोजीतर्फ अस्तित्ववादी नारीवाद प्रवृत्त बनेको देखिन्छ । अस्तित्ववादी नारीवादले अघि सारेको धर्म र संस्कृति एवम् समाजले नारीमाथि गर्ने विभेदको विरोधसम्बन्धी प्रतिरोधी चेतनाका आधारमा प्रसाईका उपन्यासमा प्रस्तुत नारीविभेदप्रतिको चेतनाको विश्लेषण यस प्रकार गरिएको छ :

इन्दिरा प्रसाईको ‘विश्वामित्र’ उपन्यासमा धर्म र संस्कृतिका नाममा नारीमाथि हुने विभेद एवम् दमनको विरोध गरिएको छ । यस उपन्यासमा पितृसत्ताले निर्माण गरेको संस्कृति पुरुषको सापेक्षतामा र हितमा केन्द्रित छ । पितृसत्तात्मक समाजमा पुरुषलाई शक्तिशाली र अधिकारसम्पन्न मानिने मात्र होइन, घरको काममा सीमित पारिएका महिलाका विपरीत पुरुषले घरबाहिरको काम गरेर कमाउनुपर्ने र घरपरिवारको रेखदेख, नियन्त्रण, हैकम जमाउने

संस्कृतिको पक्षपोषण गरिएको छ । तर उमा दिदीको परिवारमा पितृसत्ताले बनाएको संस्कारको विखण्डन भएको छ । '...लोग्नेले कस्तो सताएको छ, अर्की आइमाईसँग लागेर कमाएको जति सबै उतै सक्छ । चारओटा छोराछोरीको पालपोस सबै उमा दिदीले गर्नुपर्छ । अरु महिनाका आखिरीतिर उनका लोग्नेलाई उमा दिदीले नै पाल्नुपर्छ' (पृ.३३) भन्ने समाख्याताको कथनले नारी र पुरुषका काम एवम् जिम्मेवारीका सम्बन्धमा पितृसत्ताले निर्माण गरेको संस्कृतिमाथि प्रश्न उब्जिएको छ । लोग्नेले परस्त्रीसँग लागेर कमाएको सबै सम्पत्ति सकेपछि उमा दिदीले नै परिवारलाई धानेको सन्दर्भले पितृसत्ताले पुरुषकै पक्षधरतामा जस्तो संस्कृति निर्माण गरे पनि परिआएको खण्डमा नारीहरू केही कुरामा पछि पर्दैनन् भन्ने तथ्यलाई प्रस्ट पारेको छ । यसले पितृसत्ताले निर्माण गरेको संस्कृतिविपरीत नारीको हिम्मत, सङ्घर्ष एवम् पुरुषसमान जिम्मेवारी वहनको स्थितिलाई द्योतन गरेको हुनाले धर्म र संस्कृतिका नाममा निर्मित अवधारणाको विखण्डन गरी पुरुषसरह नारीको सक्रिय भूमिकालाई समेत प्रस्तुत गरेको छ ।

इन्दिरा प्रसाईको 'शिखा' उपन्यासमा धर्म र संस्कृतिका नाममा पितृसत्ताले निर्माण गरेको प्रचलनले नारीमाथि गरेको विभेद र त्यसप्रतिको विद्रोहलाई प्रस्तुत गरिएको छ । वैवाहिक सम्बन्धपछि नारीलाई मानसिक एवम् भौतिक रूपमा बन्धनमा पारिने धर्म र संस्कारप्रदत्त प्रचलनको विरोध यस उपन्यासमा गरिएको छ । समाख्यातामार्फत प्रस्तुत 'सिउँदोमा सिन्दूर पोतेर र गलामा पोते झुन्डचाइदिएर मेरो निजी अस्तित्वमाथि विजयको झन्डा गाडेर दङ्गदास परेको उसलाई तत्क्षण मेरो मनको देशबाट निकाला गर्न मलाई मन लाग्छ" (पृ.१७) भन्ने कथनले सो कुराको पुष्टि गरेको छ । यसमा सिउँदोमा लगाइने सिन्दूर र गलाको पोतेद्वारा नारीलाई अधीनस्थ बनाएर नारीअस्तित्वमाथि नै विजयको झन्डा फहराएको

सोच राख्ने पितृसत्तात्मक धार्मिक एवम् सांस्कृतिक प्रचलनको विरोध गरिएको छ । धर्मका नाममा नारीमाथि हुने शोषण र बन्धनले पुरुषको अहङ्कारको वृद्धि भएको सन्दर्भको विरोध गर्दै नारीको अस्तित्वको खोजी यसमा गरिएको छ ।

इन्दिरा प्रसाईको प्रस्तुत उपन्यासमा पितृसत्ताले निर्माण गरेको परम्परा, धर्म तथा संस्कारले विधवा नारीलाई बन्धनमा राखेर निरीह जीवन बिताउन बाध्य पारेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । 'कानुनी रूपमा विधवाले जतिसुकै मान्यता पाए पनि समाजका आँखामा संस्कारको रोग लागुन्जेल एउटी विधवाको जीवन उसका निम्ति नै गह्रौँ भएर बित्नेछ' (पृ.४०) भन्ने म पात्र वा समाख्याताको कथनले सो कुराको पुष्टि गरेको छ । यसमा विधवा नारीहरूका सम्बन्धमा निर्मित कानुनको अवहेलना गरी संस्कारका नाममा सिर्जित नकारात्मक मानसिकताले त्यस्ता नारीमाथि अन्याय गरेको सन्दर्भलाई प्रस्तुत गरिएको छ ।

धर्मको नाममा प्रेमको बलिदान दिनुपर्ने धार्मिक तथा सांस्कृतिक प्रचलनका विरुद्धमा नारीमा जागृत चेतनालाई प्रसाईको प्रस्तुत उपन्यासमा उषोका कथनमार्फत यस प्रकार अभिव्यक्त गरिएको छ :

> शिखा ! जीवन मेरो हो । मलाई साउद मन पऱ्यो । ऊ एउटा पुरुष हो । जात, धर्मसँग मलाई सरोकार छैन । उसलाई पनि जात, धर्ममा कुनै सरोकार छैन । हामी दुवैको अमेरिकामा बस्ने विचार छ । साउद र मेरो प्रेमबीच हामी धर्मको पर्खाल उभ्याउन चाहन्नौँ (पृ.९६) ।

मुस्लिम धर्म मान्ने पाकिस्तानी युवक साउदसँग प्रेमसम्बन्ध स्थापित गरेकी उषोले वैवाहिक सम्बन्धमा नारीमा भएको स्वतन्त्रतालाई धर्मले नछेक्ने विचार उपर्युक्त कथनमा प्रस्तुत गरेकी छ । यस कथनमा केटा र केटीको मन मिलेपछि धार्मिक पर्खालले

बाधा दिन नहुने विचार प्रस्तुत गरिएको हुनाले धार्मिक विभेदप्रतिको चेतना पाइन्छ । यस्तै यस उपन्यासमा नारीलाई गृह त्यागेर हिँड्दा देखिने अनेकौँ समस्यालाई सामना गर्ने हेतुले समाख्याताले विधवाको भेष गरेको सन्दर्भलाई यस प्रकार प्रस्तुत गरिएको छ :

> धर्मशाला एउटी स्थानीय विधवा बाहुनीको रहेछ । उनले मप्रति निकै सहानुभूति देखाइन् । मैले पनि आफूलाई विधवा हुँ भनिदिएकी छु । हुन पनि घरबाट हिँड्दा मैले चुरा, पोते, सिन्दूर, टीका र राता सबै लुगा उतै छाडेर आएकी थिएँ (पृ.११९) ।

म पात्रको उपर्युक्त कथनमा धर्मका सम्बन्धमा नारीमा भएको स्वतन्त्रता तथा समानताको स्थितिलाई प्रस्ट पारिएको छ । म पात्रले धर्मशालामा गएर जीवन बिताउने स्वतन्त्र निर्णय लिनु तथा एउटा विधवा नारीले धर्मशाला सञ्चालन गर्नुले धर्ममा भएको नारीस्वतन्त्रताको स्थितिलाई सङ्केत गरेको छ । यस्तै घरबाट हिँड्ने बेलामा विवाहित नारीको पहिचान र बन्धन बनेको शृङ्गारका साधनलाई त्याग्ने नारीको क्रियाकलापले धर्म र संस्कारका नाममा नारीमाथि गरिने नियन्त्रणको विरोध गरेको हुनाले यस उपन्यासमा धार्मिक एवम् सांस्कृतिक विभेदप्रतिको चेतना पाइन्छ ।

इन्दिरा प्रसाईको 'उसको लोग्ने र बिरालो' उपन्यासमा धर्म र संस्कृतिका नाममा पितृसत्ताले निर्माण गरेको नारीमाथिको नियन्त्रण, विभेद तथा दमनको विरोध प्रस्तुत गरिएको छ । नारीले पातिव्रत्य धर्मका नाममा पुरुषले गर्ने अत्याचारको समेत चुपचाप सहने प्रवृत्तिको विरोध गर्दै लुकीछिपी बहुपत्नी राख्ने पुरुषलाई त्याग्ने नारीपात्रलाई केन्द्रीय भूमिकामा उपस्थित गराइएको छ । आफूलाई विवाह गरेपछि पनि विभिन्न नारीहरूसँग सम्बन्ध राख्दै हिँड्ने लोग्नेको नाममा केही शृङ्गार गर्न मन नलाग्ने नीलाको विचारलाई समाख्यातामार्फत उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : 'उसको अन्तर्मनले स्वीकार

गर्न नसकेको दर्पणको नामको पोतेको झुत्तो लगाउन पनि नीलाले सकिन । दर्पणको देखावटी सम्बन्धलाई नीलाको आत्माले अङ्गीकार गर्न सकेन' (पृ.२८) । यस कथनमा अन्तर्मनले लोग्ने र स्वास्नीका रूपमा जोडिएको सम्बन्धलाई स्वीकार गर्न नसकेपछि उसैको नाममा सिन्दूर, पोते, चुरा लगाउनुको कुनै अर्थ नरहेको तथ्यलाई प्रस्तुत गरिएको छ । धर्म र संस्कृतिका नाममा लगनगाँठोमा कसिएपछि पितृसत्ताले लोग्नेको स्वास्नीको भेषभूषा बदलिने परम्पराको समेत यसले विरोध गरेको छ ।

यस उपन्यासमा आधुनिक समयमा पनि धर्म र संस्कृतिको हुबहु पालना गर्ने नारीहरूप्रति प्रश्न खडा गर्दै नीलाकी छोरी स्मृतिले आफ्नी आमालाई भनेकी छ : 'समयभन्दा धेरै बूढो र थोत्रो छ तिम्रो धर्म' (पृ.३६) । उसको यस कथनले पनि धर्म थोत्रो भइसकेको सन्दर्भमार्फत प्रतीकात्मक रूपमा पितृसत्तानिर्मिति धर्म र संस्कृतिको विरोध प्रस्तुत गरेको छ । धर्म र संस्कृतिले निर्माण गरेका हरेक कुरामा अन्धभक्त बनेर पछ्याउन नहुने विचारलाई स्मृतिको यस कथनले प्रस्ट पारेको छ । यस्तै उसको यस कथनले नारीहरूले आफूअनुकूल हुने वा आफूलाई विभेदमा पार्ने केकस्ता धार्मिक र सांस्कृतिक प्रचलन छन् तिनलाई समयअनुरूप काटछाँट गर्दै अघि बढ्नुपर्ने र पितृसत्तात्मक एवम् थोत्रा धार्मिक सांस्कृतिक प्रचलनलाई त्याग्नुपर्ने विचार प्रस्तुत गरेको छ । यसरी यस उपन्यासमा नारीलाई धर्म र संस्कृतिका नाममा बन्धनमा पार्ने र विभेद गर्ने प्रवृत्तिको विरोध एवम् यसप्रतिको चेतना प्रस्तुत गरिएको छ ।

इन्दिरा प्रसाईका उपन्यासमा नारीलाई धर्म र संस्कृतिका कठघारामा राखेर गरिने विभेदप्रतिको प्रतिरोधी चेतनालाई प्रस्तुत गरिएको छ । उनका उपन्यासमा विवाहित नारीलाई बन्धनमा पार्ने शृङ्गारका सामग्रीप्रतिको वितृष्णा, वैवाहिक सम्बन्धमा धार्मिक असमानताले पुऱ्याउने अवरोध, विधवा नारीका सम्बन्धमा समाजमा

बनेका धारणाप्रतिको विरोध भाव अभिव्यक्त भएको छ । उनका उपन्यासमा धर्मका नाममा पुराना र थोत्रा विचारलाई त्यागेर परिमार्जित एवम् हितकारी संस्कारको विकास आवश्यक भएको विचार प्रस्तुत गरिएको छ । यस्तै धर्मका नाममा नारीलाई सदैव दमन गरिरहने र पुरुषको दासी बनाइरहने परिपाटीको समेत विरोध गरिएको छ । धर्म नै सच्चा प्रेमको पर्खाल बन्न नसक्ने तर्क पनि उनका उपन्यासमा प्रस्तुत गरिएको छ । यसरी प्रसाईका उपन्यासमा नारीको धार्मिक एवम् सांस्कृतिक स्वतन्त्रता तथा समानताका पक्षमा आवाज उठाई यसप्रतिको प्रतिरोधी चेतनालाई प्रस्तुत गरिएको छ ।

**३.६ यौनशोषणप्रतिको विद्रोह**

अस्तित्ववादी नारीवादले नारीलाई उपभोग्य वस्तुका रूपमा लिने र यौनसन्तुष्टि तथा प्रजननका साधनका रूपमा उपभोग गर्ने पितृसत्तात्मक सोचको विरोध गर्दछ । यसले नारीलाई फकाउने, फुल्याउने र यौनकार्यमा सहभागी गराउने मात्र नभएर जबरजस्ती करणी गर्ने, घरेलु हिंसा तथा दमनमा राख्ने, कुटपिट गर्ने, नियन्त्रणमा लिने आदि कार्यको विरोध गर्दै नारीको स्वतन्त्र निर्णय र अस्तित्वको खोजी गर्दछ । पितृसत्तात्मक सोच बोकेका पुरुषहरूले नारीलाई जहिल्यै उपेक्षाको भावले हेर्ने, पुरुषभन्दा निम्न स्तरको मान्ने, क्षमताहीन, निष्क्रिय, दुर्बल आदि उपमा दिने गरेको परम्पराको समेत यसले विरोध गर्दछ ।

इतिहासमा दार्शनिक तथा लेखकहरू जतिसुकै विद्वान् ठहरिए पनि पितृसत्तात्मक सोचका कारण उनीहरूले नारीलाई विभेदपूर्ण दृष्टिले मात्र नभएर यौनप्रशाधन तथा उपभोग्य वस्तुका रूपमा हेर्ने गरेको विचारलाई बुभाले यसरी प्रस्तुत गरेकी छन् :

> मादेलान स्त्रीमा शुद्ध जङ्गलीपना देख्दछन् । लरेन्स उसलाई केवल यौनको प्रतीक मान्दछन् । क्लांदे उसलाई प्रभुको पासमा

पुऱ्याउने आत्मजा मान्दछन् । ब्रैंतो उसलाई प्रकृति भन्दछन् । उनी उसको कोमलताको परिचय बालिका भनेर दिन्छन् । स्तान्दाल आफ्नी प्रेमिकालाई सुसंस्कृत, बुद्धिमान, सहज र स्वच्छन्द चाहन्छन् । तर त्यस दुनियाँलाई जसलाई पुरुषले बनायो, यी पाँच लेखकहरू केवल पुरुषका लागि मात्र आरक्षित राख्न चाहन्छन् । स्त्रीको उपयोगिता पुरुषहरूका लागि हो, चाहे उनीहरूले कुनै पनि रूपमा उसलाई राखून् (पृ.११०) ।

मादेलान, लरेन्स, क्लांदे, ब्रैंतो तथा स्तान्दालजस्ता लेखकहरूले नारीलाई असभ्य, यौनका प्रतीक, निरीह, उपभोग्य वस्तुका रूपमा हेर्ने गरेको आरोप बुभाको छ । नारी केवल पुरुषको उपयोगिताका लागि मात्रै हुन् भन्ने अभिप्राय यी लेखकका कृतिमा प्रस्तुत भएको दाबी बुभाले गरेकी छन् । यसर्थ पितृसत्तात्मक सोचबाट अभिप्रेरित लेखक, दार्शनिक तथा चिन्तकका सोच पनि नारीमाथि हिंसा, शोषण र दमन गर्ने प्रवृत्तिको रहेको देखिन्छ ।

विवाह र यौनसम्बन्ध परिपूरक मान्ने गरिन्छ । विवाहपछि राखिने यौनसम्बन्धमा जति पुरुष सन्तुष्ट हुन्छ त्यति नारीले सन्तुष्टि लिनेभन्दा पीडाको महसुस गर्ने र कुमारीत्व भङ्गको स्थितिलाई बलात्कारजस्तै मान्ने गरेको तथ्यलाई बुभाले प्रस्ट पारेकी छन् । उनले आज पनि कैयौँ स्त्रीहरूका लागि कुमारीत्व भङ्गको क्रिया एक बलात्कारको अनुभवभन्दा कम त्रासद नहुने बताएकी छन् (पृ.१९५) । वैवाहिक सम्बन्धले यौनसम्बन्धलाई खुला गरेको र यौनसम्बन्धमा पुरुषको स्वतन्त्र निर्णय हुने तर नारी उपभोग्य वस्तुका रूपमा मात्र प्रयोग भइदिनुपर्ने परिपाटीले विवाहपछिको नारीको अवस्था दयनीय बन्ने तथ्यलाई पनि अस्तित्ववादले स्विकार्छ । यसले पितृसत्तात्मक व्यवस्थामा पुरुषले नारीमाथि गर्ने यौनशोषण वैधानिक वा अवैधानिक जुन किसिमको भए पनि कष्टप्रद हुने बताउँदै यसको विरोध गर्दछ ।

अस्तित्ववादी नारीवादले नारी र पुरुषको सहअस्तित्वका लागि यौनसम्बन्धमाथि पुरुषको नियन्त्रण हट्नुपर्ने धारणा राख्दछ । यसले एकअर्काको अस्तित्वलाई स्विकार्ने नारीपुरुषले शारीरिक रूपमा पनि सन्तुष्टि लिन सक्ने भएकाले नारी र पुरुषको समान सहभागिता र अस्तित्वमा जोड दिन्छ । बुभाका विचारमा एकअर्काको स्वतन्त्रतालाई पूर्णतया स्वीकार गर्ने प्रेमीहरूलाई नै शारीरिक संवेगको शक्ति र गरिमा प्राप्त हुन्छ र यिनै परिस्थितिहरूमा शरीरको कुनै पनि क्रिया उनीहरूलाई अपमानजनक र अमानवीय लाग्दैन (पृ.१९६) । शारीरिक सम्बन्धमा मानसिक सम्बन्धको प्रभाव पर्ने भएकाले समान गरिमा र शक्ति प्राप्तिका लागि प्रेमीहरूका बीच एकअर्काको स्वतन्त्रतालाई स्वीकार गर्ने प्रवृत्ति हुनु जरुरी रहेको उनको मत छ । शरीरका क्रिया अपमानजनक र अमानवीय लाग्नु भनेको एकअर्काको स्वतन्त्रताको अस्वीकृति नै हो भन्ने अस्तित्ववादी नारीवादीको मान्यता छ ।

अस्तित्ववादी नारीवादले नारी र पुरुष दुवैको यौनस्वतन्त्रताको माग गर्दछ । यसका लागि यसले पितृसत्तात्मक समाजले बनाएको नैतिक व्यवस्थाप्रति प्रश्न गर्दछ । विवाहभन्दा पहिले नारी कुमारी नै रहनुपर्ने र पतिले त्यसको परीक्षण गर्ने प्रचलनप्रति प्रश्न खडा गर्दै बुभा भन्छिन् :

> स्त्रीप्रति उदार दृष्टिकोण भएका समाजहरूमा केटीहरूलाई पनि केटासरह यौनसम्बन्धी स्वतन्त्रता रहन्छ, तर पितृप्रधान समाजको नैतिकताले यस कुरामाथि जोड दिन्छ कि विवाहको समय पतिलाई कन्या कुमारीत्वयुक्त प्राप्त हुनुपर्दछ । पितृसत्तात्मक समाजमा कुमारीत्वको एक नैतिक, धार्मिक र रहस्यात्मक महत्त्व रहेको थियो र आज पनि छ (पृ.२०१) ।

यौनसम्बन्धी स्वतन्त्रता पुरुषलाई मात्र दिइने तर नारीलाई नियन्त्रणमा राख्ने पितृसत्तात्मक परिपाटीको विरोध गर्दै नारीप्रति

उदार दृष्टिकोण भएका समाजमा नारीहरूले पनि यौनस्वतन्त्रता पाउने विचार बुझाले राखेकी छन् । उनले नैतिकताका नाममा विवाहअघि नारीहरू कुमारी हुनुपर्ने मान्यता राख्ने पितृसत्तात्मक सोचको समेत विरोध गरेकी छन् । यस्तै पितृसत्तात्मक समाजमा कुमारीत्वको नैतिक, धार्मिक र रहस्यात्मक महत्त्व रहनु उचित नभएको सन्दर्भमार्फत उनले नारीमाथि गर्दै आइएका यौनशोषण, दमन र अत्याचार र हिंसाको विरोध गरेकी छन् । यसरी नारीलाई यौनहिंसा, बलात्कार र शोषण गर्ने परिपाटीको विरोध गर्दै यौनस्वतन्त्रताको माग गर्नु पनि अस्तित्ववादी नारीवादको महत्त्वपूर्ण प्रवृत्ति हो ।

इन्दिरा प्रसाईको 'विश्वामित्र' उपन्यासमा यौनस्वतन्त्रताको माग गरिएको छ । यस उपन्यासमा नारीलाई मनोरञ्जनका साधनका रूपमा लिने पितृसत्तात्मक सोच बोकेका पुरुषप्रवृत्तिको विरोध गरिएको छ । यसमा नारीका इच्छा र मनोभाव नबुझी यौनसम्बन्ध जोड्न चाहने श्रीमान्लाई समेत श्रीमतीले स्वीकृति नदिएको सन्दर्भलाई 'मेनकाले विश्वामित्रका यन्त्रवत् हात आफ्ना हातले सरक्क पन्छाई' (पृ.१७) भन्ने समाख्याताको कथनले प्रस्ट पारेको छ । मेनकाको इच्छाविपरीत चल्ने विश्वामित्रका यन्त्रवत् हातलाई पन्छाएर यौनमा नारीको समेत उत्तिकै तत्परता र सहमतिको आवश्यकता पर्ने भावलाई यसमा प्रस्तुत गरी नारीको स्वतन्त्रताको माग गरिएको छ । यस्तै यस उपन्यासमा 'उसलाई यो आलिङ्गन पटक्कै प्रिय भइरहेको थिएन । ऊ एकतमास भइरही । आज त्यसैत्यसै उसबाट मुक्त हुन छटपटाइरही । बलपूर्वक अलग्गिन प्रयत्न गरी' (पृ.१७) भन्ने समाख्याताको कथनले पनि सोही भावलाई थप पुष्टि गरेको छ । मेनकाको बिथोलिएको मनलाई शान्ति दिने प्रिय वस्तु यौनसम्बन्ध नभएको र त्यसमा अनिच्छा हुँदाहुँदै जबरजस्त सम्बन्ध कायम गर्न नसकेको भावमार्फत

यौनसम्बन्धमा नारीको स्वतन्त्र निर्णयको अधिकारलाई यस उपन्यासले उजागर गरेको छ ।

इन्दिरा प्रसाईको 'रनमाया' उपन्यासमा नारीलाई बलात्कार गर्ने, यौनहिंसा तथा शोषण गर्ने पितृसत्तात्मक कुप्रवृत्तिको विरोध गरिएको छ । यसमा हुर्केबढेका छोरीचेली घरबाहिर निस्कँदा कति बेला कुन दुष्ट पुरुषको सिकार बन्नुपर्ने हो भन्ने त्रास बढेको समाजको चित्रण गरिएको छ । विशेष गरी भुटानमा बसोबास गर्ने नेपालीहरूको यस किसिमको भयलाई यसरी प्रस्तुत गरिएको छ :

> हिजोआजु डम्फुबजार गर्नु जान पनि मलाई गाह्रो लाग्नु थाल्यो हौ बूढा मान्छे, आज माइलीलाई... एक हूल आबारा भोटेको हूल कहाँबाट आयो थाहै पो पाएनम् हाम्ले । आम्मो ! माइली चिच्च्याउँदा पो म आत्तिएँ । के सारो शरमछाडा भएका मोराहरू, उसलाई अप्ठचारोसँग धकेलेर हिँडेछन् । मलाई ता सपना जस्तो पो भएछ । त्यसपछि त मलाई डरले थरथर काम छुट्न लाग्यो (पृ. ४४) ।

रनमायाको यस कथनमा शरमछाडा, उत्ताउला, यौनउन्मादले भरिएका भोटे युवाहरूले जवान छोरीमाथि गरेको दुर्व्यवहारको विरोध गरिएको छ । यसमा समाजमा मौलाउँदै गएको अभद्र व्यवहारका कारण नारीमा जागृत वितृष्णा एवम् त्रासलाई समेत प्रस्तुत गरिएको छ । रनमायाकी छोरी माइलीमाथि भोटे केटाहरूले गरेको यौनहिंसाको विरोध रनमायाको यस कथनले गरेको हुनाले यस उपन्यासमा यौनशोषणप्रतिको विद्रोह प्रस्तुत भएको छ ।

भुटानीहरूले नेपालीहरूलाई गरेका ज्यादती र त्यसबाट नारीहरूले भोग्नुपरेको हिंसा तथा दुर्व्यवहारको पराकाष्ठालाई यस उपन्यासले समेटेको छ । 'अइ माइला ! के हेरेर बसेको, भाग् हे, ज्यान जोगा नानी । उनीहरूले हिजो दिउँसो आएर तेरी

साइँली बुइनी घिस्याउँदै लगे' भन्ने कथनले सो कुराको पुष्टि गरेको छ (पृ.९०) ।

भुटान छाडेर नेपालतर्फ भाग्दै गर्दा भारतमा नारीमाथि भएका दुर्व्यवहार र यौनहिंसालाई यस उपन्यासले स्थान दिएको छ । नारीलाई चेकजाँच गरेको बहानामा भारतीय प्रहरीहरूले गरेको ज्यादतीको विरोधमा सुनकेस्रीले गरेको विद्रोहलाई समाख्याताको 'मसँग केही छैन, छैन । मलाई नछोऊ, सुनकेस्रीले रुँदै भनी' भन्ने कथनले प्रस्ट पारेको छ (पृ.९७) । सुनकेस्रीको आह्वान र रुवाइलाई समेत बेवास्ता गर्दै प्रहरीले गरेको दुर्व्यवहारलाई समाख्याताले यसरी प्रस्तुत गरेको देखिन्छ :

> ...त्यो डरलाग्दो पुलिसले निर्लज्ज हाँसो हाँस्तै सुनकेस्रीका चोलोभित्र हात हाल्यो । ...त्यो डरलाग्दो पुलिसका कठोर हातहरूले सुनकेस्रीलाई सकेसम्म गिजोलेपछि उसले सुनकेस्रीलाई लछारपछार गर्दै उसको पेटिकोटभित्र पनि हात हालेर गर्न सकेसम्म गऱ्यो । सुनकेस्रीले त्यसका पाखुरामा तागतले भ्याएसम्म जोरले टोकिदिई (पृ.९८) ।

समाख्याताको यस कथनमा सुनकेस्रीमाथि भएको यौनशोषण र त्यसका विरुद्धको सङ्घर्षलाई प्रस्तुत गरिएको छ । नारीलाई लछारपछार गर्ने र गोप्य अङ्गमा हात हाल्ने पुरुषमाथि जोरले टोकिदिनु यसप्रतिको विद्रोह हो । कुनै पनि बहानामा नारीमाथि पुरुषको गिद्देदृष्टि सह्य नहुने तथ्यलाई यसले प्रस्तुत गरेको छ । यति मात्र नभएर सुनकेस्रीले यौनदुर्व्यवहार गर्ने प्रहरीहरूसँग मात्र नभएर होटेल मालिकलगायतका सम्पूर्ण यौनपिपासुप्रति पोखेको आक्रोशलाई समाख्यातामार्फत यसरी अभिव्यक्त गरिएको छ : 'तेरो होटेलमा बस्न त के थुक्न पनि हामीलाई मन छैन । तँ गइहाल् मोरा ! सुनकेस्री घाइते बघिनीजस्तै चिच्च्याई' (पृ.१००) । समाख्याताको यस कथनले नारीलाई उपभोग्य वस्तुका रूपमा उपभोग गर्न भोकाएका

पुरुषप्रतिको घृणा एवम् विद्रोही चेतलाई प्रस्ट पारेको छ । यसरी 'रनमाया' उपन्यासमा पितृसत्ताले गर्ने नारीको यौनशोषण र हिंसाको विरोध एवम् प्रतिरोधी चेतलाई प्रस्तुत गरिएको छ ।

इन्दिरा प्रसाईको 'शिखा' उपन्यासमा नारीमाथि हुने यौनशोषण तथा घरेलु हिंसाको विरोध गरिएको छ । यस उपन्यासमा रुन्चीकी आमालाई लोग्नेले गर्ने घरेलु हिंसा तथा यौनशोषणलाई प्रस्तुत गरिएको छ । '...राति आफ्नी स्वास्नीसँग पनि जबरजस्ती गर्छ, कुट्छ र एउटाएउटा गर्दै आफ्नो आयु मार्दै जान्छ' (पृ.३०) भन्ने समाख्याताको कथनले नारीको इच्छाविपरीत यौनशोषण तथा हिंसा गर्ने पुरुषप्रवृत्तिप्रतिको वितृष्णालाई प्रस्तुत गरेको छ । यस्तै 'रुन्चीकी सानीमा रुन्चीको घर आएको वेला रुन्चीको बाउले उसलाई पनि जबरजस्ती सुताएको घटना रुन्चीकी आमाले देखेर पनि नदेखेजस्तो गरेकी थिई' (पृ.३५) भन्ने समाख्याताको कथनले आफ्नो लोग्नेको हिंसात्मक व्यवहारका कारण त्रसित नारीले जस्तोसुकै शोषणलाई पनि सहनुपरेको सन्दर्भलाई प्रस्ट पारेको छ । यस कथनले नारीहरू एकपछि अर्को गर्दै पुरुषको शोषणमा पर्न बाध्य रहेको सन्दर्भको विरोध समाख्यातामार्फत प्रस्तुत गरिएको हुनाले महिलाहिंसाबाट मुक्तिप्रतिको चेतना यस उपन्यासमा पाइन्छ ।

इन्दिरा प्रसाईको प्रस्तुत उपन्यासमा नारीलाई जहाँ गए पनि पुरुषको यौनवासनाको सिकारबाट उम्किन गाह्रो पर्ने सन्दर्भलाई स्थान दिइएको छ । यस उपन्यासमा समाख्याताले घर छाडेर धर्मशालामा जीवन बिताउने मार्ग रोजे पनि त्यहाँसमेत नारीहरू पुरुषको सिकार बन्नुपरेको सन्दर्भलाई यस प्रकार प्रस्तुत गरिएको छ :

> बिस्तारै मेरो निद्रा सम्पूर्ण भागेर गयो र म जोडले चिच्च्याएँ । तर त्यो मानिसको एउटा हात मेरो मुखसम्म आइपुग्यो । त्यसपछि उसले मलाई वशमा ल्याउन उसको सम्पूर्ण ताकत लगाइरह्यो । मैले गरेको विरोधको उसले कुनै वास्ता गरेन ।

> त्यसपछि म लाचार भइरहेँ र उसले आफूले चाहेजस्तो गरिरह्यो (पृ.१२०) ।

समाख्याताको प्रस्तुत कथनले साधुका भेषमा उभिएको बाबाले नै आफूलाई बलात्कार गरेको घटना प्रस्ट गरेको छ । यस कथनमा नारीलाई भोग्य वस्तुका रूपमा हेरेर यौनप्यास मेटाउन पल्केका पुरुषको पशुवृत्तिको विरोध गरिएको छ । यसर्थ यस उपन्यासमा यौनशोषण एवम् महिलाहिंसाप्रतिको चेतना पाइन्छ ।

इन्दिरा प्रसाईको 'शिखा' उपन्यासमा श्रीमती भन्दैमा नारीको इच्छाविपरीत यौनशोषण गर्ने, घरभित्र मात्र नभएर घरबाहिर संन्यासी बनेर हिँड्दा समेत साधु बाबाका भेषधारी पुरुषको यौनप्यासका साधन बन्न बाध्य भएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यसरी नारीमाथि पितृसत्ताले गर्ने नियन्त्रण र हिंसात्मक व्यवहारप्रतिको वितृष्णा प्रस्तुत गरिएको हुनाले यस उपन्यासमा पितृसत्तात्मक दमन तथा यौनशोषण एवम् महिलाहिंसाप्रतिको चेतना पाइन्छ ।

इन्दिरा प्रसाईको 'उसको लोग्ने र बिरालो' उपन्यासमा पितृसत्तात्मक समाजमा पुरुषलाई जति पनि परस्त्रीसँग सम्बन्ध राख्ने छुट भएको र त्यसका कारणले उसको इज्जतप्रतिष्ठामाथि कुनै आँच नआउने प्रचलनको विरोध गरिएको छ । पुरुषले श्रीमती घरमा हुँदाहुँदै परस्त्रीसँगको सम्बन्ध बढाउँदै लगेको र उसलाई केवल घरभित्र यौनतृप्ति मेटाउने वस्तुका रूपमा उपभोग गर्ने गरेको तथ्यलाई समाख्याताको यस कथनले प्रस्ट पारेको छ :

> दर्पणले नीलाका आँखा छल्नासाथ नीलाकै साथीहरू, नातेदार दिदीबहिनीहरू र घरमा काम गर्न राखिएका जातकुजातका नोकर्नीहरूलाई समेत ओछ्यानमा सुताएका चित्रहरू नीलाका आँखामा सजीव भएर नाच्ने गर्थे । त्यसैले कामपिपासु भएर आफूलाई ललाउनफकाउन आउने

पुरुषहरूसँग नीला पग्लिनुको साटो घृणा र आक्रोशले तमतमाउने गर्थी (पृ.४५)।

आफ्नी श्रीमतीको आँखा छलेर अन्य युवतीसँग यौनप्यास मेटाउन व्यस्त रहने कामपिपासु पुरुषका रूपमा दर्पण देखा परेको छ। नीलालाई आफ्नो लोग्नेको विगतका हर्कतले अन्य पुरुषको सामीप्यतामा पनि घृणा र आक्रोशको ज्वाला उठ्नुले पुरुषको नारीमाथिको यौनहिंसाप्रतिको विद्रोही रूपलाई प्रस्ट पारेको छ। यसर्थ यस कथनले नारीमाथि हुने यौनहिंसाप्रतिको विद्रोही चेतलाई प्रस्तुत गरेको छ।

इन्दिरा प्रसाईका उपन्यासमा यौनशोषणप्रतिको विद्रोही चेतनालाई प्रस्तुत गरिएको छ। उनका उपन्यासमा नारीमाथि गरिने घरेलु हिंसा, विवाहित नारीको सहमतिबिना नारीमाथि पुरुषले गर्ने यौनशोषण, बलात्कार आदिको विरोध गरिएको छ। पितृसत्तात्मक समाजमा बहुविवाहमा पुरुषले पाएको छुट र नारीमाथि हुने गरेका मानसिक एवम् शारीरिक शोषणको समेत विरोध गरिएका प्रसाईका उपन्यासमा यौनजन्य क्रियाकलापमा नारीको सहमतिको आवश्यकताको माग गरिएको छ। उनका उपन्यासमा नारीलाई कठपुतली बनाउने, मनोरञ्जनका साधन ठान्ने र नारीका इच्छाविपरीत शारीरिक सम्बन्ध राखेर पुरुषत्वको हुङ्कार गर्ने पितृसत्तात्मक सोच बोकेका पुरुषप्रति आक्रोश प्रकट गरिएको छ। यसरी नारीमाथि हुने गरेका यौनहिंसा एवम् शोषणको विरोध गर्ने सचेत नारीपात्रको उपस्थितिले प्रसाईका उपन्यासलाई नारीवादी चेतनायुक्त बनाएको छ।

### ३.७ आर्थिक एवम् राजनीतिक विभेदको प्रतिरोध

अस्तित्ववादी नारीवादले आर्थिक एवम् राजनीतिक क्षेत्रमा नारीमाथि हुने विभेदको विरोध गर्दछ। यसले नारीहरू आर्थिक रूपमा मात्र नभएर सामाजिक, राजनीतिक एवम् सांस्कृतिक रूपमा पनि सबल हुनुपर्ने विचार राख्दछ। यसले नारीहरूलाई पुरुषहरूलाई

जस्तो आर्थिक तथा राजनीतिक क्षेत्रमा ओहोदा र अधिक सुविधा प्राप्त नहुने मान्यता राख्दछ । अस्तित्ववादी नारीवादी बुभा भन्छिन् :

> यदि कानुनले महिलालाई बराबरीको आधार दियो भने पनि सामाजिकता, नैतिकता र लोकव्यवहार उसको अवरोधमा आइहाल्छन् । अरू कुराहरू समान रहँदा पनि आर्थिक क्षेत्रमा महिला र पुरुष बिलकुल अलगअलग जातिका रूपमा प्रस्तुत हुन्छन् । पुरुषलाई राम्रो जागिर, बढी तलब एवम् सफलताका अधिक सुविधाहरू प्राप्त हुन्छन्, व्यवस्था तथा राजनीतिमा पुरुषहरूलाई बढी ओहोदा मिल्दछ र महत्त्वपूर्ण पदहरूमा उनीहरूको एकाधिकार पनि रहन्छ । यी सबका अतिरिक्त पुरुषलाई शिक्षाका क्षेत्रमा पनि एक पारम्परिक सम्मान मिलिरहेको छ जसले अतीतकै प्रतिस्थापित गर्दछ । अतीतमा प्रत्येक इतिहासको निर्माता पुरुष नै रहेको छ (पृ.६) ।

सामाजिकता, नैतिकता र लोकव्यवहारका कारण नारीका हितमा बनेका कानुनी व्यवस्था पनि पूर्ण हुन सकेका छैनन् भन्ने बुभाको मत छ । आर्थिक पहुँचमा पनि नारी र पुरुषमा विभेद रहेको र पुरुषलाई राम्रो जागिर, बढी तलब मिले पनि नारीहरू त्यसबाट वञ्चित हुनुपर्ने धारणा उनको छ । नारीहरूले राजनीतिमा अवसर नपाउने तर ठूला पदहरूमा पुरुषहरूकै एकाधिकार रहने तथ्यलाई पनि बुभाले प्रस्तुत गरेकी छन् । शिक्षाका क्षेत्रमा पनि पुरुषलाई पारम्परिक सम्मान मिलेको र इतिहासको निर्माता पनि पुरुष नै रहेको भन्दै शैक्षिक, आर्थिक, ऐतिहासिक एवम् राजनीतिक क्षेत्रमा पुरुषको एकाधिकारको विरोध बुभाले गरेकी छन् ।

इन्दिरा प्रसाईको 'विश्वामित्र' उपन्यासमा आर्थिक हिसाबले सबल नारीपात्रले पुरुषमाथि नियन्त्रण गर्न सकेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यस उपन्यासकी नारीपात्र चन्द्रकला उसको श्रीमान् मनजङ्गभन्दा आर्थिक रूपमा सबल छे । यसकै फलस्वरूप उसले

लोग्नेमाथि हैकम जमाउन सकेकी छ । आर्थिक कारोबारमा मात्र होइन, लोग्नेसँग बिनाहिचकिचाहट यौनेच्छापूर्तिको माग गर्न सकेकी छ । 'चन्द्रकलाले आफ्नो सम्पूर्ण शरीरको भार मनजङ्गलाई बोकाएर ऊ मनजङ्गसँगै सुती । क्रमैले उसले मनजङ्गका ओठसम्म आफ्ना ओठ पुऱ्याई' (पृ.७७) भन्ने समाख्याताको कथनले सो कुराको पुष्टि गरेको छ । यस्तै बुहारी चन्द्रकलाको सम्पत्तिको आडमा मनजङ्गकी आमाले समेत मोज गर्न पछि नपरेको सन्दर्भबाट आर्थिक रूपमा सबल नारीको स्वतन्त्रतालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । सासू र बुहारी दुवैले यौनेच्छापूर्तिका लागि लोग्नेमा निर्भर नभई दिउँसो घरमा परपुरुषलाई बोलाएर मस्ती गरेका छन् ।

यस उपन्यासमा चन्द्रकलाले 'हजुरलाई खर्च चाहियो भने मागिस्योस् । बाँकी चिन्ता हजुरले लिइरहन उपयुक्त नहोला पनि' (पृ.७९) भनी अनैतिक सम्बन्धका बारेमा चासो नदिन सासूसँग गरेको आग्रहले आर्थिक हैसियतबाट निर्मित रवाफ र साहसलाई नै प्रस्ट पारेको छ । श्रीमान्ले थाहा पाइसकेपछि पनि सँगसँगै सिँगौरी खेलेर घर छाडेर हिँड्ने हिम्मत बोकेकी नारीपात्रका रूपमा चन्द्रकलाको उपस्थिति देखिन्छ । यसर्थ आर्थिक हिसाबले सबल नारीहरू निम्न वर्गीय नारीका तुलनामा बढी स्वतन्त्र हुने र स्वनिर्णय गर्न सक्ने प्रवृत्तिका हुने दृष्टान्त प्रस्तुत गरिएको यस उपन्यासमा आर्थिक स्वतन्त्रताप्रतिको नारीचेतना प्रबल बनेको छ ।

इन्दिरा प्रसाईको 'उसको लोग्ने र बिरालो' उपन्यासमा आर्थिक रूपमा सबल नारीको उपस्थितिमार्फत आर्थिक समानता र स्वतन्त्रतालाई प्रस्तुत गरिएको छ । यस उपन्यासकी नायिका नीला आफूलाई मन पर्ने घर खरिद गर्न सक्षम छ । उसले आफ्नो हैसियतले ठूलो घर किन्न सक्ने हुँदाहुँदै पनि सामान्य घर किन्ने निर्णय गरेकी छ । '...आफूसँग पर्याप्त धन हुँदाहुँदै पनि उसले आफूबाहेक अरूका लागि नहुने यो घर किनेकी हो' (पृ.२३) भन्ने समाख्याताको कथनले

सो कुराको पुष्टि गरेको छ । पर्याप्त धन भएर पनि आफूबाहेक अरूले उपभोग गर्न नसकोस् भन्ने हेतुले घर किन्नु उसको आर्थिक हैसियत र स्वतन्त्र निर्णयको द्योतक हो । यसले नारीको आत्मनिर्भरता र निर्णयप्रतिको स्वतन्त्रताका साथै आर्थिक समानताको स्थितिलाई समेत बोध गराएको छ ।

इन्दिरा प्रसाईका उपन्यासमा आर्थिक विभेदप्रतिको नारीचेतनालाई नारीपात्रका क्रियाकलाप तथा विचारका माध्यमबाट प्रस्तुत गरिएको छ । उनका उपन्यासमा आर्थिक रूपले सक्षम नारीहरू आफूखुसी निर्णय गर्न र पुरुषसँग समान रूपमा हातेमालो गर्न सक्ने हुन्छन् भन्ने सन्दर्भलाई प्रस्तुत गरिएको छ । उनका उपन्यासका आर्थिक रूपमा सबल नारीपात्रले पितृसत्तात्मक दमन सहनुपरेको छैन । उनीहरूले उल्टै पुरुषमाथि आधिपत्य जमाएर स्वतन्त्र रूपले यौनेच्छा प्रकट गर्न र यौनचाहना पूरा गर्न सकेका छन् । नारीहरूले आफ्ना वैयक्तिक निर्णयप्रतिको स्वतन्त्रता र पितृसत्तात्मक व्यवस्थामाथिको धावा बोल्न सक्नुका पछाडि आर्थिक सम्पन्नता नै प्रमुख कारक रहेको तथ्यलाई प्रसाईका उपन्यासमा प्रस्तुत गरिएको छ । यसर्थ उनका उपन्यासमा आर्थिक विभेदप्रतिको नारीचेतना मुखरित भएको छ ।

### ३.८ वर्गीय विभेदको प्रतिरोध

अस्तित्ववादी नारीवादले वर्गका आधारमा हुने विभेदका कारण नारीहरू दोहोरो दमनमा पर्ने गरेको मान्यता राख्दछ । यसले नारी र पुरुषबीच पितृसत्ताले गर्दै आएको लैङ्गिक विभेदको सिकार भएका महिला वर्गले सिर्जना गरेको धनी र गरिबको विभेदले समय प्रताडित हुने विचार राख्दछ । धनी वर्गका महिलाका तुलनामा निम्न आय भएका महिला दोहोरो दमनमा पर्ने यसको मत छ । लिङ्ग र वर्गका दोहोरो शोषणमा पर्ने महिलाका तुलनामा आर्थिक हिसाबले कम दमनमा पर्ने र सबै महिलालाई एउटै दर्जामा राखेर

अध्ययन गर्नु असान्दर्भिक भएको तर्क अस्तित्ववादी नारीवादीले अघि सारेको पाइन्छ ।

अस्तित्ववादी नारीवादले महिला र सर्वहारा वर्गबीचमा समानान्तर रेखाहरू भए तापनि सर्वहारा वर्ग आदिम युगदेखि नभएको तर महिला सदाकालदेखि रहेको धारणा राखेको छ । यस सम्बन्धमा बुभाले 'महिला र सर्वहाराका बीचमा समानान्तर रेखाहरू छन् तर सर्वहारा सदाकालदेखि थिएन जबकि महिला सदाकालदेखि रहेकी छे । महिला आफ्ना शरीरसंरचना तथा स्थितिहरूका कारणले महिला हो' (पृ.३) भन्ने मत राखेकी छन् । यसले वर्गीय विभेदको प्रारम्भभन्दा पहिले नै लैङ्गिक विभेद सुरु भएको सन्दर्भलाई द्योतन गर्दछ । यसले महिलाको पहिचान शारीरिक भिन्नताका आधारमा मात्र महिला भएको मान्यतालाई प्रस्तुत गरेको छ । बुभाले यस कथनमार्फत नारीलाई नारी बनाइनु र नारी हुनुमा फरक रहेको अवधारणा प्रस्तुत गरेकी छन् । नारीहरू सृष्टिको प्रारम्भदेखि नै जैविक रूपमा नारी भएको तर शारीरिक संरचनाकै आधारमा नारीका विशेषता तथा प्रवृत्तिहरू, कामका स्वरूप र विभेदका अनेक आयामहरू सिर्जना गरिदिएर पितृसत्ताले दोस्रो दर्जाका नागरिकका रूपमा नारीलाई लिने गरेको सन्दर्भको समेत यसले खुलासा गरेको छ ।

पितृसत्तात्मक समाजमा पुरुषलाई दाताका रूपमा र नारीलाई ग्रहीताका रूपमा लिने गरिएको विभेदपूर्ण परिपाटीको समेत अस्तित्ववादी नारीवादले विरोध गर्दछ । बुभाले पुरुषले इच्छाएको मात्र पाउने भएकाले पुरुष दाता र स्त्री ग्रहीताका रूपमा समाजमा देखा पर्ने धारणा व्यक्त गरेकी छन् (पृ.५) । यसले वर्गीय हिसाबले हेर्दा नारीहरू पुरुषप्रति निर्भर हुनुपर्ने तथ्यका साथै नारीहरू आर्थिक हिसाबले कमजोर भएका कारणले दमनमा पर्ने तथ्यलाई समेत प्रस्ट पारेको छ ।

अस्तित्ववादी नारीवादले जसरी सर्वहारा वर्गको इतिहास लेखिँदैन त्यसरी नै नारीहरूको पनि इतिहास नलेखिएको दाबी गरेका छन् । बुभाले 'नारीहरूको न कुनै अतीत छ न इतिहास । उनीहरूको न आफ्नो कुनै धर्म छ, न सर्वहाराको जस्तो ठोस क्रियाकलापहरूको एक सङ्गठित जगत् नै' भन्ने विचार प्रस्तुत गरेकी छन् (पृ.५) । यसले नारीहरू इतिहासहीन, धर्महीन र सङ्गठनहीन रहेको अवस्थालाई जनाउँछ ।

नारीहरू आत्मनिर्भर हुनुभन्दा पनि पुरुषकै सहयोगको अपेक्षा गर्दै उसैको सामाजिक स्तरसँग आफूलाई तादात्म्य गर्न बाध्य हुनुपर्ने तथ्यलाई बुभाले यसरी प्रस्तुत गरेकी छन् : 'महिला पुरुषले दिएका आर्थिक सुविधाहरूलाई उपभोग गर्दै उसैको सामाजिक स्तरसँग आफ्नो तादात्म्य स्थापित गर्दछ । पुरुष उसको आसपास कहिले पिता, कहिले दाजुभाइ, त कहिले पुत्रका रूपमा रहन्छ' (पृ.५) । यसमा नारीहरूले आफ्नो स्वतन्त्र अस्तित्व, आर्थिक सक्षमता र आत्मनिर्भरताभन्दा पनि पुरुषको आसपासमा रहेर उनैको सम्पत्तिमा आफ्नो सामाजिक स्तरको खोजी गर्दै बाँच्नुपरेको तीतो यथार्थलाई प्रस्तुत गरिएको छ ।

पितृसत्तात्मक समाजव्यवस्थाले निर्माण गरेका पुरुषमाथि महिलाको आर्थिक निर्भरताका विरुद्ध स्वतन्त्र आर्थिक हैसियतसम्बन्धी अभियानमा औद्योगिक क्रान्तिले विशेष भूमिका खेलेको बुभाको ठहर छ । औद्योगिक क्रान्तिको परिणामस्वरूप महिलालाई उत्पादक श्रमको क्षेत्रमा प्रवेश मिल्यो र यहीँबाट महिलाको स्वाधीनताको दाबीलाई आर्थिक आधार प्राप्त भयो, साथसाथै विरोधी खेमाहरू अरू आक्रामक हुन गए (पृ.७) । पुरुषमा मात्र निर्भर महिलाहरू उत्पादक श्रमको क्षेत्रमा प्रवेश गर्न थालेपछि नारीस्वतन्त्रताको आर्थिक आधार प्राप्त भएको र त्यसैबाट नारी आत्मनिर्भरताको सुरुवात भएको बुभाको मत छ ।

आर्थिक रूपमा सक्षम हुँदाहुँदै पनि निम्न वर्गका नारीहरू वर्गीय दमनमा रहने र उच्च वर्गका नारीहरू पितृसत्तात्मक दमनमा रहने प्रवृत्ति यथावत् भएको सन्दर्भलाई बुभाले यसरी प्रस्तुत गरेकी छन् :

> यदि निम्न वर्गका महिलालाई स्वतन्त्रता प्राप्त भयो र उसको कुनै उत्पादकको भूमिका रह्यो भने पनि ऊ आर्थिक शोषणको सिकार थिई । यदि ऊ सत्ता वर्गकी थिई भने पनि परजीवी मात्र हैन पुरुषको शोषणको समेत सिकार थिई (पृ.५२) ।

आर्थिक निर्भरताले मात्रै नारीहरूले स्वतन्त्रता र आत्मनिर्भरताको अनुभव गर्न नसकेको सन्दर्भलाई यसमा प्रस्तुत गरिएको छ । उच्च वर्ग र निम्न वर्ग दुवैले आर्थिक सक्षमताका बाबजुद पनि वर्गीय एवम् लैङ्गिक शोषणको सामना गर्नुपरेको तथ्यलाई यसले प्रस्ट पारेको छ ।

समाजमा पुरुष र नारीबीच आर्थिक समानता नभएसम्म महिलाले आफूलाई हीन महसुस गरिरहने प्रवृत्तिलाई बुभाको यस कथनले प्रस्ट पारेको छ :

> जबसम्म पूर्ण आर्थिक बराबरी हुन जाँदैन, तबसम्म समाजमा महिलाले आफ्नो उपलब्धिहरूलाई सदा सानो नै बनाइरहन्छे । उसले देख्दछे कि उसको कमजोर प्रयासको तुलनामा अरू महिलाहरू केवल पत्नी वा रखौटी भएर पुरुषले दिएका सुविधाहरूका कारण समाजमा बढी स्थापित छन् (पृ.१५४) ।

समाजमा नारीको अस्तित्व पत्नी वा रखौटी भएर पुरुषबाट पाएको सुविधाबाट माथि उठ्नका लागि आर्थिक हैसियत समान हुनु जरुरी रहेको सन्दर्भलाई बुभाले यसमा प्रस्तुत गरेकी छन् । यस्तै उनले जबसम्म पुरुषको हातमा आर्थिक जिम्मेवारी रहनेछ तबसम्म समानताको दाबी भ्रम नै रहनेछ भन्ने विचार राखेकी छन्

(पृ.२२७) । यसर्थ पुरुषले नारीमा आर्थिक जिम्मेवारीको हस्तान्तरण नगरेसम्म समानताको दाबी भ्रमबाहेक केही नहुने विचार अस्तित्ववादी नारीवादले राख्दछ ।

अस्तित्ववादी नारीवादले नारीहरू मात्र नभएर सन्तानहरू पनि पितामै आश्रित रहन बाध्य हुने अवस्थाको विरोध गर्दछ । पितृसत्ताले समाजमा पुरुषलाई सत्तामा राख्ने र आर्थिक मामिलामा पुरुषकै हालीमुहाली रहने अवस्था सिर्जना गरेको हुनाले परिवारमा घरको मूली पुरुषबाहेक सबै आश्रित रहने र दमनमा पर्ने सन्दर्भको विरोध बुभाले गरेकी छन् । उनले जबसम्म आर्थिक मामिलाहरूमा परिवारको प्रधान पुरुष रहनेछ, तबसम्म सन्तान पितामाथि माताभन्दा बढी आश्रित रहनेछ (पृ.२५२) भन्ने विचारमार्फत पुरुषप्रधानताका कारण सन्तानमाथि परेको प्रभावलाई प्रस्ट पारेकी छन् । यसले पितृसत्ताको मूल प्रभाव नारीमा मात्र नभएर सन्तानमा समेत परेको तथ्यलाई द्योतन गरेको छ ।

इन्दिरा प्रसाईको 'विश्वामित्र' उपन्यासका मेनका र सुमित्राजस्ता नारीपात्रहरू आर्थिक हिसाबले सबल एवम् उच्च वर्गका प्रतिनिधि पात्रहरू हुन् । घरमा सुसारे तथा मालीहरू राखेर भौतिक सुखमा जीवन बिताएका यी पात्रका तुलनामा यस उपन्यासमा उपस्थित उमा दिदी, गीताजस्ता निम्न वर्गका नारीपात्रहरू पितृसत्तात्मक व्यवस्थाबाट मात्र नभएर वर्गीय हिसाबले समेत उत्पीडनमा परेका हुनाले दोहोरो शोषण बेहोर्न बाध्य देखिन्छन् ।

इन्दिरा प्रसाईको 'रनमाया' उपन्यासका नारीपात्रहरू वर्गीय एवम् लैङ्गिक हिसाबले दोहोरो उत्पीडन भोग्न बाध्य देखिन्छन् । यस उपन्यासका नारीहरू भुटान छाडेर हिँड्न बाध्य भएपछि आर्थिक रूपले समस्यामा परेका मात्र नभएर पितृसत्तात्मक सोच बोकेका यौनपिपासु पुरुषको पञ्जाबाट समेत उम्किन सकेका छैनन् । यात्राका लागि जोगाएर राखेका खर्चसमेत लुटिएर अलपत्र पर्नु त

छँदै छ, रनमायाकी बुहारी सुनकेसीले भारतीय प्रहरीबाट यौनहिंसासमेत सहनुपरेको छ । यस किसिमको हिंसाप्रति नारीहरूले विद्रोहसमेत गरेका छन् । यसरी यस उपन्यासमा नारीपात्रहरूले वर्गीय एवम् लैङ्गिक हिसाबले दोहोरो शोषण खेप्नुपरेको सन्दर्भ र त्यसप्रतिको विद्रोहलाई प्रस्तुत गरिएको छ ।

इन्दिरा प्रसाईको 'शिखा' उपन्यासमा आर्थिक हिसाबले कमजोर एवम् परनिर्भर नारीमाथि पुरुषले गर्ने दमन र नियन्त्रणको विरोध गरिएको छ । आफ्नो श्रीमान्ले कमाएको मोटो रकममा सन्तुष्ट बन्न नसकेकी म पात्रको पीडालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । यस्तै '...मोटो रकम मेरो हातमा हाल्दिनु, चाडपर्वमा लुगाफाटा किनिदिनु, सेफमा भएका गहना र रुपैयाँपैसाको पहरेदारी गराउनु । यस मूल्यलाई मैले आफ्नो अस्तित्वको पराजय ठानी लत्याउँदै आएकी छु' (पृ.१७) भन्ने म पात्रको कथनले आर्थिक हिसाबले सबल नहुँदा पहिचान नै सङ्कटमा पर्ने सन्दर्भलाई समेत प्रस्ट पारेको छ । यसर्थ यस उपन्यासमा निम्न वर्गीय एवम् परनिर्भर नारीले भोग्नुपरेका उत्पीडन र त्यसका विरुद्धमा नारीमा जागृत चेतनालाई प्रस्तुत गरिएको छ ।

इन्दिरा प्रसाईको 'उसको लोग्ने र बिरालो' उपन्यासमा आर्थिक हिसाबले सक्षम नारीपात्रको उपस्थिति पाइन्छ । यस उपन्यासमा नीला र स्मृतिले जीवनको स्वतन्त्र निर्णय गर्न सक्नु आर्थिक हैसियतकै प्रभाव हो । दुवै आफ्नो खुट्टामा उभिन सक्ने र केही जोहो गर्न सक्ने प्रवृत्तिका नारीपात्र हुन् । आमा नीला जागिरे महिला हो । दुई जना श्रीमान्सँग सम्बन्धविच्छेद गरिसकेपछि पनि उसले आफूलाई बस्ने सानो घर आफैँ किन्न सक्ने हैसियत राखेकी छ भने स्मृति विदेशमा बसेर पढ्दा काम गरेर आफैँले आफूलाई पुग्ने खर्च जुटाएकी छ । यसर्थ यी दुवै नारीहरू आत्मनिर्भर भएकाले आफ्नो जीवनको निर्णय आफैँ लिन सकेका छन् । आर्थिक हिसाबले सक्षम

नारीहरूलाई पितृसत्तात्मक समाजमा अस्तित्वको खोजी गर्दै जीविकोपार्जनका लागि सहज भएको सन्दर्भलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

इन्दिरा प्रसाईका उपन्यासमा अस्तित्ववादी नारीवादीले भनेझैँ वर्गीयताका कारणले नारीहरूको उत्पीडन फरकफरक हुने तथ्यलाई प्रस्तुत गरिएको छ । उनका उपन्यासका उच्च वर्गीय नारीपात्रहरू मध्यम तथा निम्न वर्गीय नारीका तुलनामा कम दमनमा परेको देखिन्छ । वर्गीय हिसाबले उत्पीडनमा परेका निम्न वर्गीय नारीहरू पितृसत्तात्मक व्यवस्थाका कारणसमेत दमनमा परेका छन् । तसर्थ आर्थिक हिसाबले सबल नारीका तुलनामा दुर्बल नारीहरू परनिर्भर हुनुपर्ने, घरायसी कामधन्दादेखि घरबाहिरका काममा उत्तिकै खटिनुपर्ने त छँदै छ, अझै पितृसत्तात्मक सोच बोकेका पुरुषहरूबाट हिंसा, दमन तथा उत्पीडनको सिकार हुन बाध्य देखिन्छन् । तर पनि प्रसाईका उपन्यासका नारीपात्रहरूले आफूमाथि हुने गरेका दमनका विरुद्धमा आवाज उठाउन पछि परेका छैनन् । यसर्थ उनका उपन्यासमा दोहोरो उत्पीडनमा परेका नारीहरूको वर्गीय विभेदप्रतिको सचेतना तथा विद्रोह भावलाई स्थान दिइएको छ ।

### ३.९ विषमलिङ्गी तथा समलैङ्गिक सम्बन्ध

अस्तित्ववादी नारीवादले विषमलिङ्गी व्यवस्थालाई पितृसत्तात्मक समाजको उपज मान्दछ । यसले नारी र नारीबीचको वैवाहिक सम्बन्धमा नारीको स्वतन्त्रताको वकालत गर्दछ । प्रसाईको 'उसको लोग्ने र बिरालो' उपन्यासमा पनि समलिङ्गी विवाहप्रति रुचि लिने र पुरुषसँगको वैवाहिक सम्बन्धको कल्पना पनि नगर्ने नारीपात्रको उपस्थिति गराइएको छ । यस उपन्यासमा नीलाकी छोरी स्मृतिले समलिङ्गी विवाहबाट नारीउत्पीडन र विभेद कम हुने तर्क प्रस्तुत गरेकी छ ।

यस उपन्यासमा वैवाहिक सम्बन्धका कारण आफ्नी आमाले भोगेका पीडाहरू सुन्दासुन्दा दिक्क भएकी स्मृतिले आमा नीलालाई सल्लाह दिने क्रममा भनेको कुरालाई समाख्यातामार्फत यसरी प्रस्तुत गरिएको छ : 'पन्ध्र दिनअघि मात्रै स्मृतिले उससँग प्रश्न गरेकी थिई । मम्मी ! मान्छेहरू बिहा नगरी किन बस्न सक्तैनन् ? बिहे गरेपछि पनि सुखी त हुँदैनन् । फेरि किन ? अब त होमो आइसक्यो । म त लोग्नेमानिससँग बिहे गर्दै गर्दिनँ' (पृ.३४) । स्मृतिले यस कथनमा बिहेपछि पनि सुखी नहुने जान्दाजान्दै पनि मानिसहरू बिहे नगरी किन बस्दैनन् भनी प्रश्न उठाएकी छ । उसले होमो अर्थात् समलिङ्गी विवाहको प्रचलन आइसकेको सन्दर्भलाई सम्झाउँदै आफू विषमलिङ्गी बिहे नगर्ने निर्णय पनि आमालाई सुनाएकी छ । अस्तित्ववादी नारीवादीले भनेझैँ यसमा नारीले चाहेमा नारीसँगै वैवाहिक सम्बन्ध जोडेर जिउन नारीहरू स्वतन्त्र रहेको तथ्यलाई समर्थन गरिएको छ ।

इन्दिरा प्रसाईको यस उपन्यासमा नीलाले छोरीलाई कुनै केटासँग प्रेम भएनभएको प्रश्न गर्दा स्मृतिले दिएको जबाफले समलिङ्गी सम्बन्धकै समर्थन गरेको छ । ऊ भन्छे : 'मम्मु, तिमी कस्तो चाइल्डिस कुरा गर्छ्यौ । प्रेमस्रेम वाहियात, म त्यस्तो गर्दिनँ के ! आफ्नो क्यारियर बनाउनुपर्छ क्यारियर । देन इफ आई विल म्यारी, आई विल म्यारी विथ ओन्ली गर्ल नेभर ब्वाई' (पृ.३६) । उसको यस कथनले नारी र पुरुषबीचको प्रेमका बारेमा सोच्नु पनि चाइल्डिस सोच भएको कुरालाई प्रस्ट पारेको छ । यसले आधुनिक जमानामा पितृसत्तात्मक सोचलाई समर्थन गरेर विषमलिङ्गी वैवाहिक सम्बन्धको मात्र कुरा गर्नु तर्कहीन र रूढिवादी सोच भएको तथ्यलाई द्योतन गरेको छ । यसका साथै उसले नारीसँग नै प्रेम गर्ने वा केटीसँग नै विवाह गर्ने निर्णय पनि सुनाएकी छ ।

इन्दिरा प्रसाईका उपन्यासमा नारी र नारीबीचको समलिङ्गी प्रेमसम्बन्ध तथा वैवाहिक सम्बन्धको वकालत गरी आधुनिक

नारीहरूले नारीअस्तित्वको रक्षाका लागि यस किसिमको सम्बन्धलाई उत्तम विकल्पका रूपमा लिने गरेको तथ्य उजागर गरिएको छ । उनका उपन्यासमा वैवाहिक सम्बन्धमा पितृसत्ताले स्थापना गरेको विषमलैङ्गिक अवधारणाप्रतिको वितृष्णा एवम् विरोधका साथै समलैङ्गिक सम्बन्धप्रतिको आकर्षणलाई प्रस्तुत गरिएको छ ।

## ३.१० निष्कर्ष

इन्दिरा प्रसाईका उपन्यासमा नारीविभेदप्रतिको प्रतिरोधी चेतनालाई नारीपात्रका विचार, क्रियाकलाप एवम् संवेदनाका माध्यमबाट प्रस्तुत गरिएको छ । उनका उपन्यासमा नारीमाथि हुने गरेका विविध किसिमका विभेदप्रति नारीमै जागृत चेतना र त्यसप्रतिको विद्रोह भावलाई प्रमुख स्थान दिइएको छ । उनका उपन्यासमा पितृसत्ताले गरेको विभेदप्रतिको प्रतिरोधी नारीचेतना, लैङ्गिक विभेदप्रतिको प्रतिरोधी नारीचेतना, पारिवारिक एवम् सामाजिक विभेदप्रतिको प्रतिरोधी नारीचेतना, धार्मिक तथा सांस्कृतिक विभेदप्रतिको प्रतिरोधी नारीचेतना, यौनशोषणप्रतिको प्रतिरोधी नारीचेतना, आर्थिक एवम् राजनीतिक विभेदप्रतिको प्रतिरोधी नारीचेतना, विषमलिङ्गी वैवाहिक सम्बन्धको विरोध र समलैङ्गिक सम्बन्धप्रतिको आकर्षणसम्बन्धी नारीचेतनाको प्रस्तुति पाइन्छ ।

इन्दिरा प्रसाईका उपन्यासमा पितृसत्ताका कारणले आत्महत्याको स्थितिमा पुगेका नारी, पुरुषकै खुसीका लागि आफ्नो रहरलाई तिलाञ्जली दिएर हैरान भएका नारी, खेलौनाका रूपमा उपभोग गरिएको नारी, सौतेनी मामिलाबाट पीडित नारी आदिको पितृसत्ताप्रतिको विद्रोही चेतलाई प्रस्तुत गरिएको छ । यस्तै छोरीलाई भन्दा छोरालाई महत्त्व दिइने प्रवृत्ति, छोरीलाई बोझ सम्झेर बालविवाह गरी पन्छाउने प्रवृत्ति, विधवा पुरुष तथा नारीमाथि गरिने विभेद, महिनावारीका सम्बन्धमा बसेको गलत धारणाले नारीको शैक्षिक अवसरमा हालेको तगारो, बालिकामा समाजको संस्कृतिले पारेको

प्रभाव तथा आत्मनिर्भर बन्न खोजेकी नारीमाथि पुरुषले गर्ने दमनात्मक व्यवहारका माध्यमबाट नारीमाथि गरिने विभेदको सचेत रूपमा विरोध गरिएको छ । यी उपन्यासमा परिवार र समाजले निर्माण गरेका लैङ्गिक विभेद एवम् नारीमाथि नियन्त्रणभन्दा माथि उठेर नारीहरूको स्वतन्त्रताका पक्षमा वकालत गरिएको छ । उनका उपन्यासमा वैवाहिक सम्बन्धले नारीहरूलाई पुरुषको दासी बनाउने परिपाटी, प्रेम र यौनचाहनालाई गुम्साएर राख्नुपर्ने नारीको बाध्यता, समाजमा नारीको पुरुषसरहको भूमिका र स्वभावमाथिको कपोलकल्पित नियन्त्रण आदिका विरुद्धमा नारीमा जागृत चेतनालाई समेत स्थान दिइएको छ । धर्म र संस्कृतिका नाममा नारीलाई सदैव दमन गरिरहने र पुरुषको दासी बनाइरहने परिपाटीको समेत विरोध गरिएको छ । धर्म नै सच्चा प्रेमको पर्खाल बन्न नसक्ने तर्क पनि पेस गरिएको छ ।

इन्दिरा प्रसाईका उपन्यासमा नारीमाथि गरिने घरेलु हिंसा, विवाहित नारीको सहमतिबिना नारीमाथि पुरुषले गर्ने यौनशोषण, बलात्कार आदिको विरोध गरिएको छ । नारीलाई कठपुतली बनाउने, मनोरञ्जनका साधन ठान्ने र नारीका इच्छाविपरीत शारीरिक सम्बन्ध राखेर पुरुषत्वको हुङ्कार गर्ने पितृसत्तात्मक सोच बोकेका पुरुषप्रति आक्रोश प्रकट गरिएको छ । प्रसाईका उपन्यासमा आर्थिक रूपले सक्षम नारीहरू आफूखुसी निर्णय गर्न र पुरुषसँग समान रूपमा हातेमालो गर्न सक्ने हुन्छन् भन्ने तथ्यलाई प्रस्तुत गरिएको छ । अस्तित्ववादी नारीवादीले भनेझैँ वर्गीयताका कारणले नारीहरूको उत्पीडन फरकफरक हुने तथ्यलाई समेत प्रस्तुत गरिएको छ । यस क्रममा वर्गीय हिसाबले उत्पीडनमा परेका निम्न वर्गीय नारीहरू पितृसत्तात्मक व्यवस्थाका कारणसमेत दमनमा पर्दा दोहोरो शोषणमा परेको र त्यसका विरुद्धमा नारी स्वयम्मा चेतना जागृत भइसकेको सन्दर्भ अभिव्यक्त गरिएको छ । उनका उपन्यासमा नारी र नारीबीचको

समलिङ्गी प्रेमसम्बन्ध तथा वैवाहिक सम्बन्धको वकालत गरी आधुनिक नारीहरूले नारीअस्तित्वको रक्षाका लागि यस किसिमको सम्बन्धलाई उत्तम विकल्पका रूपमा लिने गरेको तथ्य उजागर गरिएको छ । यसरी प्रसाईका उपन्यासमा नारीविभेदप्रतिको प्रतिरोधी चेतनालाई नारीपात्रकै विचार, क्रियाकलाप एवम् स्वभावका माध्यमबाट प्रस्तुत गरी नारीअस्तित्वको माग गरिएको हुनाले अस्तित्ववादी नारीवादी चेतना प्रबल बनेको छ ।

परिच्छेद : चार

# निष्कर्ष र मूल्याङ्कन

### ४.१ निष्कर्ष

नारीअस्तित्व नारीका पहिचान, मूल्य तथा समानता र स्वतन्त्रताका विषयसम्बद्ध पक्ष हो । पितृसत्तात्मक समाजमा नारी र पुरुषबीच गरिने विभेद र फरक भूमिका तथा मूल्यको विरोध गर्दै नारीअस्तित्वको रक्षाका लागि विभिन्न कालखण्डमा नारीआन्दोलन हुँदै आएका छन् । तिनले सैद्धान्तिक रूप धारण गर्ने क्रममा नारीवादका नामबाट परिचित हुन पुगेको छ । यसले पितृसत्तात्मक व्यवस्थाका कारण बनेका विभेदकारी नीति तथा दृष्टिकोणका विरुद्धमा धावा बोल्दै नारीलाई स्वतन्त्र मानवका रूपमा पुरुषसमान हैसियतमा बाँच्न पाउनुपर्ने र अधिकारको सुनिश्चितता हुनुपर्ने तर्क अघि सार्दछ । नारीको अस्तित्व र पहिचानको खोजी गर्दै नारीसमानता र स्वतन्त्रता वकालत गर्ने नारीवादी आन्दोलन राजनीतिक क्षेत्रबाट सुरु भएर साहित्य तथा समालोचनाका क्षेत्रमा स्थापित भएको हो । यस सिद्धान्तको प्रभाव नेपाली साहित्य तथा समालोचनामा पनि परिसकेको छ । यसका अनेक शाखा तथा उपशाखाको विस्तार भइसकेको सन्दर्भमा सिमोन द बुभाको ‘द सेकन्ड सेक्स’ वा ‘महिला’ शीर्षकको पुस्तकबाट अस्तित्ववादी नारीवादी धारको विकास हुन पुगेको देखिन्छ । यसले विशेष गरी नारीलाई पुरुषसमान दर्जा नदिएर अन्याका रूपमा हेरिने

पितृसत्तात्मक व्यवस्थाको विरोध गर्दछ । नारीको पहिचान एवम् वैयक्तिक अधिकारका पक्षमा वकालत गर्ने अस्तित्ववादी नारीवादले हरेक तवरबाट नारीहरू स्वतन्त्र हुनुपर्ने र लैङ्गिक आधारमा भिन्न भएकै कारणले गरिने असमान व्यवहारबाट मुक्त हुनुपर्ने तथ्यको पक्षधरता अँगाल्दै नारीअस्तित्वको जगेर्नामा विशेष जोड दिएको छ । नारीमाथि हुने विभेदप्रतिको प्रतिरोधी चेतना तथा नारीपहिचानको खोजीप्रतिको चेतनालाई अस्तित्ववादी नारीवादले प्राथमिकताका साथ हेर्ने गर्दछ । तसर्थ यस किसिमका चेतना प्रस्तुत गरिएका कृतिलाई अस्तित्ववादी नारीवादी कृतिका रूपमा निरूपण गर्न सकिने भएकाले पितृसत्तात्मक विभेदको विरोध गरी नारीपहिचानको खोजीमा केन्द्रित भएका प्रसाईका उपन्यासलाई सोही अवधारणाका आधारमा विश्लेषण गरिएको छ ।

इन्दिरा प्रसाईका उपन्यासमा पाइने नारीपहिचानप्रतिको चेतनामा नारीका वैयक्तिक स्वतन्त्रताप्रतिको चेतना सशक्त बनेको छ । यस प्रवृत्तिको आधिक्यपछि क्रमशः नारीका अधिकारप्रतिको चेतना, नारीपहिचान तथा अस्तित्वप्रतिको चेतना, प्रेम, विवाह तथा सम्बन्धविच्छेदसम्बन्धी अधिकारप्रतिको नारीचेतनाका साथै यौन तथा प्रजननसम्बन्धी नारीचेतना प्रबल बनेका छन् । प्रसाईका उपन्यासमा पाइने नारीविभेदप्रतिको प्रतिरोधी चेतनामा पितृसत्तात्मक विभेदप्रतिको प्रतिरोधी चेतना प्रबल बनेको छ । तत्पश्चात् लैङ्गिक विभेदप्रतिको प्रतिरोधी नारीचेतना, पारिवारिक एवम् सामाजिक विभेदप्रतिको प्रतिरोधी नारीचेतना, धार्मिक तथा सांस्कृतिक विभेदप्रतिको प्रतिरोधी नारीचेतना, यौनशोषणप्रतिको प्रतिरोधी नारीचेतना, आर्थिक एवम् राजनीतिक विभेदप्रतिको प्रतिरोधी नारीचेतना, वर्गीयविभेदप्रतिको नारीचेतना, विषमलिङ्गी वैवाहिक सम्बन्धको विरोध र समलैङ्गिक सम्बन्धप्रतिको आकर्षणसम्बन्धी नारीचेतना सशक्त बनेका छन् ।

इन्दिरा प्रसाईका उपन्यासमा प्रस्तुत नारीअस्तित्वप्रतिको चेतना र विभेदप्रतिको प्रतिरोधी चेतनाले सिमोन द बुभाले भनेझैँ अस्तित्ववादी नारीवादी प्रवृत्तिलाई आत्मसात् गरेका हुनाले नारीवादी प्रवृत्तियुक्त बन्न पुगेका छन् । नारीवादी चेतनाका हिसाबले इन्दिरा प्रसाईका उपन्यासहरू सशक्त छन् । औपन्यासिक कलाका माध्यमबाट नेपाली समाजमा नारीचेतनाको जागृतिका लागि यी उपन्यासहरू उपयोगी र महत्त्वपूर्ण देखिन्छन् ।

## ४.२ **मूल्याङ्कन**

शक्तिवल्लभ अर्यालको 'महाभारत विराट पर्व' (१८२७) बाट बीजारोपण भएको नेपाली उपन्यासपरम्पराको विकासमा विभिन्न उपन्यासकारहरूको उल्लेखनीय योगदान रहेको छ । प्राथमिक, माध्यमिक, आधुनिक तथा उत्तरआधुनिक कालखण्डमा प्रवेश गरिसकेको नेपाली उपन्यासपरम्पराले साहित्यका अन्य विधाका तुलनामा पठनीय र बढी आकर्षक विधाका रूपमा आफूलाई लोकप्रिय बनाइसकेको छ । वर्तमान समयमा नेपाली उपन्यासको विकासमा सक्रिय रूपमा सहभागी भएर पुरुषस्रष्टासँगै हातेमालो गर्दै नारीस्रष्टाको समेत सशक्त कलम चल्न थालेको छ । पारिजात, गीता केशरी, पद्मावती सिंह, इन्दिरा प्रसाई, नीलम कार्की निहारिका, शारदा शर्मा आदि नेपाली नारीस्रष्टाहरूले पितृसत्तात्मक समाजमा नारीले भोग्नुपरेका लैङ्गिक विभेद र त्यसका विरुद्धमा नारीमा जागृत चेतनालाई विषय बनाएर उपन्यास लेखेका छन् । विश्वसाहित्यमा देखा परेका नारीका उत्पीडनभन्दा अझै धरापमा रहेका नेपाली नारीका सङ्घर्षका कथालाई टिपेर नारी र पुरुषको समान सहभागिता तथा सहअस्तित्वमा जोड दिने उद्देश्य बोकेर लेखिएका प्रसाईका उपन्यासले समभाव तथा समतामूलक समाजको निर्माणमा मार्गदर्शन गर्ने भएकाले नेपाली उपन्यासपरम्परामा उनको उपस्थिति उल्लेखनीय देखिन्छ ।

कुनै पनि विषयमा सीधै दिइएका उपदेशभन्दा कलात्मक तवरले मनोरञ्जनका साथ दिइने शिक्षा बढी प्रभावकारी हुन्छ । कलात्मक सौन्दर्यभित्र पाठकले थाहै नपाई नारीसमानता, अधिकार र अस्तित्वसम्बन्धी अवधारणा प्रसाईका उपन्यासले अनुभूत गराइदिन्छ । उनका उपन्यासले समथर भूभागमा बगेको नदीको प्रवाहमा पाठकलाई बगाएर मानसिक रापमा शीतलताको अनुभूति गराइदिन्छ । विषयवस्तुको झङ्कारमा पौडिएका पाठकका तरङ्गलाई पृथक् शैलीमा डुबाएर सहअस्तित्वको मोती टिप्न लोभ्याउनु प्रसाईको कलात्मक चतुऱ्याइँ हो । 'रनमाया', 'विश्वामित्र', 'शिखा' एवम् 'उसको लोग्ने र बिरालो'का नारीपात्रहरू नेपाली समाजकै यथार्थ पात्र हुँदाहुँदै पनि तत्कालीन पितृसत्तात्मक व्यवस्थाभित्र सीमान्तमा परेका नारीहरूको केन्द्रीय भूमिका र नारीकै विषयलाई प्राथमिकतामा राखेर लेखिनु एकातिर कलमी क्रान्ति हो भने अर्कातिर ती नारीहरू जुझारु, आत्मनिर्भर, निडर, साहसी देखिनु पितृसत्ताप्रतिकै चुनौती पनि हो । यसर्थ उनका उपन्यासले नारीहरूलाई पुरुषविरोधी, उग्र, झगडालु बनाउनुभन्दा भद्र, शालीन एवम् जस्तोसुकै परिस्थितिमा पनि सम्हालिएर निर्णय गर्न सक्ने खालका आत्मनिर्भर र अस्तित्वप्रति सजग बनाउन सकेको छ । यसरी नेपाली उपन्यासपरम्परामा प्रसाईका उपन्यासले सामाजिक यथार्थका धरातलमा मनोविज्ञानका सूक्ष्म औजारले नारीअस्तित्व बीज रोपेको छ । यसले झाँगिएर फुल्ने र फल्ने अवसर पाउने जिम्मा भने पाठकमा छाडेको छ । आगामी दिनमा पनि नारीकलमद्वारा नारीभावलाई स्वच्छन्द रूपमा समेटेर पितृसत्तात्मक नेपाली समाजमा व्यावहारिक परिवर्तनतर्फ दिशानिर्देश गर्दै नारीपहिचान र अस्तित्वको रक्षातर्फको यात्रामा दरिला पाइला टेकाउने भूमिकाको अपेक्षा प्रसाईउपर उत्तिकै छ ।

# सन्दर्भसूची


अनामिका (सन् २००१), स्त्रीत्व का मानचित्र, दिल्ली : सारांश प्रकाशन प्रा.लि. ।

अब्राम्स, एम.एच. र जिओफ्रे गाल्ट हर्फाम (२००९), अ ह्यान्डबुक अफ लिटरेरी टर्म, नयाँ दिल्ली : सेनगेज लर्निङ इन्डिया प्रा.लि. ।

अर्याल, अम्बिका (२०६९), नारीवादी सिद्धान्त र औपन्यासिक विश्लेषण, काठमाडौँ : जीवन श्रेष्ठ ।

अर्याल, अम्बिका (२०७९), नारीवाद र नारीस्रष्टाका उपन्यास, काठमाडौँ : पैरवी बुक हाउस प्रा.लि. ।

आप्टे, वामन शिवराम (सन् १९६६), संस्कृत-हिन्दी कोश, बनारस : मोतीलाल बनारसीदास ।

इस्सर, देवेंद्र (सन् २००९), स्त्री मुक्ति के प्रश्न, शास्त्रीनगर : संवाद प्रकाशन ।

उल्फ, भर्जिनिया (सन् १९२९), अ रुम अफ वन्स अन, लन्डन : होगार्थ ।

उल्स्टोनक्राफट, मेरी (सन् २००९), ए भिन्डिकेसन अफ द राइट्स अफ उमन, न्युयोर्क : डब्लु.डब्लु नोर्टन एन्ड को, सन् १९८८, माइक्रोसफट इन्कार्टा ।

एङ्गेल्स, फ्रेडरिक (सन् १९७२), द ओरिजिन अफ द फ्यामिली, प्राइभेट प्रोपर्टी एन्ड द स्टेट, न्युयोर्क : इन्टरनेसनल पब्लिसर्स ।

एपिग्नान्सी, रिचार्ड (सन् १९९९), फेमिनिज्म, सम्पा. यु.के.: आइकन बुक्स लिमिटेड ।

क्रिस्टाइन एल, क्विनन/Christine L. Quinan (सन् 2016), Feminism, Existential, The Wiley Blackwell Encyclopedia of Gender and Sexuality Studies, Onlinelibrary.wiley.com, 8th August 2022.

खन्ना, मधु (२००९), 'पुरुष समाज और महिला लेखन', स्त्री विमर्श : विविध पहलू (सम्पा.), कल्पना बर्मा, इलाहावाद : लोकभारती प्रकाशन, पृ.२५४ ।

गौतम, कृष्ण (२०५९), आधुनिक आलोचना अनेक रूप अनेक पठन, दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

गौतम, कृष्ण (२०६७), उत्तरआधुनिक संवाद, काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

जेटकिन, क्लारा (२०६५), महिलाहरूको मुक्तिको बारेमा, अनु. रमेश सुनुवार, चौथो संस्करण, काठमाडौँ : प्रगति पुस्तक सदन ।

टङ, रोसम्यारी (सन् १९८९), फेमिनिस्ट थट, वेस्ट भ्यु प्रेस : यु.एस.ए. ।

डिक्सनरी डट कम (२०७९), http://www.dictionary.com, (हेरेको मिति २०७९ माघ ११) ।

त्रिपाठी, सुधा (२०६९), नारीवादी सौन्दर्य चिन्तन, काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

तुम्बाहाङफे, शिवमाया (२०६६), नेपालमा महिला आन्दोलन, विराटनगर : वाणी प्रकाशन ।

पराजुली, कमला (२०५९), नेपालमा नारीवाद, काठमाडौँ : बुधबार प्रकाशन ।

पाण्डे, ज्ञानू (२०६९), नेपाली उपन्यासमा लैङ्गिकता, काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), नेपाली उपन्यास र उपन्यासकार, चौथो संस्करण, ललितपुर : साझा प्रकाशन ।

प्रभात, विष्णु (२०५३), मातृत्व, दोस्रो संस्करण, काठमाडौँ : कल्पवृक्ष प्रकाशन ।
प्रश्रित, मोदनाथ (२०६६), नारी बन्धन र मुक्ति, छैटौँ संस्करण, काठमाडौँ : एसिया पब्लिकेसन्स प्रा.लि. ।
प्रसाई, इन्दिरा (२०५४), विश्वामित्र, काठमाडौँ : पिलग्रिम्स बुक हाउस ।
प्रसाई, इन्दिरा (२०५८), रनमाया, काठमाडौँ : नइ प्रकाशन ।
प्रसाई, इन्दिरा (२०५९), शिखा, काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।
प्रसाई, इन्दिरा (२०६०), उसको लोग्ने र बिरालो, काठमाडौँ : नइ प्रकाशन ।
प्रसाई, नरेन्द्रराज (२०६३), नारीचुली, काठमाडौँ : नइ प्रकाशन ।
बर्मा, कल्पना (सन् २००९), स्त्री विमर्श : विविध पहलू, सम्पा. इलाहावाद : लोकभारती प्रकाशन ।
बुभा, सिमोन द (?), द सेकेन्ड सेक्स (महिला), अनु. रमेश सुनुवार. काठमाडौँ : प्रगति पुस्तक सदन ।
माइक्रोसफट इन्कार्टा (सन् २००७), फेमिनिज्म, [DVD]. Redmond, WA: Microsoft Corporation 2008, (हेरेको मिति २०७९ माघ ११) ।
रिड, एभलिन (२०६०), महिला मुक्ति आन्दोलनका सम्बन्धमा, अनु. मुरारी अर्याल, तेस्रो संस्करण, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।
लज, डेभिड (सन् १९८८), मोर्डन क्रिटिसिज्म एन्ड थेउरी, सम्पा. लन्डन : लङम्यान ।
लुइटेल, लीला (२०६८), नेपाली महिला उपन्यासकार, ललितपुर : साझा प्रकाशन ।
सुवेदी, राजेन्द्र (२०६८), नेपाली उपन्यास : परम्परा र प्रवृत्ति, दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।
सेल्डन रमन र अन्य (सन् २००६), अ रिडर्स गाइड टु कन्टेम्पोररी लिटरेरी थेउरी, पाँचौँ संस्क., इन्डिया : डार्लिङ किन्डर्ली प्राइभेट लिमिटेड ।



# इन्दिरा प्रसाई

**(संक्षिप्त परिचय)**

**बुबा** : गणेशप्रसाद शर्मा (१९९०–२०४६)
**आमा** : दुर्गादेवी नेपाल (१९९५–२०८०)
**जन्म** : २०१४ साल फागुन ३ गते (दार्जिलिङ, भारत)
**शिक्षा** : एमबिए

**कृति**

५७ पुस्तक (कथा, कविता, उपन्यास, जीवनीमूलक निबन्ध, समीक्षा, सम्पादन)

**विभूषण**

- गद्दीआरोहण रजत पदक (२०५३)
- वीरेन्द्रऐश्वर्य सेवा पदक (२०५८)
- प्रबल गोरखा दक्षिणबाहु (२०५९)

**पुरस्कार**

- युवावर्ष मोती पुरस्कार (२०५१)
- मैनाली कथा पुरस्कार (२०५२)
- राष्ट्रिय प्रतिभा पुरस्कार (२०५३)
- राष्ट्रिय गौरव युवासम्मान (२०५३)
- भद्र घले पुरस्कार (२०६४)
- देरुनीख पुरस्कार (२०६७)
- दीपज्योति पुरस्कार (२०६७)
- भानुभक्त प्रज्ञापुरस्कार (२०७१)
- भानुभक्त स्वर्णपदक (२०७१)

• भारती खरेल पुरस्कार (२०७३)
• चन्द्रबहादुर गुरुङ पुरस्कार (२०७५)
• धनमान लघु कथा पुरस्कार (२०७६)
• वासुशशि पुरस्कार (२०७७)

(२०७८ सालदेखि नेपाली भाषासाहित्यका कुनै पनि पुरस्कार ग्रहण नगर्ने निर्णय)

**भ्रमण** : नेपालका विभिन्न जिल्ला तथा भारत, द.कोरिया, बेलायत र अमेरिका

**परिकल्पना तथा प्रबन्धन**

• बालकृष्ण सम शताब्दी महोत्सव (२०५९)
• डा.माधवप्रसाद घिमिरेलाई राष्ट्रकविको उपाधि (२०६०)
• देवकोटा शताब्दी महोत्सव (२०६५)
• अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन (२०६६)
• विश्वनारी नेपाली साहित्य सम्मेलन (२०७१)
• भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति (नेपाल सरकार : २०७१)
• डा.वानीरा गिरीलाई नेपाली साहित्य विश्व नारी रत्नको उपाधि (२०७१)
• डा.सत्यमोहन जोशीलाई वाङ्मय शताब्दी पुरुषको उपाधि (२०७४)
• प्रा.डा.वासुदेव त्रिपाठीलाई महासमालोचकको उपाधि (२०७७) आदि;

**संस्थापक तथा कुलपति**

• नइ प्रकाशन (२०५२)

**संस्थापक तथा अध्यक्ष**

• त्रिमूर्ति निकेतन (२०५९)
• वानीरा फाउन्डेसन (२०७६)

**प्राध्यापन**

• महेन्द्र मोरङ बहुमुखी क्याम्पस, विराटनगर (२०४७–२०५१)
• पद्मकन्या बहुमुखी क्याम्पस, काठमाडौँ (२०५४–२०५५)
• पशुपति बहुमुखी क्याम्पस, काठमाडौँ (२०५५–२०७०)

**कार्यकारी अध्यक्ष** : गोरखापत्र संस्थान (२०६१)

**सल्लाहकार** : श्री ५ को सरकार (२०६१)

**कार्यकारी उपाध्यक्ष** : आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समिति (नेपाल सरकार : २०७१–२०७२)

**कृति**

**कथासङ्ग्रह**

१. मन सायद उघ्रँदैन (२०५१)
२. बयान (२०५५)
३. दोस्रो सत्ता (२०६२)
४. मेरो कथा नलेखिदिनू (२०७४)
५. बघेनी (२०७९)

**उपन्यास**

१. विश्वामित्र (२०५५)
२. रनमाया (२०५८)
३. शिखा (२०५९)
४. उसको लोग्ने र बिरालो (२०६०)

**कवितासङ्ग्रह**

१. वायुपङ्खी घोडा (२०५७)
२. तिमी हुनुको (लामो कविता : २०५७)
३. नेपाल न्युज डट कम (२०५९)
४. माल्दाइलाई चिठी (२०६१)
५. ए समुद्र ! (लामो कविता : २०६३)
६. शारदा (लामो कविता : २०६९)
७. धिपधिप (अर्ग्यानिक कवितासङ्ग्रह : २०७७)

**खण्डकाव्य**

१. हरिमाया (२०७४)

**समीक्षात्मकपत्र निबन्ध**

१. प्रिय नरेन्द्र (२०६१)

**जीवनीमूलक निबन्ध**

१. मेरी सासू (२०६५)
२. भागीरथा प्रसाईको निर्वाण (२०६९)

**समीक्षा**

१. उषा शेरचनको शङ्खघोष (२०७२)

**अनुवाद**

१. मेरा जीवन : मेरी कहानी (२०५४) नेपाली भाषाबाट हिन्दी भाषा

**सम्पादन**

१. त्रिमूर्ति निकेतन (२०६०)
२. देवकोटाको राष्ट्रिय चिन्तन (२०६६)
३. देवकोटा शताब्दी कविता (२०६६)
४. बगेको खोला (लेखक : दुर्गादिवी नेपाल : २०७२)
५. नरेन्द्रराज प्रसाईकृत भानुजीवनी : मूल्य र मान्यता (२०७३)

**नरेन्द्रराज प्रसाईसँगको लेखन**

१. विश्व नारी नेपाली स्रष्टाकोश (जीवनी : २०७१)

**नरेन्द्रराज प्रसाईसँगको सम्पादन**

१. भारती खरेल : सिर्जना र समीक्षा (२०५२)
२. पौरखी पुरुष (२०५२)
३. एउटा अमर प्राज्ञ : बालकृष्ण सम (२०५४)
४. रुद्रराज पाण्डे : सृष्टि र दृष्टि (२०५४)
५. गणेश गुरु : साधनादेखि समाधिसम्म (२०५४)
६. भूपाल अर्चना (२०५५)
७. उकाली ओरालीहरूमा तारादेवी (२०५६)
८. ईश्वर बराल : कृति र कीर्ति (२०५७)
९. श्री ५ वीरेन्द्रको बहुआयामिक व्यक्तित्व (२०५७)
१०. सङ्गीत शिरोभूषण : नातिकाजी (२०५८)
११. ईश्वरवल्लभ : आयाम र आकृति (२०५९)
१२. कमल दीक्षित : कालो अक्षरदेखि सग्लो अक्षरसम्म (२०६०)
१३. मिश्रका कृति : कविका दृष्टि (२०६०)
१४. शरदचन्द्र भट्टराईको इतिवृत्त (२०६२)
१५. नेपाली साहित्यको अन्तर्राष्ट्रिय विस्तार (२०६७)
१६. विश्वनारी नेपाली साहित्यको रेखाङ्कन (२०७१)
१७. चौध अञ्चलमा नारी साहित्य (२०७१)
१८. वानीरा गिरीको कृतिस्तम्भ (२०७१)
१९. कवितामा वानीरा (२०७१)

२०. विश्वनारी नेपाली साहित्यको समीक्षा (२०७२)

२१. अविश्रान्त साधक : घटराज भट्टराई (२०७४)

२२. कवितामा घटराज भट्टराई (२०७४)

२३. राष्ट्रकविको सय वर्ष (२०७६)

**प्रा.डा.महादेव अवस्थीसँगको सम्पादन**

१. भानुभक्त दुई सय वर्ष (२०७२)

**अङ्ग्रेजी र अन्य भाषा**

1. The Husband & The Cat (A Noble, Translation by Brazesh Khanal : 2005)
2. Ranamaya (A Novel, Translation by keshab Sigdel : 2017)
3. Being of You (Long Poem, Translation by Mohan Sitaula : 2017)
4. Do Not Inscribe My Story Please (Short Story, Translation by Durga Banwasi : 2019)

५. उसको लोग्ने र बिरालो (उपन्यास, अरबिक भाषा सन् २०१० : इजिप्ट सरकारको संस्कृति मन्त्रालयबाट प्रकाशित पहिलो नेपाली साहित्य)

**इन्दिरा प्रसाईबारे लेखिएका कृति**

**प्रा.राजेन्द्र सुवेदी**

१. आख्यानकार इन्दिरा प्रसाई : सिर्जना र दृष्टि (२०७८)

**डा.अम्बिका अर्याल**

२. नारीअस्तित्व र इन्दिरा प्रसाईका उपन्यास (२०८१)

**इन्दिरा प्रसाईविषयक त्रिभुवन विश्वविद्यालयमा एमए शोधपत्र**

- सुरेन्द्र भट्टराई : इन्दिरा प्रसाईको व्यक्तित्व र कृतित्व (२०५५)
- शीतला काफ्ले : उपन्यासकार इन्दिरा प्रसाई (२०६७)
- सुभद्रा सापकोटा : 'रनमाया' उपन्यासमा विधातात्त्विक अध्ययन (२०७६)
- शशिकला रोकाहा : 'उसको लोग्ने र बिरालो' उपन्यासमा पात्रविधान (२०७७)
- रञ्जिता दाहाल : 'उसको लोग्ने र बिरालो'को विधातात्त्विक अध्ययन (२०७९)